# संघीय संसद

# राष्ट्रिय सभा

# अठारौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ३ भदौ २०८२

# मङ्गलवार

# बैठक सङ्ख्या- ३९

राष्ट्रिय सभाको आजको बैठक सम्मानननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:१९ बजे प्रारम्भ भयो।

(१३:२० बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, "शून्य समय" मा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १/१ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य माननीय श्री नरबहादुर बिष्ट।

(१३:२० बजे) माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, आजभोलि यो हाम्रो काठमाडौं उपत्यकामा पानीको हाहाकार छ। जहाँ चाहिँ राष्ट्रिय गौरवको आयोजना मेलम्चीबाट पानी आएको पनि दुई तीन वर्ष भइसक्यो। तर दुर्भाग्य या के हुँदो रहेछ भन्ने कुराहरू असार साउन भदौमा मूल फुट्ने समयमा काठमाडौं खानेपानी आयोजना र सरकार अथवा संघीय सरकारको मिलेमतोमा त्यो पानी बन्द गर्ने गरिँदो रहेछ। र अहिले चाहिँ

तपाईंको सहरभरि चाहिँ तपाईको पानीका ट्यांकीहरू घरघरमा जाने र त्यो एक दिनमा एउटा घरमा कम्तीमा दुईटा, तीनटा ट्यांकीहरू जान्छ। ट्यांकरको मूल्य १२०० पर्दोरहेछ खानेपानीको। जो चाहि खानेपानी नेपालको मौलिक संविधानले मौलिक अधिकारभित्र दिएको छ। त्यो खानेपानी आयोजना अहिलेसम्म सम्पन्न भएको छैन। म सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

(१३:२१ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य नारायण दत्त मिश्र।

(१३:२१ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, धानले युरिया मल खोजेको बेला देशमा मलको अभाव देखिएको छ। अनुदान कृषकलाई दिनुपर्छ र मल खुला बजारमा ल्याउनुपर्छ। जबसम्म कृषि सामग्री कम्पनी र साल्ट ट्रेडिङको एकाधिकारमा अनुदान दिएर मल बिक्री हुनेछ तबसम्म दलालसँग मिलेका कर्मचारीहरूलाई मल किन्न सम्झौता गर्नेहरूबाट अनियमितता भइरहनेछ। साथै कृषकले मलको अभावमा उत्पादन वृद्धि गर्न नसकने र देशले आयात गरिरहनुपर्ने अवस्था विद्यमान रहनेछ। तीज पर्वलाई दशैंजस्तो लामी पर्व र दिनहुँ दर खाने आफ्ना कार्यालयहरूलाई समेत दण्ड सजाय गराउने, कार्यालयमा महिला कर्मचारीहरू कम समय बस्ने प्रथाको अन्त्य गरी दर खान तोकिएको दिनलाई मात्र प्रयोग गरी विकृति, विसङ्गति हुन नदिउ, स्वनियममा नदिउ बसौं। विषाठ मदिरा सेवनबाट कुवेतमा मृत्यु भएका नेपालीको सङ्ख्या ११ पुगेको छ र अस्पताल भर्ना भएकाहरू धेरै छन्। मृतक प्रति हार्दिक श्रद्धाञ्जली र शीघ्र स्वास्थ्य लाभको धन्यवाद।

(१३:२२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य भुवन बहादुर सुनार।

(१३:२२ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, गत श्रावण २७ गते बाजुरा जिल्लाको चुहाडी खोलाको वृत्तण्डाले तल गाउँका ११ घर बगाएको छ र १३ घर क्षतिग्रस्त भएको भन्ने छ। गाई, बाख्रा लगायतका पशुपन्क्षी बेपत्ता

भएको भन्ने छ। १५०० जना मानिसहरू प्रभावित भएको र त्यहाँको अवस्था के छ? सत्य, तथ्य सदनलाई जानकारीको लागि गृहमन्त्रीसँग माग गर्दछु।

(१३:२३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य मदनकुमारी शाह (गरिमा)।

(१३:२३ बजे) <u>माननीय श्री मदन कुमारी शाह"गरिमा"(नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, १० कक्षामा पढ्ने विद्यार्थीहरू परीक्षाका लागि एसईईको फर्म भरिरहेका छन्। बाबुआमा नभएका करिब २५ हजार विद्यार्थीहरूको जन्मदर्ताको प्रमाणपत्र नभएका कारण फर्म भर्न रोकिएको भन्ने छ। जन्मदर्ता नभएकै कारण शिक्षा आर्जन गर्न पाउने मौलिक हक हनन् गर्नु राज्य अपराध हो। यसको सत्य, तथ्य के हो? सभालाई जानकारी गराउन तथा त्यस्ता विद्यार्थीहरूको एसईईको फर्म भर्ने व्यवस्था मिलाउन सम्माननीय अध्यक्षज्यू मार्फत् माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीज्यूसँग जोडदार माग गर्दछु। धन्यवाद।

(१३:२४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य युवराज शर्मा।

(१३:२४ बजे) <u>माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)</u>:- सम्मानीय अध्यक्षज्यू, विगत १०-१२ वर्षदेखि अहिलेसम्म नेपालमा कृषि योग्य भूमिको क्षेत्रफल घट्दै गएको देखिन्छ। बढ्दो सहरीकरण, घरजग्गाको कारोबार, कृषियोग्य जमिनको प्लटिङ, गाउँघरमा समेत बस्ती विस्तार र बसाईसराई इत्यादि यसका प्रमुख कारणहरू हुन्। यी समस्यालाई हल नगरी खाद्यान्नमा आत्मनिर्भर हुने कुरा एउटा सपनामा मात्र सीमित हुनेछ। तत्काललाई सरकारले मलखादमा अनुदान रकम केही घटाएर भएपनि आपूर्ति सहज बनाउनु पर्दछ। त्यस्तै, खाद्यान्यको समर्थन मूल्य अझ बढाउनु पर्दछ र गरिबीको रेखामुनि रहेका नागरिकहरूलाई रासन कार्ड प्रदान गरी सस्तोमा कोटाको खाद्यान्न उपलब्ध गराउनु पर्दछ। सम्माननीय अध्यक्षज्यू, भारतको खुल्ला बजारमा चामल हाम्रो देशको भन्दा एक हजार रुपैया प्रति क्विन्टल सस्तो पर्दछ किन भन्ने कुरा सरकारले कहिले बुझ्ने? उद्योगको उत्पादनको मुनाफा कति प्रतिशत छ किन बढी छ? भन्ने कुरामा अध्यक्षज्यू मार्फत सरकारको ध्यानाकर्षण गराउन

चाहन्छु। र कृत्रिम महङ्गी नियन्त्रणको माग समेत गर्दछु। रौतहटको गौरमा घटेको घटना सम्बन्धमा लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न समेत सरकारलाई आग्रह गर्दछु। धन्यवाद।

(१३:२५ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:२५ बजे) <u>माननीय श्री राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>ः- सम्माननीय अध्यक्षज्यू, महिलाहरूको महान चाड, २०८२ को हरितालिका तीजको हामी सँघारमा छौं। देशविदेश जहाँसुकै रहनुहुने दिदीबहिनीहरूलाई म शुभकामना त भन्न चाहन्छु। र हामीले राजनीति जीवनको यात्रा गर्दा महिलाहरूको बीचमा "सिरैमा बाँधेको रेसमको रिबन, साह्रै कठोर दिदीबहिनी भयो जीवन" गीत गाउँथ्यौ। आज पनि दिदीबहिनीहरूको जीवन साह्रै कठोर, साह्रै अप्ठ्यारो भोगिरहेको सुनिरहेको हामीले सुनिरहेका छौं। यति मात्रै होइन विपिन जोशीको आमा र बहिनी आफ्नो दाइ र छोरालाई खोज्न विदेशको त्यो मुलुकमा गएर सारा मान्छेहरूसँग हारगुहार गरिरहनु भएको छ, सरकारको तर्फबाट देश (...... समय सकिएको।)

(१३:२६ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१३:२६ बजे) <u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, झण्डै दुईतिहाइ बहुमतको सरकारले यतिबेला राज्यका सम्पूर्ण संयन्त्रहरू माथि कब्जा जमाएर राज्य आतङ्क टेरर (Terror) फैलाउन खोजेको हामीलाई आभास भएको छ। केही समय अगाडि संविधान निकायका पदाधिकारीहरूको सम्बन्धमा परेको एउटा मुद्दामा सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीशज्यू समेत अल्पमत रहनेगरी एउटा फैसला आएको थियो र न्याय क्षेत्रमा एउटा मजाक सृजना भएको थियो। यसैगरी पुरुषहरूलाई बहुविवाह गर्न पाउने अधिकारको एउटा हास्यास्पद एउटा विधेयकको, एउटा कानूनको कुरा पनि अगाडि आएको थियो। जसलाई त्यो व्यवस्था विरोधी हामी सबैले विरोध गऱ्यो र त्यो यतिबेला ओझल परेको छ जस्तो लाग्छ। यतिनै बेला प्रतिनिधिसभाका सम्मानीय उपसभामुखज्यूलाई महाभियोग लगाएर हटाउने भन्ने दुष्प्रयास भइरहेको

भन्ने हामीले चाहिँ सुनेका थियौं। त्यस्तो हो भने ठुलो विडम्बना हुनेछ। यी सबै राज्य आतङ्क फैलाउने कार्य बन्द गरियोस्। धन्यवाद।

(१३:२७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, "विशेष समय" मा बोल्नका लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको छ। अब म, माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। सर्वप्रथम माननीय सदस्य शारदा देवी भट्ट समय ७ मिनेट यसपछि माननीय सदस्य नरबहादुर बिष्ट।

(१३:२८ बजे) <u>माननीय श्री शारदा देवी भट्ट (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, यो आठारौं अधिवेशनमा समसामयिक विषयमा आफ्नो केही भनाइ राख्ने अनुमति चाहन्छु। अध्यक्ष महोदय, अहिले हाम्रो राज्यमा भइपरी आउने विपद्ले धनजनको ठूलै क्षति भएको छ। जनको पनि क्षति भएको छ। म अरू के नै गर्न सक्छु र ज्यान गुमाउनेलाई श्रद्धाञ्जली र सरकारले राहतको छिटो प्रबन्ध गरिदिन अनुरोध गर्दछु। अध्यक्ष महोदय, अहिले हाम्रो देशमा दुईटै सदनमा चर्चाको विषय भएको छ। अब पुरुषले दुईवटा विवाह गर्न पाउने कानुन ल्याउँदैछन् छिट्टै आउँदैछ आदि, इत्यादि। जो कि सम्माननीय प्रधानमन्त्रीज्यूले संसदको रोस्टमबाट बोलिसकनु भएको छ, यो झुठा कुरा हो। तैपनि हामीले सोच्नु पर्ने कुरा विधेयक कहाँबाट पास हुन्छ? भैंसीको गोठबाट पास हुनेत होइन। आउने दुईटै सदनमा हो। त्यही बेला प्रतिनिधिसभामा उपसभामुखज्यू, महिला मन्त्री र माननीयज्यू हुनुहुन्छ। राष्ट्रिय सभामा उपाध्यक्षज्यू हामी माननीय सबै छौं। के हामी यो विधेयक सजिलैसँग पास हुन दिन्छौ त। बल्ल-बल्ल ल्याएर बनाएको कानुन विधेयक यो म तभन्छु यो कुरा स्याल छुइयाँ हो, एक कान दुई कान मैदान मलाई भर लाग्दैन। कुनै आधार नभएको तथ्यविहीन कुरा हो। तथ्याहीन कुरा हो। हामी महिला आफैलाई कमजोर ठान्ने विजय साहसन बढाउने लैलैमा छोडौं। हामी कमजोर छैनौं।

अध्यक्ष महोदय, हाम्रो ठुलै पावर छ। हामी जगतकी जननि हूँ, संसारको रचियता हूं। हामी सबै महिला हामीसँग महिला हस्ती छन्। हाम्रा महिला सम्पत्ति छन्। हामीले पनि अहिलेसम्म महिला त्यसै हात बानेर बसेका हैनौ। हामीसँग राष्ट्रपति, सभामुख, मन्त्री, वैज्ञानिक, कवि, पर्वतारोही, न्यायाधीश, प्रधान न्यायाधीश, वकिल, डाक्टर, प्रिन्सिपल, शिक्षिका, ठूला पदमा महिला आसीन छन्। र मन्त्रालयका

प्रमुख सचिवमा समेत महिला चन्। यो कानुन पास हुन दिन्छन् त। तीनवटै सरकारका मुख्य पदमा महिला छन्। आफूलाई कमजोर नठान्नुस्। दिदीबहिनी नबिराउनुस्, नडराउनुस। भव्य, सभ्य, र स्वाभिमानी भएर बस्नुस्। सबै दिदीबहिनीहरूमा निवेदन गर्न चाहन्छु। अध्यक्ष महोदय, पुरूष पनि हाम्रा अभिभावक हुन्। बुवा, दाजुभाइ, श्रीमान, छोरा, विभिन्न नातामा बाँधिएका हुन्छन्। सबै हाम्रा पूज्यवान हुन्। पुरूष सबै खराब हुँदैनन्। महिला सबै राम्रा हुँदैनन्, भनाइ मेरो छ। यो एक्काइसौं शताब्दीमा पुरुष र महिला पढेलेखेका हुन्छ। सबै काम समझदारीमा गर्छन्। हामीलाई हड्बडाउनु पर्दैन गर्छन्। भनेपछि सबै पुरुष बुद्धिमान छन्, महिला पनि बुद्धिमान छन्। तर मलाई डर लाग्छ महिलाको। महिलाको विरोध गरेको होइन। महिलाको हित गर्ने मान्छे हु म। महिलाको डर लाग्छ। किनभने सौता भएर घरमा स्वास्नी हुन जाँदा सौता भएर दुःख दिने। सासु भएर, बुहारी भएर, देवरानी जेठानी भएर महिलाले महिलाकै खेदो खन्ने। छोरीको भ्रुण हत्या गर्ने, छोरीलाई नपढाउने, छोरालाई पढाउने छोराछोरीमा भेदभाव गर्ने अनेक नराम्रा बानीव्यहोरा महिलाले त्याग्नुपर्दछ। पुरुषले दोस्रो विवाह कहाँबाट गर्छन्? कहाँबाट गर्ने हुन्, तपाईं महिला दिदीबहिनी छोराछोरी भएकोसँग विवाह नगर्नुस्। पुरुष विदेशबाट बिहे गर्ने होइन, विदेशी त कोहि आउने हैन। त्यसैले हामीले पनि नियम बनाउनुपर्छ। हामीले पनि अलिकति बुद्धिमान हुनुपर्छ। दिदीबहिनीले नखाने कुरा नखानुस्। नबोल्ने शब्द नबोल्नुस्। नलाउने लुगा नलाउनुस्। न गाउने गीत नगाउनुस्। आफ्नो वेटमा बसेर हामीले स्वयं भव्य, योग्य, सभ्य भएर हामीलाई कसैले आँखा लगाउन सक्दैन। हामीले पुरुषलाई विवाह दोस्रो गर्ने अवसर दिन्छौं भने हेपेर जे पनि गर्लान। छिटो मौका नदिऔं। हामी आफैबाट मौका दिने काम गर्छौं। त्यसो भएको हुनाले आखिरमा म के भन्न चाहन्छु भने अध्यक्ष महोदय, त्यति गर्दा पनि सुटुक्क विवाह गरेछन् र नियम, कानुन पास गरेछन् कहि बाट चोरे गरेछन् भने पनि हामी त्यति गर्दा पनि विहे गरेछन् भने मुद्दा लडौला। भएन भने मुद्दा हाल्न अन्तराष्ट्रिय अदालत जाऔंला। त्यति गर्दा पनि भएन भने हिन्दीमा एउटा कहावत छ। “दे दनादन दे” हैन त? “दे दनादन दे”। अध्यक्ष महोदय, अन्तमा, कञ्चनपुरका विद्यार्थी विपिन जोशीको हमासले अपहरण गरेर बन्धक बनाएको दुई वर्ष बितिसक्दा पनि उद्दार नहुनु दुःखको कुरा हो। उनको मरे बाँचेको थाहा छैन। अहिले उनको आमा बहिनी विदेशी भूमिमा गएर सबैका खुट्टा समाउदै रुदै हिडिरहेका छन्। देख्ने बेला मन रुन्छ। म सरकारसँग भन्न चाहन्छु। राज्य जनताको अभिभावक हो। हो भने कुटनैतिक तरिकाले सरकारले छिटो भन्दा छिटो उद्धारको पहल गर्नु सरकारसँग जोडदार माग गर्दछु। यो अवस्था आफ्नो हुने हो भने हामीलाई पर्ने हो भने सबैलाई कस्तो लाग्ला? विपिन Please सरकार। सरकार। Please. विपिनको रेस्क्युको सक्दो सहयोग गरौं। आखिरमा धन्यवाद। नमस्कार।

(१३:३५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य नरबहादुर बिष्ट समय ८ मिनेट यसपछि माननीय सदस्य कृष्णबहादुर रोकाय।

(१३:३५ बजे) <u>माननीय श्री नर बहादुर विष्ट (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय सभामुख अध्यक्ष महोदय, म आज केही समसामयिक विषयमा बोल्न गइराखेका छु। सम्माननीय अध्यक्ष महोदय, विपिन जोशीको आमा र बहिनी इजरायलमा आफ्नो छोरालाई उद्धारको लागि हारगुहार मागिराखेको अवस्थामा अहिले बेखर्ची भएर उहाँ अलपत्र परिराखेको बेलामा यो सरकार त्यसप्रतिको बेखबर छ। यसको मतलब के हुन्छ भनेपछि यो सरकार कुटनीतिक ढंगले फेल भएको प्रष्ट हुन्छ। कूटनीतिक पहलकदमी छैन। तर कूटनीतिक पहलकदमी कहाँ छ त यो सरकारको भन्दाखेरि मैले एउटा हिजो अस्ति मात्रै मैले एउटा अन्तर्वार्ता एउटा सहसचिव अन्तर्वार्ता मैले हेरे। जुन त्यो वाणिज्य विभागका महानिर्देशक कुमार दाहाल हुनुहुन्थ्यो। उहाँले के गर्नुभएछ भनेपछि वाणिज्य विभाग भनेको अनुगमन गर्ने हो। अनियमितताको नियन्त्रण गर्ने हो। जहाँ उहाँले चाहिँ तपाईंको निजी स्कुलहरूमा उहाँले निरीक्षण गर्नुभयो र निरीक्षण गरिसकेपछि २८-२९ वटा स्कुलको निरीक्षण गरिसकेपछि। एक कक्षाको १८ हजार देखि लिएर एक लाख ५० हजार सम्म फी लिने धरौटी पनि विद्यार्थीलाई धरौटी माग्न जाँदाखेरि पनि निजी विद्यालयहरूले त्यहाँ छिर्न नदिने स्थिति भइसकेपछि उहाँले केही कारबाही गर्न खोज्नुभयो। त्यसमा हाम्रो परराष्ट्र मन्त्रीज्यूको स्कुल पनि परेको छ। उहाँको स्कुल परिसकेपछि उहाँलाई वाणिज्य विभागबाट कारबाही गरेर अन्यत्र सार्ने काम भयो। यो पाँच महिनामा राज्यको मुख्य स्थायी सरकार जो छ। त्यो स्थायी सरकार भित्र पनि यति आतङ्क मच्चिएको छ कि ७२ जना सहसचिवहरू पाँच महिनामा सरुवा गरेर कामविहीन बनाएर राखेको र उहाँले चाहिँ तपाईको कुमार दाहालले पैसा दिन नमानेपछि ब्रिफकेश बोकेर दलालहरू, बिचौलियाहरूले अहिले चाहिँ तपाईंको सचिव, सहसचिवलाई सरुवाको आतङ्क मच्चाएको छ। यो एउटा राष्ट्रको शिर निहुरेको छ, निजामती कर्मचारीको शिर निहुरेको छ। कि निजामती कर्मचारीका मुख्य कमाण्डर भनिने मुख्य सचिवले एक ठाउँ के भन्नुभएको छ, भनेपछि उहाँ कानुन कार्यान्वयन गर्ने ठाउँमा हुनुहुन्छ। फास्ट ट्र्याक पनि अब नेपालमा बन्न सक्दैन त्यो कानुन छैन। र नवलपरासीको फलाम खानेपानी बन्न सक्दैन नेपालमा कानुन छैन भनेर उहाँले भन्दै हिंड्ने कम्तिमा आफ्ना मातहतका कर्मचारीलाई संरक्षण त गर्नुस्। बिचौलिया र दलालले दादागिरी गराउँदाखेरि आज राष्ट्रको स्वाभिमान निहुरेको छ। किनभने स्वइच्छाले आफ्नो काम गर्न क्षमता प्रदर्शन गर्न कर्मचारीले पाउँदैन भनेपछि यो सरकारको

कति तपाईंको असहिष्णुता छ। कति राज्य आतङ्क छ, भन्ने यसले पुष्टि गर्छ भने अर्कोतिर यहीँ सरकारमा श्रम तथा रोजगार मन्त्रालयले नेपाल सरकार र दक्षिण कोरिया बीचमा जीटुजीको सिस्टमबाट कोरियामा कामदार पठाउने परम्परा छ, अहिलेसम्म। तर अहिलेको यो सरकारले एउटा नयाँ कार्यविधि बनाएर मेनपावर मार्फत् त्यो १० देखि १२ वटा म्यानपावरले करोडौं पैसा उठाएर मन्त्रीलाई दिएर यो कार्यविधि पास भइसकेको छ। यो कार्यविधिलाई कोरिया दुताबासले स्वीकारेको छैन। त्यति मात्रै होइन जापानमा पनि २०२४ देखि २००० उहाँसम्मको कति थियो त्यो अहिलेसम्म भएको छैन तर जापानमा जानको लागि पनि दक्ष कामदारको नाममा एउटा कार्यविधि ल्याइसकियो। कि नेपालका चाहिँ तपाईंको दक्ष जनशक्ति कामदारहरू डाक्टर, वकिल, देखि लिएर हाम्रो प्राविधिक कृषि विज्ञहरू सबै चाहिँ तपाईंको यहाँ भिजिट भिसाको प्रकरण त आएकै थियो। अवैधानिक तरिकाले बेचेकै थिए यो सरकारले। सरकारको बहादुरीता के देखियो भनेपछि वैधानिक तरिकाले पनि मान्छेलाई बिक्री गरेर बेच्ने परम्पराको सुरुवात हुन लाग्यो। त्यसैले म श्रम तथा रोजगार मन्त्रालयले यहाँ भन्दा अगाडि एउटा नेपाल सरकारले नेपालको केही ऐन संशोधन गर्ने भनेर यहाँ ल्यायो। यो संसद र दुईटै सदनलाई गुमराहमा पाऱ्यो। जो कि एउटा मेनपावरले एक वर्षमा कम्तीमा १०० जना वैदेशिक रोजगारमा पठाएन भने त्यसको रिन्यु नगर्ने भन्ने थियो तर त्यो केही ऐन अन्तर्गत एउटा के शब्द घुसाइएको छ भने १०० जना भन्ने ऐनलाई काटेर कुनै पनि तपाईंको नपठाउन अथवा साढे ४५० जना ४५० म्यानपावरहरू बाट एउटाबाट कम्तिमा ३ देखि ५ लाख उठाएर रिन्यु गर्ने काम भएको छ। जो झोलामा थिए ती मेनपावरहरू। त्यसैले म यो सरकारले, राज्यले यो देशमा रोजगार दिने हो। उद्योगधन्दा खोल्ने हो। युवाहरूलाई रोजगार दिने हो। तर विदेशमा लिएर बेचेर मेनपावरलाई चाहिँ तपाईंको मान्छे सप्लाई गर्ने म्यानपावरको रुपमा प्रोत्साहित गरेर यो भन्दा विडम्बना के हुन सक्छ। त्यसैले नेपालमा जुन जापानमा मैले अघि भने जापानमा पनि त्यो कार्यविधि तयार गरेको छ, त्यो कार्यविधि जापानी सरकारले त्यो स्विकारेको छैन हैन। त्यो मेनपारमा पठाउने भन्ने लागिराखेको छ त्यो सम्पर्क गरिराखेको छन्। त्यसैले यी थुप्रै कामहरू जो यो सरकारले राज्य दुईतिहाइको सरकारले मेन उद्देश्य यसको संविधान संशोधन गरेर देशमा सुशासन गर्ने भन्ने थियो तर आज दिनप्रतिदिन राज्यको मुख्य मान्छे पूर्वाग्रही, आग्रही, प्रतिशोधी भयो भनेपछि राज्य विडम्बनातिर जान्छ। त्यसैले म यो दुईतिहाइको सरकारलाई के भन्न चाहन्छु त भन्दाखेरि कम्तीमा नेपालमा उद्योग धन्दा खोल्न सक्ने कानुनहरू ल्याउनुस्। नेपाली जनतालाई स्वरोजगार बनाउने कानुन ल्याउनुहोस्। तर विदेशमा लिने कानुन नल्याउनुस्। यति मात्रै होइन यस्तो साहस पनि गर्न जो चाहिँ तपाईंको नेपाल २०७२ को संविधानले २०७४ को मुलुकी ऐन, सहिंताको विपरीत बहुविवाहको विधेयक ल्याउने पनि जमर्को गर्दै

छ। प्रधानमन्त्री कार्यालयको विधायन समितिमा त्यो विधेयक उपसमिति बनेर लेख्दैछन्। दुर्भाग्य यो देशको यो देशको दुई तिहाइको सरकारले गर्ने काम त्यही हो? बहुविवाह ल्याएर महिलामाथिको थप हिंसालाई बढावा दिनको लागि ल्याउनको लागि बनेको दुई तिहाइ सरकार हो। त्यसैले यस्ता कामहरू, निन्दनीय कामहरूलाई रोक्नको लागि र फेरि पनि जनताहरू सुशासनको प्रत्याभूति देखिँदैन। ब्यागमा चाहिँ नि तपाईंको सुटकेसमा पैसा बोकेर सचिवहरू, सहसचिवको सरुवा हुन्छ। मैले भनेको होइन यो सहसचिव, सचिव, कर्मचारीले भनेको दुःखदायी कुरा गरेको। लाज लाग्नुपर्ने हो त्यसैले म यी कुराहरू नगर्नको लागि (......समय सकिएको।)

(१३:४३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य कृष्णबहादुर रोकाए समय १२ मिनेट। यसपछि माननीय सदस्य सावित्री मल्ल।

(१३:४३ बजे) **<u>माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काङ्ग्रेस)</u>**:-सम्माननीय अध्यक्ष महोदय, म आज यो विशेष समयमा केही समसामयिक विषयहरू र खासगरी यो सामाजिक सञ्जालमा दिनहुँ जस्तो आउने समाचारहरू पुराना दलहरू खासै काम नलाग्ने भए ठुला दलहरूले देश बर्बादै गरे भन्ने ढंगले जुन खालका भाष्य निर्माणहरू आज भइरहेका छन् र यसै सन्दर्भमा मैले आफ्ना विचारहरू यहाँ राख्ने अनुमति चाहन्छु। मैले आज यो हस्ताक्षर अभियानको सन्दर्भ मैले केही कुरा राख्न खोजिरहेको छु। आज एउटा पार्टीको एउटा नेता जुन अदालतको आदेश अनुसार जुन कस्टडीमा जान्छ र त्यो पार्टीले सिंगो पार्टीले आज देशैभरिमा जनताका बीचमा गएर आज हस्ताक्षर अभियान चाहिँ चलाइरहेको छ। र नेपालको संविधान बमोजिम अदालतले कसैलाई पनि हिरासतमा पठाउँदा त्यो न्यायिक आदेश हो। जसको पालना गर्नैपर्छ। कानुनी राज्यको कुरा हो। यस्तो अवस्थामा हस्ताक्षर अभियान चलाउनु भनेको अदालतको आदेश खारेज गर्ने वा उल्टाउने अधिकार राख्दैन। नेपालको अदालतलाई चुनौती दिने औपचारिक बाटो भनेको उच्च अदालत वा सर्वोच्च अदालतको आदेशलाई चुनौती दिने बाटो भनेको उच्च अदालत वा सर्वोच्च अदालतमा पुनरावेदन गर्ने हो। त्यो विषय पनि दुवै अदालतबाट किनारा लागिसकेको छ। तर हस्ताक्षर अभियानको माध्यमबाट होइन। रवि लामिछानेको पक्षमा चलाइएको हस्ताक्षर अभियान प्रत्यक्ष राजनीतिक प्रणाली परिवर्तन वा शासन व्यवस्था परिवर्तनसँग जोडिएको छैन। सम्माननीय अध्यक्ष महोदय, हस्ताक्षर अभियानकर्तालाई जानकारी छ कि छैन नभए

म स्मरण गराउन चाहन्छु। २००७ सालमा ठुलो ऐतिहासिक आन्दोलन भएको थियो। जसको उद्देश्य १०४ वर्षसम्म रहेको जहानियाँ राणाशासनलाई अन्त्य गरी देशमा प्रजातन्त्र स्थापना गर्ने र नेपाली जनतालाई रैतीबाट नागरिकमा परिणत गर्नु थियो। जसको नेतृत्व नेपाली काङ्ग्रेसले गरेको थियो। त्यस्तै २०४६ सालमा जनआन्दोलन भयो। त्यसको उद्देश्य ३० वर्षको पञ्चायती व्यवस्था अन्त्य गर्ने र राजाबाट खोसिएको प्रधानतालाई पुनर्बहाली गर्नु थियो। त्यस्तै २०६२-६३ को दोस्रो जन-आन्दोलन १२ बुदें भएको थियो। र त्यसको उद्देश्य सात राजनीतिक दल र माओवादी बीचमा भएको सहमति मार्फत् २४० वर्षसम्म रहेको निरंकुश राजसंस्थालाई अन्त्य गर्ने र देशमा गणतन्त्र स्थापना गर्नु थियो। अहिलेको हस्ताक्षर र अभियान कुन उद्देश्यले गर्रिँदैछ। यो सङ्कलित हस्ताक्षर लिएर बुझाउने कहाँ हो? कसलाई हो? यसबाट आउने परिणाम के हो? यो हस्ताक्षर कि अदालतमा बुझाउने हो? कि पूर्व राजा ज्ञानेन्द्र शाहलाई बुझाउने हो? अहिलेको कि यसले कुनै राजनीतिक व्यवस्था परिवर्तन वा शासन उल्टाउने उद्देश्य राखेको छ?

सम्माननीय अध्यक्ष महोदय, यो अभियानलाई हास्यास्पद कुरा त के छ भने केही व्यक्ति र समूहले उनलाई नेन्सल मण्डेला, आङसाङ सुची र बिपी कोइराला जस्ता ऐतिहासिक विश्वका महान व्यक्तित्व नेताहरूसँग तुलना गर्न खोजिएको छ। नेन्सल मण्डेला दक्षिण अफ्रिकाका अपारथाइट जस्तो जाति विभाजन विरुद्ध २७ वर्ष जेल जीवन बिताए जसको उद्देश्य जातीय विभेद अन्त्य गरी सबैलाई सम्मान अधिकार दिने लोकतान्त्रिक दक्षिण अफ्रिका बनाउनु थियो। आङसाङ सूची बर्मामा सैनिक शासन विरुद्ध लामो गृह नजरबन्द बसेर, सहेर प्रजातन्त्रलाई संघर्षको प्रतिक हुने। त्यस्तै बिपी कोइराला नेपालमा लोकतन्त्र, प्रजातन्त्रको लागि जेल निर्वाचन कठिन संघर्ष भोगेर बनेको नेता र व्यक्तित्व हो उहाँ। यी सबैको सङ्घर्ष व्यवस्था, शासन परिवर्तन र व्यापक जनताको लोकतान्त्रिक अधिकारका लागि थियो। सम्माननीय अध्यक्ष महोदय, रवि लामिछाने माथि हाल लागेको मुद्दा सहकारी घोटालासँग, ठगीसँग सम्बन्धित कानुनी मुद्दा हो। हिरासतमा जानु न्यायिक प्रक्रियाको अंश हो। न कि लोकतान्त्रिक अधिकार वा शासन परिवर्तनको सङ्घर्ष हो। रविजी त सरकारको उपप्रधानमन्त्री मागेर उपप्रधानमन्त्री हुँदाहुँदै सरकारी ठगी मुद्दामा हिरासतमा जानुभयो। के बिपी कोइराला उपप्रधानमन्त्री चाहियो भनेर उपप्रधानमन्त्री माग्नुभएको थियो र हुनुभयो र? सायद उहाँले तत्कालीन निरंकुश व्यवस्थालाई स्वीकारेको भए व्यक्तिगत स्वार्थलाई मात्रै ध्यान दिएको भए उहाँ उपप्रधानमन्त्री होइन। आजीवन प्रधानमन्त्री हुन सक्ने, बन्न सक्ने अवस्था थियो। त्यस्तो प्रस्ताव उहाँले कहिल्यै स्वीकार्नु भएन। त्यसकारण नयाँ भन्नेहरूले कस्तो राजनीतिक संस्कार दिँदैछौं? कस्तो राजनीतिक

संस्कृति विकास गर्दैछौं? यो गम्भीर प्रश्न हो। सहकारी ठगीको मुद्दा लागेका रवि लामिछानेलाई हस्ताक्षर गरेके भरमा अदालतले छोड्ने हो भने अन्य आरोपितलाई गर्छौ छोड्ने कि नछोड्ने? हस्ताक्षर गर्ने हस्ताक्षरकर्तालाई मेरो प्रश्न छ। दिनभरि घाममा तरतरी पसिना चुहाउँदै सडकमा बसेर मकै पोलेर कमाएको दुई पैसा सहकारीमा गरेको बचत हिनामिना गर्नु के ठिकै थियो? के दिनभरि गिट्टी कुटेर बचत गरेको पैसा सहकारीमा जम्मा गरेको रकम अपचलनन गर्नु ठिकै थियो? के मानिसले आधा पेट खाएर बचत गरी सहकारीमा जम्मा गरेको रकम अपचलन गरेको कुरा ठिकै थियो? म गम्भीरतापूर्वक यो कुरा सम्मानित सभामा राख्न चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, आज रवि लामिछाने माथि राज्यको प्रतिशोध भयो रे। रवि लामिछाने प्रति मुद्दा प्रतिशोध हो भने सत्तारूढ दलका कैयौं नेता, कार्यकर्ता माथिका लगाइएका मुद्दा के हुन् त? प्रतिशोध हो सत्तारूढ दलका नेता कार्यकर्ता माथि लागएको मुद्दा के हुन सक्छन्? कारागारमा लिँदा, निकाल्दा जिन्दाबाद र मुर्दाबादका नारा लगाइरहेका छन्। तर अन्य दलका नेताका बारेमा त कुनै पनि दलका समर्थक वा कार्यकर्ताले जिन्दाबाद र मुर्दाबाद भनेको त सुनिएको छैन त। राज्यले प्रतिशोध नै लिने भएको भए यदि पूर्वाग्रह नै भएको त नेपाली नागरिकता त्यागेर अमेरिकी नागरिकलाई एउटा होइन दुईटा नागरिकता भएको, दुई दुईवटा पासपोर्ट भएको मान्छेलाई मान्य गराइन्थ्यो होला र? पहिलो नयाँ भन्नेहरूको सैद्धान्तिक र वैचारिक धरातल के हो? यो स्पष्ट हुन जरुरी छ। राजावादी हो होइन भने संसदीय व्यवस्था र संघीयताको बारेमा धारणा के हो? काङ्ग्रेस बिग्रिएका एमाले बिग्रिएका माओवादी बिग्रिएकाबाट नयाँ कुराको सम्भावना छ। काङ्ग्रेसको तर खाएर गएकाहरूले चर्को स्वरमा नयाँ कुरा गरिरहेका छन्। नयाँ पार्टीहरूले नयाँहरूले यस्तै संस्कृति विकास गर्न खोजेको हो। यसले देशलाई कहाँ पुऱ्याउँछ? अहिलेको सिस्टममा र संविधानलाई कहाँ पुऱ्याउँछ?

सम्माननीय अध्यक्ष महोदय, तर, हामीले सुधार्नुपर्ने सुध्रिनुपर्ने र गर्नुपर्ने कामहरू पनि थुप्रै छन्। अहिलेको स्थापित दल र दलका नेताले हिजो राजनीति परिवर्तनको लागि गरेको योगदानले पुग्दैन। जनताको चाहना अनुरूप काम गर्नु। सरकारले सुशासन र जनतालाई त्यो अनुरूपको चाहिँ डेलिभरी दिन जरुरी छ। स्थायी सरकारको रूपमा रहेको कर्मचारीतन्त्र रूपान्तरण हुन जरुरी छ। नेपालको संविधानले जनताको मतादेश मार्फत गठित सरकार विधायिकी अधिकार सभा र संसदीय समितिले प्रयोग गर्ने संविधान र सम्बन्धित सभाका नियमावलीले व्यवस्था गरेको सम्बन्धमा सभा र समितिले गरेको निर्णयलाई सम्मान र पालना गर्दै कार्यान्वयन गर्नु, सरकारी निकायका पदाधिकारीहरूको कानुनी जिम्मेवारी हो। सम्माननीय अध्यक्ष महोदय, आज सरकारका काम कारबाही र राजनीतिकर्मीका

बारेमा सामाजिक सञ्जालमा नकारात्मक कुराहरू मात्र बढी प्रचार भइरहेको अवस्था छ। राज्यका उच्च पदस्थ जिम्मेवारीमा रहेका कर्मचारी र प्रशासनको बारेमा पनि प्रशासकको व्यवहार पनि जनताले राम्ररी बुझ्ने मौका पाए। कुनै स्वार्थ र कमजोरी नहुँदा नहुँदै दस्तखतकर्ताको हैसियतले राजनीति व्यक्तिले राजनीतिक र नैतिक जिम्मेवारी लिँदै गर्दा त्यस्ता कर्मचारीले आफ्नो पदीय आचरण नदेखाउँदा र पदीय र कानुनी जिम्मेवारी लिनुपर्छ कि पर्दैन? यो गम्भीर प्रश्न उठेको छ। र म यो सम्मानित सदनमा गम्भीरतापूर्वक राख्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, म सरकारसँग पनि आग्रह गर्न चाहन्छु। कि अहिले जति कुराहरू आज सरकारका बारेमा, पार्टीका बारेमा, दलका नेताका बारेमा जुन कुराहरू आज बाहिर भाष्य निर्माण भइरहेका छन्। यो विषयमा सरकार गम्भीर हुन जरुरी छ। आज सत्तारूढ दलका खास नेतृत्व गरिरहेका दलहरूको नेतृत्व पनि आज जिम्मेवार हुन जरुरी छ। र जनताको जे कुरा, भावना छ। जनताको भावना अनुसार कमसेकम जनताले दलहरू सच्चिदिउन् भने कुरा छ। सरकार सच्चिएर त्यो खालको डेलिभरी चाहिँ दियोस् भन्ने चाहना छ, जनताले धेरै ठुलो कुरो खोजिरहेको छैन। त्यसकारण हिजो हाम्रा हरेक राजनीतिक परिवर्तनका आन्दोलनमा जनताले साथ दिएर त्यो भावना अनुरुप आज सरकारले बुझ्न जरुरी छ। आज जिम्मेवार दलले चाहिँ बुझ्न जरुरी छ र यस तर्फ पनि सबै दले पनि जिम्मेवार हुन पनि म आग्रह गर्दै म आफ्नो चाहिँ भनाइ यही अन्त्य गर्न चाहन्छु। धन्यवाद, जय नेपाल।

(१३:५५ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य सावित्री मल्ल समय १२ मिनेट यसपछि माननीय सदस्य भुवनबहादुर सुनार।

(१३:५६ बजे) <u>माननीय श्री सावित्री मल्ल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, आज १८६ औं विश्व फोटोग्राफी दिवसको उपलक्ष्यमा देश तथा विदेशमा रहनुहुने, फोटोकर्ममा लाग्नुहुने सम्पूर्ण फोटोग्राफर मित्रहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु। सम्माननीय अध्यक्ष महोदय, दैलेख जिल्ला भैरवी गाउँपालिकाको जलजलेमा करिब २ अर्ब लगत खर्चमा चीनको जिओलोजिकल सर्वे कम्पनीले पेट्रोलियम अन्वेषण कार्य गरी उक्त कार्यको प्रारम्भिक प्रतिवेदन पेश गरिसकेको छ। प्राप्त प्रारम्भिक प्रतिवेदन बमोजिम उक्त स्थानमा १ अर्ब १२ करोड घनमिटर मिथेन ग्यास भएको जनाइएको छ। त्यस्तै अन्य चार स्थानमा रहेका भण्डारबाट नेपाललाई

करिब ५० वर्ष पुग्ने ग्यास उत्पादन हुन सक्ने प्रारम्भिक प्रतिवेदनले देखाएको छ। तर प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि उक्त कार्यको जस लिने होडबाजी नै चल्यो तर अहिले आएर उक्त विषय ओझेलमा परे जस्तै भएको महसुस छ। त्यतिखेर कसको पालामा कसले बनाएको भन्ने मिडिया सातैवटा प्रदेशमा बढी अझ त्यो दैलेखबाट पनि बढी चाहिँ कसले गर्नुभयो भनेर चाहिँ मिडियाबाजी आजभोलि चाहिँ समाचार र फेसबुकमा कम देख्ने गरेको छ। यो सबै पृष्ठभूमि भन्नुपर्दा सबै त्यहाँका राजनीतिक दलहरू, त्यहाँको स्थानीय सरकार, प्रदेश सरकार, संघ सरकार सबैको समन्वयमा त्यो सफल भएको म यहाँ यो सदनबाट जानकारी गराउन पनि चाहन्छु। अन्वेषणको अन्तिम प्रतिवेदन २०२५ को डिसेम्बरमा आउने बताएको थियो सो सम्बन्धमा के भइरहेको छ? अन्तिम प्रतिवेदन प्राप्त पश्चात यसको व्यावसायिक उत्पादन गर्ने तर्फ सरकारको तयारी, योजनाबारे सार्वजनिक गर्न अध्यक्षज्यू मार्फत म ध्यानाकर्षण गराउन पनि चाहन्छु। ग्यास जुन व्यवसायिक उत्पादन वितरण र दीर्घकालीन सञ्चालन गर्न ठुलो धनराशि आवश्यक हुन्छ। विदेशी सहयोग ऋणको मात्र भरपर्दा लामो समयसम्म उत्पादन सञ्चालनको सुनिश्चितता नहुने भएकोले स्वदेशी लगानी र व्यवस्थापन गर्ने तर्फ सरकारको सोचाइ के छ? त्यो पनि कोईश्चन गर्न चाहन्छु। साथसाथै नेपाल आयल निगमको कर्मचारी व्यवस्थापनले उक्त ग्यास परियोजना सञ्चालन र स्वामित्व आयल निगमलाई दिन माग राखेको विषय सुन्नमा आएकोले यस सम्बन्धमा सरकारले धारणा के बनाएको छ? ध्यानाकृष्ट गराउन चाहन्छु। उद्योगमन्त्री त्यो स्थानमा पुग्नुभयो, पुग्नुभएन? पुग्नुभयो भने कहिले पुग्नुभयो? त्यहाँको स्थलगत अनुगमन गरेर फिजिबिलिटीको रिपोर्ट के आयो? यो सदन मार्फत त्यो पनि जानकारी गराउन म विनम्र अपिल पनि गर्न चाहन्छु। अध्यक्ष महोदय, आजको एक्काइसौं शताब्दीको युगमा पनि देशका विभिन्न ठाउँ र कर्णाली प्रदेशको विगट स्थानका नदीनालाहरू आवजावत गर्ने माध्यमको रुपमा प्रयोग गरिँदै आएको तुइन अझै प्रयोग आइराखेको छन्। वर्षेनी सङ्घ, प्रदेश र स्थानीय तहहरू कार्यक्रमहरूमा तुइन विस्थापितका कुराहरू पर्दै आइराखेका छन्। तर पूर्णरुपमा तुइन विस्थापित गराउन सकेको देखिएन। जसको कारण वर्षेनी धनजनको क्षति हुँदै आएको कुरो सर्वाविदित नै छ। कर्णाली प्रदेशका विभिन्न जिल्लाहरूमा अझै ५० वटा भन्दा बढी तुइनहरू रहेको कुरो समाचारहरूमा आइरहेको छ। कर्णालीका १० जिल्लामध्ये हुम्लामा मात्र १५ वटा तुइन रहेको विवरण प्राप्त भएको छ। त्यस्तै कालिकोटमा १२, जाजरकोटमा १२, दैलेखमा दुई, मुगुमा दुई, डोल्पामा तीन, सुर्खेतमा, जहाँ कर्णालीको राजधानी सबभन्दा ठुलो प्रदेशमा आठवटा तुइन रहेको जनाइएको छ। यसरी खोलानाला र विकट ठाउँमा जोखिमयुक्त आवतजावतका साधन अझै प्रयोग भइराखु एक प्रकारको विडम्बना नै हो। तसर्थ, तुइनहरूलाई विस्थापित गरी उक्त स्थानहरूमा झुलुङ्गे पुल र पक्की पुल निर्माण गरी सर्वसाधारण जनतालाई सुरक्षित सहज आवतजावतको

व्यवस्था गर्नुको लागि संघ, प्रदेश र स्थानीय तहको समन्वयबाट तत्काल बनेको बजेटको व्यवस्था गरी तुइन सबै ठाउँमा विस्थापित गर्नको लागि कार्य योजना निर्माण गरी लागू गर्न सम्बन्धित सबैको ध्यानाकृष्ट गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, दुःखको कुरा कृषि अध्ययन कार्यक्रम अन्तर्गत सन् २०२३ सेप्टेम्बर १९ मा इजरायल पुगेका बैतडीका बिपिन जोशी त्यहाँ पुगेको करिब तीन हप्तापछि सन् २०२३ को अक्टोबर ७ मा हमासले इजरायलमा गरेको आक्रमणमा परेर बाँच्न सफल भएपनि उनलाई हमासले बन्दी बनाई गाँजातर्फ लगेको थियो। उनी मात्र एक नेपाली हुन् जसलाई हमासले बन्दी बनाएको छ। इजरायली सुरक्षा फुटेज मार्फत एकदमै आजभोलि दयनीय अवस्था हड्डी मात्रै भएको, त्यो आफ्नो खाडल आफैले खनेको बेल्चाले देखाएको। यो फेसबुकमा, सञ्जालमा र उहाँको बहिनी र आमा त्यहाँ पुग्नुभएको अहिले उनको अवस्था एकदम अज्ञात जानकारी छैन। उनको परिवारलाई अझै पनि आशा छ। विपिन अझै पनि रिहाको माग गरी रहेर उहाँको परिवारले उनकी आमा पद्मा जोशी र बहिनी पुष्पा जोशीले उनको खोजी र सुरक्षित रिहाको प्रयास जारी राखेको नै छन्। जसले गर्दा अन्तर्राष्ट्रिय दबाब र देशभित्र पनि दबाबको वातावरण सिर्जना भएको छ। विपिनको देखिएता पनि यो एउटा गम्भीर मानवीय मुद्दा हो। जसको समाधान बहुपक्षीय बहुराष्ट्रिय प्रयासबाट मात्र सम्भव छ, तसर्थ नेपाल सरकारले विपिनको रिहाइको लागि कूटनीतिक दबाब बढाउनुपर्छ यसको साथै अन्तर्राष्ट्रिय मिडिया, मानव अधिकारकर्मी र सम्बन्धित संस्थाहरू मार्फत दबाब सिर्जना गराउन र मध्यस्त मुलुक मार्फत वार्ताको प्रयासमा लाग्ने वातावरण तयार गर्नको लागि पहल गर्न सरकार समक्ष मेरो पार्टी नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी र मेरो व्यक्तिगत तर्फबाट हार्दिक अपिल गर्दै जोडदार माग गर्दछु। यो हरेक कुरा आउँछ सरकारले गर्नुपर्ने गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य रोजगार सरकार दुई तिहाइ सरकारले गर्नुपर्ने जुन छ, अहिले काहीँ पनि, केही पनि नगरिएको कुरा पुष्टि भएको छ। सुरक्षाका कुराहरू छैन, मान्छेलाई आवतजावत अहिले पनि मैले कर्णालीका तुइन पुलहरूका समस्याहरू जुन बताए अहिले पनि ५० वटा। तर त्यो पुलको मात्र समस्या होइन। त्यहाँको बाटो कर्णालीमा १० वटा जिल्लाहरू छन्। १० वटा जिल्लामा एउटा जिल्लाबाट अर्को जिल्लामा जाने बाटो अहिले पनि अवरुद्ध छ। अहिले पनि दैलेख जिल्लाको मात्र कुरा गर्दा त्यहाँ ४ वटा नगरपालिका सातवटा गाउँपालिका छ। त्यहाँ एउटा जिल्लाबाट, एउटा पालिकाबाट अर्को पालिकामा जाने बाटो छैन। त्यहाँको स्थानीय सरकारलाई पनि बाटो अब चाडवाडहरू नजिकै आइरहेको कारणले त्यहाँको स्थानीय सरकारहरूलाई पनि बाटो डोजरहरू लगाएर सुधार गर्नको लागि स्थानीय

सरकारहरू पनि तत्पर रहनु पर्छ र दैलेख जिल्लाको सन्दर्भमा जुन पेट्रोलियम उत्खननको कुरा एकदमै आइरहेको छ। त्यसलाई त्यहाँ व्यवस्थित गर्नको लागि म फेरि पनि नेपाल सरकारलाई के भन्न चाहन्छु भने कता मैले अस्ति न्यूजमा हेरेको थिए। मङ्सिरबाट सुरु गर्ने कि भन्ने चाहिँ मैले कता फेसबुकमा हेरेको थिएँ। सम्माननीय प्रधानमन्त्रीको फेसबुकबाट त्यस्तो देखेको थिए। तर त्यहाँको बाटो अहिले पनि Two Lane छैन। दैलेख जाँदा कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट दैलेख जाँदाको बाटो अहिले पनि Two Lane बाटो छैन। त्यहाँ हेभी ट्रकहरू जाँदा बाटोमा अवरुद्ध हुनेछ, अनि मङ्सिरसम्म बाटो खन्न त सकिएला। अहिलेसम्म त्यहाँ बजेट कति पर्‍यो भन्ने त्यो बाटोको लागि बजेटको पनि कुनै यकिन भएको छैन। म यो सदनमा फेरि पनि फिजिबिलिटीको लागि नेपाल सरकार त्यहाँ पुगेर, त्यहाँका जनताहरूलाई अब यो काम हुन्छ है भनेर अलि हौसला दिनको लागि त्यहाँ पुग्न पनि म अपिल गर्दछु। नजिकै आइरहेको नेपाली हिन्दु महिलाहरूको हरितालिका तीजको स्वदेशमा र विदेशमा रहनुहुने सम्पूर्ण महिला दिदीबहिनीहरूमा म हरितालिका तीजको पनि हार्दिक मंगलमय शुभकामना यहाँहरूको दीर्घायुको कामना गर्दै मैले तीजको शुभकामना अगि भन्नुभयो हरितालिका तीजको दर खाने एक दिन मात्र राखौं। त्यो हो त्यो चाहिँ अलि विकृति भयो कि अगाडि नै भन्ने मलाई पनि त्यो लागेको हो। एकदिन त तोकेकै छ। सुरु भइराखेको छ, तीजको अब यो तीजको फेरि शुभकामना यहाँहरू सबैलाई दिँदै म अहिलेलाई बिदा माग्छु। हस्, धन्यवाद नमस्कार।

(१४:०६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य भुवनबहादुर सुनार समय ८ मिनेट यसपछि माननीय सदस्य नारायण दत्त भट्ट।

(१४:०७ बजे) **माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, आज म हाम्रो विगत, वर्तमान र सरकारको भारत भ्रमण आदि सन्दर्भमा केही कौतुहलता राख्न चाहिरहेको छु। युवा शक्तिलाई आफ्नै देशमा रमाउने अवस्था दुई तिहाइको सरकारले महत्त्वपूर्ण कार्ययोजना बनाई गर्ने कुरा थियो र महत्त्वपूर्ण विषयहरू पास गर्न सक्ने पनि तागत थियो। तीव्रतामा काम गर्ने अवसर पनि थियो। तर देश विकास र जनताको दैनिक समस्या हल गर्नेतिर ध्यान नै छैन, यो कुशासन, भ्रष्टाचार, कमिसन र बिचौलिया बढे ठेकेदारहरूको समिश्रणको सरकार। युवा युवती विदेश जाने र आउनेको भिड एयरपोर्टमा गएर राम्रै देख्न सकिन्छ। १२ कक्षा

सक्ने बित्तिकै माथिल्लो कक्षा पढ्न जाने होइन विदेश जाने विद्यार्थीहरूको तरखर हुने अनि ऋण खोज्न हिँड्ने, यो कस्तो चाहिँ अवस्था सिर्जना भयो? नेपालका कलेजहरू नेपाल कलेजहरूमा राम्रा प्राध्यापकहरू हुनुहुन्छ, शिक्षा संकायहरू छन् तर विद्यार्थी छैनन्। क्याम्पसहरू खाली हुँदैछन् र अहिले त क्याम्पसमा झार उम्रिएर ढाकिएको छ। सिटिइभिटी पढ्न सिधै भर्ना लिन पनि विज्ञापन भइरहेको छ। हिजो सिटिइभिटी पढ्नलाई तीव्र प्रतिस्पर्धा हुन्थ्यो, इन्ट्रान्स हुन्थ्यो। अहिले त्यो नहुने विज्ञापनमा उल्लेख छ। ३२ सालतिर सबै जिल्लामा नयाँ शिक्षा लागू भइसकेको थियो। त्यो बेला क्याम्पसहरूमा अखिल क्रान्तिकारीहरूको चहलपहल देख्न पाइन्थ्यो। नेबिसंघको चहलपहल देख्न पाइन्थ्यो। विद्यार्थीहरू सचेत हुन्थे। यिनको व्यापक संगठनहरू हुन्थे। अहिले विद्यार्थीहरू चुनाव वरिपरि मात्रै थाहा पाइन्छ। नत्र हुँदै विद्यार्थीको संगठन सुस्ताएको छ। त्यतिबेला भित्तामा नारा लेखिएको देखिन्थ्यो। सडकमा आन्दोलन हुन्थ्यो। विदेशको घटनाले प्रभावित भएर नेपालमा २०३६ सालको विद्यार्थी आन्दोलन भएको थियो। जसले पञ्चायती व्यवस्थाले पनि जनमत संग्रह गर्न बाध्य भएको थियो। कुशासनका विरुद्ध कालो झण्डा देखाइन्थ्यो। भित्ताहरूमा राष्ट्रघाती १९५० को सन्धि खारेज गर भनेको लेखिएको देखिन्थ्यो। लिपुलेक हाम्रो हो, कालापानीबाट भारतीय फौज फिर्ता गर भन्ने नाराहरू घन्किन्थे। आवाजहरू सुनिन्थ्यो। विद्यार्थी आन्दोलनले राजनेताहरूले देशप्रेम र राष्ट्रभक्ति जगाउँथे। यतिबेला तिनै विद्यार्थी नेताहरू संसदमा छन्, मन्त्रीमा छन् र यसले चाहिँ देखाउछ त भन्दा अबका पिँढीहरू हामीले भन्ने गरेको जेन्जीहरू मोबाइलमा व्यस्त छन्। राजनीति मनै पर्दैन भन्छन् र अर्गानिक खाने कुरा पनि खान पाउँदैनन्, यस्तो अवस्थामा छन्। यसले नयाँ नयाँ विकृति, नयाँ नयाँ हावामा बहने यस्तो चाहिँ अवस्था सिर्जना भएको छ। आफ्नो देशभन्दा अरु देशबरूमा पसिना चुहाउन तयार छन्। आफ्नो देशमा चाहिँ काम केही नगर्ने तिनै युवाहरू छन्। कोरियामा जाँदा कृषिमा व्यस्त हुन्छन्, तर नेपालमा आएर काम गर्दैनन्, यस्तो अवस्था एकातिर छ। यही सन्दर्भमा फेरि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल सरकारलाई निमन्त्रणा गरेको छ। भारत भ्रमणको यही भाद्र अन्तिम हप्ता भारतको गयामा मैत्रीपूर्ण भेटवार्ता हुनेछ। भारत भ्रमणका क्रममा मोदि र ओलीबीच यसपटक दिल्ली बाहिर द्विपक्षीय वार्ताको तयारी हुनेछ। किन बोधगया रोजियो बिस्तारै खुल्नेछ। बोधगयामा दुई प्रधानमन्त्री बीच औपचारिक भेटवार्ताको तयारी हुने क्रम दुई देश बीच व्यापार, कनेक्टिभिटी, क्षेत्रीय विकासका साथै दुई देश बीच दुई देश बीचमा सीमा समस्या समाधान गर्ने उच्चस्तरीय भ्रमण तथा कुटनीतिक सम्बन्ध बढाउने, जल, थलमार्ग आदि र हवाई मार्ग गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भारतीय सहरबाट थप उडान तथा अतिरिक्त हवाई रुटको लागि वातावरण बनाउने आग्रह हुनेछ। अलपत्र परेको पञ्चेश्वर बहुउद्देशीय परियोजनाबाट दुवैतर्फ पुग्ने लाभका विषय

एजेण्डा बन्ने अपेक्षा नेपालीहरूले गरेका छन्। नेपालको भूमि लिपुलेख, कालापानीबाट भारतीय क्याम्प हटाउने आदि विषयमा हाम्रो सरकारले दह्रोसँग भारत सरकारको ध्यानाकर्षण गराउन पनि अपेक्षा नेपालीले गरेका छन्। छिमेकी देश भारतले गरेको प्रगतिबाट नेपालले लाभ लिएको छ। अझै बढी लाभ लिने अपेक्षा गरेको छ। भन्दै मेरो भनाइ यहि अन्त्य गर्छु। हस् धन्यवाद।

(१४:१४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य नारायणदत्त भट्ट समय १२ मिनेट यसपछि माननीय सदस्य गंगाकुमारी बेलबासे।

(१४:१५ बजे) <u>माननीय श्री नारायण दत्त भट्ट (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू, आदरणीय माननीयज्यूहरू, पहिला त म बिपिन जोशीको अवस्थाको बारेमा नेपाल सरकारले यथाशीघ्र चाहिँ यसको पहल गरोस् भन्ने आग्रह गर्न चाहन्छु। अस्ति म संयोगले परराष्ट्र मन्त्रालयमा पुगेको थिए। त्यहाँ विपिनको आमा र बहिनी दुइटैसँग संयोगवश भेट भएको थियो र परराष्ट्र मन्त्रीज्यूसँग कुरा भइराखेको बेला कारणवश म पनि त्यहाँ उपस्थित भए। तर उहाँहरूले भनिराखुभएको थियो र परराष्ट्र मन्त्रीजीसँग कुरा हुँदाखेरि सकारात्मक कुरा थियो, तर हाम्रो कुरा के छ भने सकारात्मक होइन हाम्रो सोचनै नकारात्मक भइसक्यो। आदरणीय साथीहरू कुरा उठाउनुहुन्छ के छ हाम्रो पाँच-पाँच, छ- छ, तीन -तीन महिनामा सरकार परिवर्तन हुनुपर्छ भन्ने कुरा हो भने त्यो स्पष्ट रुपमा भनौं। हैन अब दुई तिहाइको सरकार यो सरकार ढल्ने पनि भएन, गर्न पनि केही गरेन, नगरेको त नहोला यत्रो बजेट बनाएको छ। सारा काम सरकारले गरिनै राखेको छ, अब कमी कमजोरी होला। केही पनि फिटिक्कै पनि कमजोरी छैन भन्न चाहँदैन। तर कुरा के हो भने विषयवस्तु प्रसङ्गमा छ कि छैन? खाली सरकारलाई धारे हात लगाएका छौं, भनेका छौं। यो सरकार निकम्मा हो, भ्रष्टाचारीको हो, दलालको हो, दलाल को हुन्? एउटा लिस्ट बनाएर पेश गरौं। यो, यो मान्छे दलाल हुन्। यिनीहरूले सरकारलाई यसरी हाके। हैन त्यसो भएको हुनाले यो बिचौलिया र दलालको सरकार हो भनौं। तर हामी भन्न एउटा कुरा छोडी नै राखेका छैनौं। तर गरी के राखेका छौ, भने त्यहीँ सरकारले उठाएको राजस्व, गरेको बाँडफाँड, गरेको विकासमा पुगेन भनिरहेको छौं, त्यो स्वभाविक कुरा हो। अहिलेको परिस्थितिमा जसरी जनचाहना छ, त्यो जनचाहना सतप्रतिशत सरकारले पूरा गरेको छ म पनि भन्न चाँहदिन। तर कुरा के हो भने केही पनि गरेको छैन भन्ने भाष्य निर्माण गरेर हामीले जान खोजेका

कता हो? त्यस्तो त्यस्तो होइन। सबै जिम्मेवार छौं? मैले पटकपटक भन्ने गरेको छु, कम्तिमा खाली गाली गरेर, धारेहातै लगाएर मात्रै सबै कुरा पार पाइन्छ भन्ने कुरा हो भन्ने मेरो भन्नु केहि पनि छैन। त्यहीँ गरिराखौं। होइन भने अघि मेरो आदरणीय सचेतकज्यूले भन्नुभयो, यो लग्न खोजेको कता हो त? साइन क्याम्पेनिङ भइराखेको छ। अनि सँगै पैसा पनि उठिराखेको छ। त्यो पैसा केका लागि र कसका लागि? अनि हामी कुनै केही कुरा मुद्दा लाग्ने बित्तिकै न्यायपालिकाले त्यसमा चाहिँ अगाडि बढ्ने बित्तिकै पूर्वाग्रह दुराग्रह भन्छौं।

म सबै आदरणीय माननीयज्यूहरू निवेदन गर्न चाहन्छु। सायद यो देशको सबभन्दा शक्तिशाली कुनै मान्छे थिए भने स्वर्गीय गिरिजाप्रसाद कोइराला हुनुहुन्थ्यो। उहाँले पनि अख्तियारमा गएर बयान दिएको कुरा त ख्याल गरिदिउन। किनभने अख्तियार दुरुपयोग अनुसन्धान आयोग नेपाली काङ्ग्रेसले बनाएको र पर्याप्त नेपाली काङ्ग्रेसका नेताहरू जेल सजाय भोगेका छन्। त्यसकारणले एउटा संस्था खडा भएको छ। अनि त्यो संस्थाप्रतिको हामी चाहिँ विश्वास होइन यो सरकारको नियन्त्रणमा छ, प्रधानमन्त्रीको नियन्त्रणमा छ, उसको नियन्त्रणमा छ भनिराखेको छौं। यदि त्यो नियन्त्रणमा हो भने त्यो संस्था नै किन राख्ने खारेज गर्ने प्रस्ताव लिएर आउनु त। किन चाहियो अदालत? किन चाहियो अख्तियार दुरुपयोग? किन चाहियो सम्पत्ति शुद्धिकरण? यदि छैन आवश्यक भने भन्नु न। के साँच्चै बोल्न त मन थिएन के जनसरकारै गठन गर्न खोज्या हो भने त्यो कुरा गरौं। जहाँ अन्याय हुन्छ, त्यहीँ न्याय गर्ने सकियो। न कागज हुन्छ न कलम हुन्छ। फैसला भो, भाटे कारबाही हुन्छ कि, अर्को कुनै सजाय हुन्छ? अर्को कुनै सजाय हुन्छ? त्यहीँ बाटोमा लागौं। “जिसका लाठी उसका भैंस” वाला देश बनाउ के छ? हैन नियम कानुन विधि क्रियापद्धति हो भने होला। ती न्याय दिने मान्छेहरू न्याय प्रणालीमा बसेका मान्छेहरू मान्छे नै भगवान हुन् म भन्न चाहँदैन। तर तथ्य प्रमाणका आधारमा उहाँहरूले चलाएको कलममाथि पनि हामी शङ्का गर्ने हो। त्यसको दोष प्रधानमन्त्रीलाई, मन्त्रीलाई मैले फेरि यहाँ मन्त्रीजी हुनुहुन्छ, मैले कसैको डिफेन्स गरेको होइन। यहाँ पनि आदरणीय व्यक्तित्वहरू धेरै मन्त्री भइसक्नु भएको फेरि मन्त्री हुने लाइनमा हुनुहुन्छ। प्रधानमन्त्रीको पार्टीको हिजोको मान्छे भएको हुनाले यो देर-सवेरका कुरा हुन। आज हुनुहुन्न, भोलि हुनुहोला तर यहीँ कुरा अर्को मान्छेले भन्दै गर्‍यो भने त्यतिबेला के हुन्छ, त्यसको जवाफ के हुन्छ? त्यसकारण मेरो विनम्र साथ अनुरोध के हो भने आज जे परिस्थितिमा हामी गुज्रिराखेका छौं। जुन अवस्था छ, जसरी चाहिँ भाष्य निर्माण भएका छन्। कि होइन पुराना दलहरू कामै लाग्दैन। ठिकै छ सबै काम नलाग्ने भाको हौ भने हात खडा गरौं। किन दलसल दर्ता गराइराख्ने, उहाँ रुपन्देहीमा चुनाव हुँदैछ। तिमी सबै नयाँ दललाई बुझाइदिने।

होइन हाम्रो कमी कमजोरी छैन भने यो व्यवस्था ल्याउनु सबै अहिलेका नयाँ दलहरूलाई क्रान्ति के हो? आन्दोलन के हो? र जनता के हो? जनमुखी कार्य के हो? भन्ने कुराको ज्ञान नभएका मुसाले ३ बिघा हलो जोतेर खेतमा चाहिँ रोपाई गर्छु भन्ने मान्छेको कुरा गरेर के साश्य छ र। गोरुले नार्न नसकेको खेत मुसाले नार्ने भएपछि तीनका कुरा त के नि होला, अरु होलान र? अनि हाम्रा रगत बगेको छ, पसिना बगेको छ। मेहनत गरेका छौं र हामीले आहुति दिएका छौं एकचोटी सम्झिउ न त। ती सहिदहरूको रगत, अपाङ्ग भएर त्यो आन्दोलनमा लागेका घाइतेहरूको अवस्था एकचोटि छातीमा हात राखु हामी त माननीय छौं। भत्ता खाइराखेका छौं, भाषण ठोकिराखेका छौं, सरकार भनेर सतोसराप गरिराखेका छौं। जो गाउँमा बस्छन् साँझ एक छाक खानका लागि हात मुख जोड्नका लागि हिंड्न सक्दैनन्, तिनको अवस्थाको बारेमा सोचौन।

त्यसकारण मेरो आग्रह हामी त्यो बाटोमा होइन। सबैले कमजोरी गरेका छौं, सबै सरकार प्रमुख भएका छौं। यसै सरकारले सबै बिगारेको होइन। चाहे त्यो भिजिट भिसाको कुरा गरौं अघि साथीहरूले उठाउनु भयो। अनि के उपसभामुखले मान्छे बेच्न पाउने हो? त्यसो भएपछि अरुले भिजिट भिसामा मुद्दा चलाउनुपर्ने हो भने त्यो पनि भन्नु। त्यो प्रमाणित छ त कुरा, तथ्य अगाडि छ, अनि दोषीलाई अरुले गर्दाखेरि त्यो फलाना दोष हो भन्ने, अनि आफ्नो मान्छे नजिकको मान्छे चोपिने वित्तिकै होइन त्यो त पूर्वाग्रह हो। यो त नाङ्गो आँखाले देखिने कुरा हो। त्यसैकारणले विनम्रताका साथ के अनुरोध गर्न चाहन्छु भने म सुदूरपश्चिमको मान्छे सुदूरपश्चिमको तत्कालमा पश्चिम भन्ने ठाउँ हजुरको मलाई के लाग्छ भने काठमाडौंबाट उता पर्ने सबै जिल्लाहरूलाई पश्चिम भनिन्थ्यो एक नम्बर, दुई नम्बर तर बैतडीको झुलाघाटमा अहिलेसम्म मोटरेवल पुल बनेको छैन। ताकि मैले सुनेको छु, बाग्लुङ देखिका मान्छेहरूले नुन, गुण, तेल ल्याउने ठाउँ झुलाघाट हो। जसको चाहिँ वृत्ति विकास भएन भने हाम्रो सुदूरपश्चिमको पर्यटन विकास हुन सक्दैन। त्यस्तै, आदरणीय सम्माननीय पूर्व प्रधानमन्त्री श्रदेय पार्टी सभापती शेरबहादुर दाइले दिल्लीमा गएर गौरीफंटा नाकाको ३३ नम्बर बुँदामा सम्झौता गर्नुभएको छ। म सम्माननीय प्रधानमन्त्रीज्यू लगायत सरकारलाई आग्रह गर्न चाहन्छु गौरीफंटा नाका सञ्चालनका लागि यथाशीघ्र चाहिँ त्यो अगाडि बढोस्। र त्यसलाई टुङ्गो पुऱ्याएर सम्माननीय प्रधानमन्त्रीको भारत भ्रमण सफल रहोस् र हजुरको झुलाघाटको पुलको लागि पनि पहल होस् ताकि सुदूरपश्चिमका पर्यटन क्षेत्र र सुदूरपश्चिमका जनताको मुहारमा हाँसो आओस् भन्ने निवेदन गर्न चाहन्छु। र साथै कुरा के हो भन्नुहुन्छ भने यो हामीले भनाई र गराईमा तालमेल छैन। हामी आत्मरतिमा रमाइराखेका छन्। म सबैसँग आग्रह गर्न चाहन्छु साँच्चै यो व्यवस्था अफाप नै भएको हो त? त्यसो

भए सबै दोषी, किन नयाँ दललाई गाली गर्ने? यिनैले भनेको कुरा ठिके होनि त। हैन भने सरकारमा कोही जान्छौं, कोही आउछौं, यो आउने जाने ढोका चाहिँ बन्द भएको कारणले दुई तिहाइ दुई तिहाई भनेर साथीहरू यसको सतोसराप नगरौं। सरकारले गल्ती, कमजोरी गरेका कुरामा औंला उठाऔं। सरकारको प्रमुख हुनुपर्ने काङ्ग्रेसले यो देश र जनताको हित होस् भनेर सबभन्दा ठुलो दल भएर सेक्रिफाइज गरेको छ। काङ्ग्रेसबाट यो कुरा सिक्न सबै साथीहरूलाई अनुरोध गर्दै मेरो भनाइ अन्त्य गर्दछु। धन्यवाद, जय नेपाल।

(१४:२६ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य गंगा कुमारी बेलबासे समय ९ मिनेट यसपछि माननीय सदस्य इन्दिरा देवी गौतम।

(१४:२७ बजे) माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, २०८२ को हरितालिका तीजको अवसरमा सम्पूर्ण आमा, दिदी, बहिनीहरू सबै सबैमा शुभकामना व्यक्त गर्दछु। हरितालिका तीज महिलाहरूको दु:ख गरेर पनि मिठो खाने, राम्रो लाउने एउटा महत्त्वपूर्ण चाड हो। यातायातको असुविधा हुँदा पनि हिजो बाबा, दाजुभाइ, आमा दिदीबहिनीहरूले घरमा गएकी चेलीलाई लिन जाने, मिठो मसिनो खुवाउने, राम्रो लाउन दिने र पुऱ्याउन जाने एउटा सुन्दर प्रचलन थियो। आज त्यो चाड हाम्रो अगाडि आइपुगेको छ र त्यसको अवसरमा म सबै सबैमा शुभकामना व्यक्त गर्दछु। वर्ष दिनमा भएपनि मिठो खाने राम्रो लाउने र नाचगान गर्ने एउटा सुन्दर चाड हामीले राजनीतिक परिवर्तनका लागि महिलाहरूले त्यसलाई प्रयोग गऱ्यौं। राष्ट्रिय स्वाधीनता, स्वतन्त्रताका लागि हामीले आन्दोलन उठायौं। र पञ्चायती कालरात्रीमा पनि तीजलाई प्रयोग गरेर भेला, बैठक, सभा, सम्मेलनहरू गर्दै हामी राजनीतिक परिवर्तनमा यहाँसम्म आयौं। त्यसैले यो तीज महत्त्वपूर्ण छ र यसको सौन्दर्य, यसको सांस्कृतिक पक्ष र यसको सामाजिक विकृति विसङ्गति विरुद्धका गीतहरू, भावहरूले यसलाई अगाडि बढाउनका लागि समाज त्यो ढंगले अगाडि बढोस् र यसलाई विकृतिको रुपमा हैन। यसलाई संगतिको रुपमा, एउटा सुन्दर पर्वको रुपमा सांस्कृतिक रीतिथितिलाई जोगाउने रुपमा यसलाई अगाडि बढाउनुपर्छ। राम्रा गीतहरू, राम्रा नाचहरू र भेला भेटघाटहरूले यसलाई सुन्दरता थप्नुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु। र यसमा आएका

विकृतिहरूलाई हामीले अन्त्य गर्नका आफ्नो ठाउँबाट पहल, प्रयत्न पनि गर्नुपर्छ भन्ने कुराहरू म राख्न चाहन्छु।

नेपालीहरू विदेशमा गएर कुबेतमा मदिरा सेवनबाट मृत्यु भएका शोकसन्तप्त परिवारहरूमा म हार्दिक गहिरो संवेदना व्यक्त गर्न चाहन्छु। शव लाई नेपाल ल्याउनलाई घरमा परिवारमा राहत दिनका लागि सरकारले सक्दो पहल गरोस्, भन्ने कुराहरू म राख्न चाहन्छु। किसानहरू खडेरी र मलको अभावमा जेनतेन रोपाई गर्नुभयो। जे जति रोप्नु भयो फेरि युरियाको अभावमा छटपटी रहेको अवस्था छ त्यसलाई पूर्ति गर्नका लागि सरकारले के पहल गरिरहेको छ? त्यसको जानकारी दिनका लागि र जनतालाई राहत दिनका लागि समयमा उपलब्ध गराउनका लागि म सरकारसँग अनुरोध गर्दछु। साउन लागि सकेपछि बाटोघाटो बनाउने कामहरू बन्द भएको छ। असारे विकास सकिएको छ। साउन भदौमा शान्त छ। विकास चाहिँ गर्नुपरेको छैन, बाटोघाटो बनाउनु परेको छैन, तर हामीसँग चाडबाडले च्यापेको छ, हामी चाडबाडको नजिकमा छौं। त्यसैले सम्माननीय अध्यक्षज्यू, यी तत्काल उत्तर दक्षिण पूर्व पश्चिमका बाटाहरू मर्मत गर्नका लागि सरकार कहिले जुर्मुराउने हो? कहिले लाग्ने हो? र यो बाटोघाटो कहिले बनाउने हो? जब चाडबाड आउँछ विद्यालयहरू बन्द हुन्छन्, विदेशबाट विदेशबाट नेपालमा दशैं, तिहार मनाउनका लागि नेपालीहरू आउँछन् यहाँको अवस्था यस्तो छ, संकटपूर्ण छ कुनै पनि ठाउँमा गएर समयमा फर्किने अवस्था छैन। त्यसो भएको हुनाले मुग्लिनदेखि काठमाडौंको बाटो, नारायणगढदेखि दाउन्ने बुटवलको बाटो, अन्तर्देशीय राजमार्गहरू जोड्ने उत्तरतिरका दुवै नाकाहरू अहिले अवरुद्ध छन्। त्यसो भएको हुनाले छिटो यो बाटोघाटोहरू मर्मत गरेर, नयाँ बनाउने त सम्भव छैन। मर्मत गरेर खाल्टाखुल्डी पुरेर जनतालाई राहत दिनका लागि सरकार अगाडि बढोस् भन्ने कुराहरू म राख्न चाहन्छु। चाडवाडको अवसर छोपेर रसुवागढीको बाटोहरू अहिले बन्द भएको निहुँ पारेर कालोबजारीहरू बढिरहेको छ। खाद्यान्नदेखि लत्ता कपडाहरूमा भइरहेको कालोबजारीको निगरानी सरकारले गर्न सक्छ कि सक्दैन? सक्दैन भने त जवाफ दिनुपर्‍यो, सक्छ भने निगरानी गर्नका लागि अगाडि बढ्नुपर्‍यो भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर सरकारले अग्रिम टिकट बुकिङ्ग गर्ने समय आइसकेको छ। के सरकारले जनतालाई अग्रिम टिकट बुकिङ नगर टिकट बुकिङ नखोल भन्नुपर्‍यो। हैन भने बाटोघाटोको मर्मत सुधार गरेर जनतालाई राहत दिनका लागि सरकार अगाडि बढ्नुपर्‍यो भन्ने कुराहरू म राख्न चाहन्छु। तातो पानी नाका, रसुवागढी नाका बन्द भएको निहुँमा जे जति बजारमा विकृति बढिरहेको छ, त्यसको लागि सरकारले जानकारी लिने, रनिगरानी गर्ने र तत्काल अनुगमन गरी कालोबजारीलाई कारबाही गर्ने कुरामा अगाडि बढोस् भन्ने

कुरा म दोहो-याउन चाहन्छु। यस्तै गरेर हमासले इजरायलमा गरेको आक्रमणमा अपहरणमा परी बन्दी बनाइएका विपिन जोशीको रिहाईको लागि सरकारले के गरिरहेको छ? सदनलाई जानकारी गराउनका लागि म माग गर्दछु। बिपिन जोशीको आमा र बहिनी इजरायलका राष्ट्रपतिसम्म पुगेको र होस्टेज स्क्वारमा, विशाल सभामा उपस्थित भएर सम्बोधन गर्ने अवसर जुटेको जुन कुरा, छ त्यो एउटा सुखद कुरा हो। एउटा पीडितको परिवारलाई सबैतिरबाट सहयोग, समर्थन भएको हामीले देखेका छौं। राष्ट्रिय रुपमा, अन्तर्राष्ट्रिय रुपमा इजरायली राष्ट्रपति, संसदका अध्यक्ष, विदेश मन्त्रीहरूसँग भेटघाट भएको कुराहरू हामीले थाहा पाएका छौं। विपिनको परिवारको सुरक्षा, संरक्षण र परिवारलाई दिनुपर्ने राहत सरकारले दिइराखेको छ वा छैन हेरिराखेको छ वा छैन? भन्ने कुरा विभिन्न माध्यमबाट होइन हामीलाई तत्काल यस सम्मानित सदनमा उपस्थित भएर सरकारले जानकारी गराओस् भन्ने कुराहरू म राख्न चाहन्छु। सम्मानित सदनलाई सम्बोधन गरोस् भन्ने कुराहरू म राख्न चाहन्छु। यस्तै गरेर आज सरकारका मन्त्रीहरू विभिन्न ठाउँमा, विभिन्न काण्डमा मुछिएका छ। यो भ्रष्टाचार गर्दिन, हुन दिन्न भन्ने सरकारका मातहतका कर्मचारीहरू त्यो ढंगले किन अगाडि बढि राखुभएको छ (...... समय सकिएको।)

(१४:३५ बजे) <u>सम्मानननीय अध्यक्ष</u>:- माननीय सदस्य इन्दिरा देवी गौतम।

(१४:३६ बजे) <u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिस्ट पार्टी, एमाले)</u>:- वैदेशिक रोजगारीका लागि गरिएको कामको सम्झौताभन्दा भिन्न काममा लगाउने, अत्याधिक गर्मीमा कामको दबाब, सडक दुर्घटना, सम्झौता अनुसार तबल नपाउने, समयमा तबल नपाउने, परिवारको ऋण एकलो पनको दबाबका कारण मानसिक तनावले गर्दा आत्महत्यारा घटना पनि उत्तिकै हुने गरेका छन्। साँघुरो बसोबास, उचित खानपानको कमी, जोखिम युक्त जीवन शैलीमा बस्न बाध्य युवा श्रमिकहरूको कष्टकर अवस्थाका विषयमा बारम्बार यहाँ कुरा उठ्ने गरेको छ। यसरी हेर्दा वैदेशिक रोजगारीमा गएका नेपाली युवाहरूको मृत्यु र बढ्दो मृत्यु सङ्ख्याले पीडा बोध हुने गरेको छ। अध्यक्ष महोदय, आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्ममा ३८८७ जना नेपालीको वैदेशिक रोजगारीको क्रममा मृत्यु भएको सरकारी तथ्याङ्कमा देखिन्छ। यसरी पनि २०८०/०८१ मा एक वर्षमा १ हजार ३ सय ४६ जनाको मृत्यु दर्ता भएको थियो। यसमा १ सय ९९ हृदयघात, १ सय ९२ आत्महत्या र बाँकी प्राकृतिक कारण सडक दुर्घटना कार्यस्थलमा काम गर्ने क्रममा दुर्घटनामा परि ज्यान गुमाएका छन्। औसतमा प्रतिदिन ४ जना नेपालीले रोजगारीको कारण विदेशमा ज्यान गुमाउनु परेको देखिन्छ।

वैदेशिक रोजगारीलाई श्रम स्वीकृति लिएर गएकाहरूको सवालमा आइपरेका धेरै खालका समस्याहरू सम्बन्धित निकाय, सरोकारवालाहरूबाट सकेसम्म समयमा नै सम्बोधन भएको देखिन्छ। तर श्रम स्वीकृति नलिइ जानेको सङ्ख्याको हकमा भने धेरै जोखिम र समस्या रहेको छ। यसरी श्रम स्वीकृति नलिइ जानेहरूको सङ्ख्या उल्लेख्य रहेको छ। त्यसमा पनि महिलाहरूको सङ्ख्या धेरै नै छ। श्रम स्वीकृति नलिइ जानेहरूको विदेशमा मृत्यु भएमा उनीहरूको शव नेपाल ल्याउने समस्या चर्को देखिन्छ। महिनौंसम्म शव ल्याउन नपाएर परिवारका सदस्यहरू दोहोरो पीडामा परेका छन्। एकातर्फ परिवारको कमाउन गएको सदस्यको मृत्युको पीडा, अर्कोतर्फ शव ल्याएर परम्पराअनुसार दाहसंस्कार गर्न पनि महिनौं कुर्नुपर्ने पिडा यसको यथोचित सम्बोधन तत्काल गर्नुपर्ने देखिन्छ।

त्यति मात्र होइन, अध्यक्ष महोदय, श्रम स्वीकृति नलिइ गएका श्रमिक बिरामी भए या दुर्घटनामा परे पनि सम्बन्धित रोजगार दाताले उपचार नगरि दिंदा वैकल्पिक उपचारको व्यवस्था नभएर पनि सयौंको सङ्ख्यामा अलपत्र परेको समाचारहरू आइरहेका छन्। त्यसैगरी विदेशी मुलुकको जेलमा रहेका  नागरिकहरूको समस्या अर्को रहेको छ। यी सबै पक्षहरूलाई सम्बोधन गर्ने गरि सरकारका तर्फबाट नयाँ र भरपर्दो नीति निर्माण गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ। नेपाली नागरिकलाई सुरक्षित राख्न र आउँदो पुस्ताका लागि समृद्ध नेपाल र आत्मनिर्भर राष्ट्र निर्माण गर्ने हाम्रो पनि नैतिक जिम्मेवारी हो। संविधानको धारा ३३ मा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको अधिकार र धारा ५१ मा श्रम नीतिको कार्यान्वयनसँग सम्बन्धी छ। श्रमिकको अधिकारको रक्षा, सुरक्षा गर्ने ग्यारेन्टी गर्दै नेपाली नागरिकलाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नतर्फ लाग्नुपर्छ।

वैदेशिक रोजगारीका लागि अनुमति पत्र दिनुलाई मात्र रोजगारीको विकल्पका रूपमा हेरिनु हुँदैन। अध्यक्ष महोदय, नेपालमा वैदेशिक रोजगारी केवल रोजगारीको अवसर मात्र नभएर देशको आर्थिक मेरुदण्ड पनि हो। यसबाट नेपालले वर्षेनी अर्बौं रुपैयाँ रेमिटयान्स भित्र्याइ पनि रहेको छ। यो आम्दानीले हाम्रो अर्थतन्त्रलाई धानि पनि भएता पनि यसको दीर्घकालीन प्रभाव, सामाजिक असर र नीतिगत चुनौतीहरूलाई हामीले संवेदनशील भएर विश्लेषण गर्नु अत्यन्त जरुरी छ। पछिल्ला वर्षहरूमा सरकारले देश भित्रै रोजगारी प्रवर्धन गर्ने उद्देश्यले विभिन्न तह र क्षेत्रका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। यस्ता कार्यक्रमहरू मूलतः बेरोजगार कम गर्ने युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा लगाउने र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने उद्देश्यका साथ ल्याइएका हुन्। जस्तै प्रधानमन्त्री स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कार्यक्रम, सहुलियत पूर्ण कर्जा योजना, कृषि, पशुपालन र सहकारीमा स्वरोजगार प्रवर्धन उद्यमशीलता विकास कार्यक्रम आदि। तर हाम्रा युवाहरू यी कार्यक्रमहरूमा अटाउन र यस तर्फ आकर्षित हुन सकिरहेका छैनन्। किन उनीहरू वैदेशिक रोजगारीमै जान चाहन्छन्। अनेकौं हन्डर खाँदै गैरकानुनी बाटोबाट समेत विदेशिने क्रम रोकिएको छैन। सरकारले स्वरोजगार कार्यक्रमहरूलाई बजेट, नीति तथा कार्यक्रममार्फत निरन्तर प्राथमिकता

दिइरहे पनि यसको कार्यान्वयनमा समन्वयको कमी, स्रोतसाधनको सीमितता, कर्जाको सहज पहुँचको र पारदर्शी वितरणको अभावले गर्दा अपेक्षित नतिजा हासिल गर्न नसकेको देखिन्छ।

यदि हामीले श्रमिकको अधिकार र सुरक्षा सहित उनीहरूको सिपलाई स्वदेशमा नै रोजगारी सिर्जना गर्न सकेनौं भने दीर्घकालमा यो विदेश पलायनको क्रमले दुखद अवस्था सिर्जना गर्नेछ। जनताबाट विश्वास प्राप्त गर्ने वाहानामा गरिएको अन्योल भ्रमपुर्ण प्रचार राजनीतिक दलभित्रका असन्तुष्टिहरूले नै गर्दा पनि आम नागरिकमा आक्रोश र असुरक्षा फैलिएको पाइन्छ। यसले गर्दा हामीले गर्न खोजेका र गर्न थालिएका सकारात्मक परिवर्तन र पहलहरू पनि ओझेलमा परेका छन्। यस तर्फ हामी सबै जिम्मेवार निकायहरू गम्भीर हुन आवश्यक छ। सचेत बनौं, जिम्मेवार बनौं। यसमा नै हामी नेपाली र देशको भलो हुनेछ। हस्त् धन्यवाद।

(१४:४४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू, विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, अव सहरी विकास मन्त्रालयसँग सम्बन्धित प्रश्नोत्तरको कार्यक्रम प्रारम्भ हुन्छ। माननीय सदस्यहरू अव माननीय उपप्रधानमन्त्री एवं सहरी विकास मन्त्री प्रकाशमान सिंहलाई माननीय सदस्यहरूले सोध्ने प्रश्नको जबाफ दिनलाई रोस्टममा आउन आग्रह गर्दछु। माननीय सदस्यहरू अव प्रश्न कर्ता माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीलाई आफ्नो प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:४५ बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत माननीय उपप्रधानमन्त्री ज्यू सँग मेरो प्रश्न यस प्रकार रहेको छ। नुवाकोट जिल्लाको ककनी गाउँपालिका वडा नं. २ मा रहेको बन्चरे डाँडाँमा काठमाडौं महानगरपालिका सहित २१ वटा नगरपालिकाहरूले अस्तव्यस्त रूपमा फालेको फोहोरको राम्रो व्यवस्थापन नहुँदा स्वास्थ्यसँग गम्भीर खेलबाड भइरहेको छ। यो समस्याको निराकरणको लागि २०६८ सालमा बनेको फोहोर मैला व्यवस्थापन ऐन संशोधन जोखिममा परेका वस्तिहरूमा स्वास्थ्य परीक्षणको लागि तत्काल स्वास्थ्य टोलि पठाउने व्यवस्था, शिक्षा, स्वास्थ्य र रोजगारीको व्यवस्था, बन्चरे डाडा ल्यान्डिङ फिल्ड आसपासको क्षेत्रमा तत्काल जग्गा अधिकरण। शलेटार, तल्लो सिउडेनी, पाँडे टोल, द्धि गाउँ लगाएत १२ सय घर धुरीलाई अन्यत्र सार्न पर्ने विषय, फोहोरबाट उत्पन्न व्याक्टेरियाको नियन्त्रण। त्यहाँ थुप्रिने, कुहिने र नकुहिने फोहरको वर्गीकरण गरी विद्युत उत्पादन, कम्पोस्ट मल कारखाना स्थापना र कच्चा पदार्थ प्रशोधन केन्द्र स्थापना गर्नुपर्ने विषयतर्फ सरकारले कसरी काम गरिरहेको छ? म माननीय उपप्रधानमन्त्रीज्यूसँग जान्न चाहन्छु। धन्यवाद।

(१४:४६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय उपप्रधानमन्त्रीज्यू।

(१४:४६ बजे) **माननीय उपप्रधानमन्त्री तथा सहरी विकास मन्त्री श्री प्रकाशमान सिंह**:- अध्यक्ष महोदय, माननीयज्यूको जुन जिज्ञासा राखु भएको छ। त्यसमा खास गरेर फोहोर मैलासँग नै सम्बन्धित भएको कारणले गर्दाखेरि नेपाल सरकारले नागरिकलाई संविधान प्रदत्त हकको रूपमा प्रत्याभूत गरिएका स्वच्छ वातावरणको हक, नेपालको संविधान धारा ३० र स्वास्थ्य सम्बन्धित हक धारा ३५ समेतका हक स्थापित गर्ने तीनै तहको सरकारबाट संविधान प्रदत्त अधिकार प्रचलित ऐनकानुन र स्वीकृत बजेटको अधीनमा रहि कार्यान्वयन भइ रहेको छ। नेपालको संविधानको अनुसूची ८ क्रम सङख्या ९ मा आधारभूत स्वास्थ्य र सरसफाइ स्थानीय तहको एकल अधिकारमा पर्ने विषय उल्लेख भएको छ। फोहोर मैला व्यवस्थापन ऐन, २०६८ बमोजिम फोहोरमैलाको प्रवर्धन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। अध्यक्ष महोदय, नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७५/०८/१७ गतेको निर्णय बमोजिम काठमाडौं उपत्यकामा फोहोर मैलाको दीर्घकालीन व्यवस्थापनका लागि बन्चरे डाँडाँमा सेनेटरी ल्यान्ड फिल्ड साइडको पूर्वाधार निर्माण गर्ने जिम्मेवारी सहरी विकास मन्त्रालयलाई तोकिएकोमा सहरी विकास तथा भवन निर्माण विभाग मार्फत उक्त ल्यान्ड फिल्ड साइडको करिब ४० मिटर उचाइको बाँध मध्ये हाल २५ मिटर उचाइको बाँध सहितको सम्पूर्ण भौतिक पूर्वाधार निर्माण सम्पन्न गरि सञ्चालनको लागि काठमाडौं महानगरपालिकालाई उपलब्ध गराइएको छ। हाल बाँधको उचाइ बढाउने निर्माण कार्यको खरिद प्रकृया अगाडि बढेको छ।

काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापनमा प्रयोग भएको स्थानीय सिस्डोल र बन्चरे डाँडाँ सेनेटरी ल्यान्ड फिल्ड साइडको पहुँच मार्गका विभिन्न विकल्पहरू अध्ययन एवं सिस्डोल क्षेत्रमा फोहोरबाट उत्पन्न लिचेत व्यवस्थापन र स्थानीय बासीहरूको विभिन्न मागहरू यथासम्भव सम्बोधन तथा अन्य आवश्यकता अनुसार कार्यहरू यस मन्त्रालयबाट सम्पादन हुँदै आएका छन्। बन्चरे डाँडाँमा काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थित ढङ्गले विसर्जन गर्ने फोहोरबाट उत्पन्न ब्याक्टेरीयाको नियन्त्रण गर्ने, कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरि विद्युत उत्पादन गर्ने, कम्पोस्ट मलको कारखाना स्थापना गर्ने, कच्चा पदार्थ प्रशोधन केन्द्र स्थापना गर्ने र स्थानीय बासीहरूको समस्या समाधान गर्ने जस्ता विषयहरूमा काठमाडौं महानगरपालिका र अन्य सम्बन्धित निकायहरू सँग समन्वय र सहकार्य हुँदै आएको छ। बन्चरे डाँडाँमा प्रभावित क्षेत्र एकिन गर्न र वातावरणीय प्रभावहरू अध्ययन गर्नको लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भइ पूरक वातावरणीय प्रतिवेदन तयार गर्ने कार्य अघि बढिरहेको छ। सहरी विकास मन्त्रालयले फोहोरमैला व्यवस्थापन ऐन २०६८ को समय सापेक्षिक रूपमा संशोधन गर्न उक्त ऐन संशोधनको मस्यौदा उपर राय परामर्श सङ्कलन गरि परिमार्जन गर्ने कार्य गरिरहेको कुरा जानकारी गराउन चाहन्छु।

(१४:५१ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- प्रश्न कर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोध्न चाहनुहुन्छ भने प्रश्न सँग केन्द्रित रहि १ मिनेट भित्र पूरक प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:५१ बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिस्ट पार्टी, माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय मन्त्रीज्यूले विस्तार पूर्वक दिनु भएको उत्तर प्रति मन्त्रीज्यूलाई आदरपूर्वक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै यो प्रश्नमा मेरो प्रश्न आइसकेकोले पूरक प्रश्न नरहेको जानकारी गराउँछु। धन्यवाद।

(१४:५२ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू अब प्रश्नकर्ता माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारीलाई अर्को प्रश्न सोध्न समय उपलब्ध गराउँछु।

(१४:५२ बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी ,माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदय मार्फत् माननीय उप प्रधानमन्त्रीज्यूसँग मेरो प्रश्न यस प्रकारको रहेको छ भौगोलिक रूपमा विकट र विपद्को उच्च जोखिम युक्त स्थानका बस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउने असहाय तथा सीमान्तकृत समुदायलाई व्यवस्थित बस्तीमा स्तर उन्नति गर्ने भनेर पूर्ववर्ती सरकारले गरेको निर्णयहरूबाट सरकार पछाडी हट्नु पर्ने कारण के होला? म प्रश्न जान्न चाहन्छु।

(१४:५३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय उपप्रधानमन्त्रीज्यू।

(१४:५३ बजे) <u>माननीय शहरी विकास मन्त्री तथा उपप्रधानमन्त्री श्री प्रकाशमान सिंह</u>:- अध्यक्ष महोदय, यो भौगोलिक रूपमा विकट र विपदको उच्च जोखिम युक्त स्थानका बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउने र असहाय तथा सीमान्तकृत समुदायलाई व्यवस्थित बस्ती स्तरोन्नति गर्ने भनेर पूर्ववर्ती सरकारले गरेको निर्णयबाट हालको सरकार पछि हटेको छैन। सो सँग सम्बन्धित

कार्यक्रम हाल पनि २०७२ सालको भूकम्प पश्चात पुनः निर्माणका लागि गठित केन्द्रीय आयोजना कार्यान्वयन भवन तथा आवास मार्फत् कार्यान्वयन भइरहेको छ। हालसम्म गोर्खा, धादिङ, रसुवा, नुवाकोट, काभ्रेपलाञ्चोक, सिन्धुपलान्चोक, लगायत जिल्लामा यो ९७ वटा एकीकृत बस्ती पूर्वाधार निर्माण सम्पन्न भएका छन् भने ९ वटा हाल कार्यान्वयनमा रहेका छन्। त्यसैगरी एकीकृत बस्ती विकास कार्यक्रम अन्तर्गत सहरी विकास तथा भवन निर्माण विभाग मार्फत् मुगुको रारा यो छायानाथ नगरपालिकामा ३४ र डडेल्धुराको परशुराम नगरपालिकामा ३२ गरी, बाढी, पहिरोबाट विस्थापित जम्मा ६६ परिवारको लागि आवास निर्माणका कार्य भएको र अन्य पूर्वाधार निर्माणको लागि आर्थिक वर्ष २०८२/०८३ मा समेत क्रमशः ४ करोड र ३ करोड बजेटको व्यवस्था रहेको छ। अध्यक्ष महोदय, नेपालको संविधान बमोजिम यो आवास विहीन नेपाली नागरिकलाई उपयुक्त र सुरक्षित आवास सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न आवासको अधिकार सम्बन्धित ऐन, २०७५ जारी भएको छ। प्रत्येक नागरिकको लागि आवासको अधिकार, त्यसको अधिकारको सम्मान, संरक्षण र परिपूर्तिको लागि हालै मात्र आवासको अधिकार सम्बन्धित नियमावली समेत मन्त्री परिषदमा पेस भएको र सो नियमावली स्वीकृत भए पश्चात प्रत्येक स्थान तहबाट यो आवास विहीनहरूको लगत राख्ने व्यवस्था रहेको छ। जस पश्चात एकीकृत बस्ती विकास कार्यक्रम अझै बृहत् रूपमा लागू हुँदै जानेछ। त्यसैगरी सीमान्तकृत समुदायलाई लक्षित व्यवस्थित बस्ती स्तरोन्नति सम्बन्धमा जनता आवास कार्यक्रम हाल संघीय सरकारबाट प्रदेश सरकारमा हस्तान्तरण भई कार्यान्वयनमा रहेको जानकारीको लागि अनुरोध गर्दछु।

(१४:५६ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्यहरू अब प्रश्नकर्ता माननीय सदस्यलाई पूरक प्रश्न सोधन चाहनु हुन्छ भने प्रश्नको सम्बन्धित विषयमा केन्द्रीकृत रही १ मिनेट भित्र पूरक प्रश्न सोधन समय उपलब्ध गराउँछु।

(१४:५६ बजे) <u>माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी ,माओवादी केन्द्र)</u>:- सम्माननीय अध्यक्ष महोदय, मेरो प्रश्नको उत्तर माननीय उप प्रधानमन्त्रीज्यूले विस्तार पूर्वक दिनु भएकोमा फेरि पनि मन्त्रीज्यूलाई आदरपूर्वक धन्यवाद ज्ञापन गर्न चाहन्छु। साथै सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदय मार्फत् माननीय उपप्रधानमन्त्रीज्यूलाई मेरो पूरक प्रश्न पहिले नै उच्च जोखिममा

रहेको नुवाकोटको सूर्यगढी गाउँपालिका वडा नं १ को काउलेमा ९० घरहरू मध्ये २५ घर अहिले त्यहाँबाट उठेर खुला चौरमा पाल हालेर बसेको अवस्था छ। ती लगायत देशै भरीका असुरक्षित बस्तीका सबै जनतालाई सुरक्षित स्थानमा सार्नका लागि तत्काल सरकारसँग के योजना छ? माननीय उपप्रधानमन्त्रीज्यूसँग प्रश्न गर्न चाहन्छु। धन्यवाद।

(१४:५७ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय उपप्रधानमन्त्रीज्यू।

(१४:५७ बजे) <u>माननीय शहरी विकास मन्त्री तथा उपप्रधानमन्त्री श्री प्रकाशमान सिंह</u>:- अध्यक्ष महोदय, यो जुन भूकम्पको कारण गर्दाखेरी प्राकृतिक प्रकोपको कारणले गर्दा यो जुन घरबास उठीबास भएका व्यक्तिहरूका लागि त्यसमा खास गरेर नेपाल सरकारले त्यसलाई सुरक्षित स्थानमा स्थानान्तरणको लागि हामीले त्यसमा अध्ययनहरू गरिरहेको र काम पनि गर्नुको लागि त्यसमा सम्बन्धित निकायहरूसँग समन्वय गरेर यसलाई चाँडो भन्दा चाँडो यसलाई सम्बोधन गर्नको लागि नेपाल सरकार अगाडी बढिरहेको कुरा म जानकारी गराउन चाहन्छु।

(१४:५८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- अब माननीय उप प्रधानमन्त्रीज्यूलाई आसन ग्रहणको लागि अनुरोध गर्छु। माननीय सदस्यहरू अब विधायन व्यवस्थापन समितिका माननीय सभापति तुलसा कुमारी दाहाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त नेपाल नागरिकता दोस्रो संशोधन विधेयक २०८१ सम्बन्धी विधायन व्यवस्थापन समितिको प्रतिवेदन सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:५९ बजे) <u>विधायन व्यवस्थापन समितिका सभापति श्री तुलसा कुमारी दाहाल</u>:- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको सम्वत् २०८२ साल साउन ६ गते बसेको बैठकले प्रतिनिधिसभाबाट पारित भई सन्देश सहित प्राप्त नेपाली नागरिकता दोस्रो संशोधन विधेयक, २०८१ दफावार छलफलका लागि विधायन व्यवस्थापनमा समितिमा पठाइएको थियो। यस विधेयकले मूलतः संविधानमा व्यवस्था भएबमोजिम बाबुको पहिचान नभएको व्यक्तिलाई आमाको नामबाट नागरिकता प्रदान गर्ने र आमा वा

बाबु मध्ये कुनै एकको नाम, थर, ठेगाना नेपाली नागरिकताको प्रमाण पत्रमा उल्लेख गर्न नचाहने व्यक्तिलाई त्यस्तो विवरण उल्लेख नगरी नेपाली नागरिकताको प्रमाण पत्र प्रदान गर्ने उद्देश्य लिएको छ। यस विधेयक उपर ३६ जना माननीय सदस्यहरूले ३५ वटा बुँदामा संशोधन प्रस्ताव दर्ता गराउनु भएको थियो। प्राप्त संशोधन प्रस्ताव सहित विधेयक माथि सम्वत् २०८२ साल साउन २६ गते सैद्धान्तिक छलफल भएको थियो। तत्त पश्चात समितिले दफावार छलफल प्रारम्भ गरेको थियो। विधेयकको कार्यसूचीमा आधारित भएर समितिको जम्मा ४ वटा बैठक बसेको थिए। प्रस्तुत विधेयकले कुनै व्यक्तिको बाबु सम्पर्क बिहिन भएको वा बाबु यिनै हुन् भनि पहिचान गराउन नसकेको वा जन्म दर्ता वा शैक्षिक योग्यताको प्रमाण पत्रमा बाबुको नाम उल्लेख भएको तर निजको बाबु हाल सम्पर्कमा नरहेको भनी त्यस्तो व्यक्ति वा निजको आमाले सो घोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान नभएको मानी नेपालको नागरिकता प्रदान गर्ने। कुनै व्यक्तिले नागरिकताको प्रमाण पत्र आमा वा बाबु मध्ये कुनै एकको नाम, थर र ठेगाना उल्लेख गर्न नचाहेको भए निवेदन दिएमा त्यस्तो व्यक्तिलाई दिइने नेपाली नागरिकताको प्रमाण पत्र निजले उल्लेख गर्न नचाहेको आमा वा बाबुको नाम, थर, ठेगाना उल्लेख नगरी नेपाली नागरिकताको प्रमाण पत्र प्रदान गर्ने तथा १६ वर्ष उमेर पूरा भएका बालबालिकालाई नाबालक परिचयपत्र प्रदान गर्ने सहितका विषयलाई नेपाल नागरिकता ऐनमा समावेश गर्ने गरी प्रतिवेदन पारित भएको छ। समितिका बैठकहरूमा विधेयक प्रस्तोता मन्त्री, संशोधनकर्ता माननीय सदस्यहरू, विधेयक प्रस्तुता गृह मन्त्रालय सम्बद्ध कर्मचारीहरू, कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय सम्बद्ध कर्मचारी लगायतको उपस्थित रहेको थियो। कुल ८ वटा दफामा रहेको यस विधेयकमा प्रतिवेदनले ६ वटा दफामा संशोधन गरी विधेयकलाई थप परिमार्जन गरेको छ। यस विधेयकमाथि भएका छलफलहरूमा सहभागी हुनको साथै प्रतिवेदन लेखन समेतमा सहयोग गर्नुहुने सम्बद्ध पक्ष हार्दिक धन्यवाद व्यक्त गर्दछु। सम्माननीय अध्यक्ष महोदयको अनुमतिले समितिद्वारा सम्वत् २०८२ साल भदौं १ गते पारित नेपाली नागरिकता दोस्रो संशोधन विधेयक २०८१ सम्बन्धी प्रतिवेदन यस सम्मानित सदन समक्ष पेस गर्दछु। धन्यवाद।

(१५:०२ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्यहरू, अब म सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति माया प्रसाद शर्मा राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धी नीतिगत समस्या सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ सभा समक्ष पेस समय उपलब्ध गराउँछु।

(१५:०२ बजे) **सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति श्री माया प्रसाद शर्मा**:- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यहरू सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले विकास र संरक्षण बीचको विवादको रूपमा रहेको राष्ट्रिय निकुञ्ज सँग सम्बन्धी नीतिगत समस्याहरूको अध्ययन गरि सम्मानित राष्ट्रिय सभा समक्ष प्रतिवेदन पेस गर्ने उद्देश्यले राष्ट्रिय निकुञ्जहरूको स्थलगत अवलोकन गर्नका साथै संरक्षण विकाससँग सम्बन्धी राष्ट्रिय निकुञ्ज प्रभावित स्थानीय समुदाय सम्बन्धित क्षेत्रका जनप्रतिनिधिहरू निकुञ्ज प्रशासनमा कार्यरत राष्ट्र सेवक कर्मचारीहरू मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति र उपभोक्ता समितिका पदाधिकारिहरूसँग छलफल तथा अन्तरक्रिया गरेको थियो। यही असार ३ गते सुझाव सहितको प्रतिवेदन समिति समक्ष पेस गरेको थियो। उपसमितिले समिति समक्ष पेस गरेको प्रतिवेदनमा समितिमा पुनः छलफल गरी परिमार्जित सहित पारित गरेको यो प्रतिवेदन सम्मानित सभा समक्ष प्रस्तुत गरेका छौं।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावलीको तेस्रो संशोधनले केहि नविनत व्यवस्थाहरूको प्रवेश गराएको थियो। तीनै व्यवस्थाहरू मध्येको एउटा व्यवस्था संसदले सार्वजनिक नीतिको क्षेत्रमा अध्ययन अनुसन्धान गरेर सरकारलाई सुझाव तथा निर्देशन दिने व्यवस्था पनि हो। सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको कार्य क्षेत्रभित्र पर्ने गरी व्यवस्थापनको गरिएको सार्वजनिक नीतिको अध्ययन अन्तर्गत समितिले नेपाल सरकारका क्षेत्रगत नीतिहरूको मस्यौदा चरणमा छलफल गरी सुझाव उपलब्ध गराउने र जारी भएका नीतिहरूको अध्ययन, अनुगमन, विश्लेषण, मूल्याङ्कन गरी आवश्यक सुझाव र निर्देशन दिन् सक्ने व्यवस्था नियमावलीले गरेको छ। संसदीय व्यवस्थाको इतिहासमा पहिलो पटक स्थानीय जनप्रतिनिधिहरूसँग छलफल गरी समस्याको पहिचान गरेको थियो। त्यसरी नै निकुञ्जसँग सम्बन्धित कानुनहरू तथा संरक्षण विकाससँग सम्बन्धित सर्वोच्च अदालतको फैसलाको अध्ययन तथा विश्लेषण सहित संरक्षण विकासका क्षेत्रमा काम गर्ने सरकारी निकायहरू र अन्य संघसंस्थाको प्रतिनिधिहरूसँग छलफल तथा अन्तरक्रिया गरेर समस्याको पहिचान गरी समाधानका लागि सुझाव सहितको यो प्रतिवेदन तयार परिएको छ।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय निकुञ्जले वन र वन्यजन्तुको संरक्षण मात्र गरेको छैन। यसले वातावरण पारिस्थितिकीय प्रणालीको सुरक्षा र संरक्षणमा समेत महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ साथै पर्यापर्यटन, उत्पादन, रोजगारमूलक, कार्यक्रमहरूमार्फत मध्यवर्ती क्षेत्रका जनताको जीवनस्तर सुधारमा समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। निकुञ्ज तथा वन्यजन्तु संरक्षण मूलकको विकासको लागि मात्र नभएर दिगो विकास र वातावरण संरक्षणका दृष्टिले पनि महत्त्वपूर्ण छ। यहाँ

विकास र संरक्षण दुई फरक धारका विषयहरू भएर आएका छन्। ती दुवै हाम्रा लागि अनिवार्य पनि छन् संरक्षण बिनाको विकासले हामीलाई सङ्कटतर्फ धकेल्न सक्छ भने उपभोग बिनाको संरक्षणको औचित्य पुष्टि हुन सक्दैन। तर संरक्षण र विकास बीचको सन्तुलन मिलाउन त्यही सहज भने छैन। विकासले ल्याउने निकासले संरक्षणलाई क्षतविच्छेद बनाउन सक्छ। त्यसैले हामीले विकासका कार्य गर्दा विकासलाई दिगो र परिणाम मुखी बनाएर संरक्षण सहितको विकासको मोडल उपयोग गर्नु पर्छ। त्यसरी नै संरक्षणको कुरा गर्दा समेत निरपेक्ष रूपमा नगरी उपयोग विकास सहितको संरक्षण हाम्रो ध्यान जान जरुरी छ। संरक्षणलाई मानव जाति वन तथा वातावरण वन्यजन्तु सबैको हित हुने दिशामा अगाडी बढाउन जरुरी छ। आज जलवायु परिवर्तनको भयावह प्रभाव हामीले भोगीरहेका छौं। चुरे, पहिरो देखि मेलम्चिमा आएको बाढी र रसुवाको भोटे कोशीमा आएको बाढी लगायतका हामीले भोगेका क्षतिको समीक्षा हामीले गर्न पर्ने हुन्छ। समितिले सरोकार राख्ने निकायका प्रतिनिधिसँग लामो छलफल तथा अन्तरक्रिया गरेर तयार गरेको यो प्रतिवेदनले विकास संरक्षणका क्षेत्रमा देखेका फरक धारणालाई साँघुरो पारि संरक्षण सहितको विकासको कार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याउने विश्वास मैले लिएको छु साथै यस प्रतिवेदनले गरेको सिफारिसका आधारमा विकास निर्माण संरक्षणको काम गर्न यो प्रतिवेदन सहयोगी हुने विश्वास मैले लिएको छु।

सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले राष्ट्रिय निकुञ्जसँग सम्बन्धित नीतिगत समस्याको अध्ययन गरी सुझाव सहितको प्रतिवेदन तयार गर्न महत्त्वपूर्ण योगदान गर्ने सार्वजनिक नीति अध्ययन उपसमितिका संयोजक सहित समितिका माननीय सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्दछु। समितिलाई निरन्तर सल्लाह, सुझाव, निर्देशनको लागि सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यूप्रति समितिको तर्फबाट आभार व्यक्त गर्न चाहन्छु। समितिको कार्य सम्पादनमा निरन्तर सहयोग गर्ने समिति सचिवालयका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरू, संघीय संसद सचिवालयको महासचिव, राष्ट्रिय सभाका सचिव लगायत सम्पूर्ण टीमलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु। समितिलाई आवश्यक स्रोत साधन सहयोगको लागि संघीय संसद सचिवालय परिवार र संघीय संसद सहयोग परियोजनालाई राष्ट्रिय निकुञ्ज कार्यालयलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु। समितिको आमन्त्रणलाई स्वीकार गरी समितिमा आएर सल्लाह सुझाव उपलब्ध गराउने नेपाल सरकारका माननीय मन्त्रीज्यूहरू, प्रदेश मन्त्रालयका माननीय मन्त्रीज्यूहरू, नेपाल सरकारका सचिवज्यूहरू, प्रदेश सरकारका सचिवज्यूहरू, नेपाल सरकारका विभिन्न विभागका विभागीय प्रमुखहरू, अन्य सरकारी तथा गैर सरकारी निकायका प्रतिनिधि सञ्चार कर्मी साथी लगायत सबैमा धन्यवाद ज्ञापन गर्न चाहन्छु। अन्त्यमा, समितिले तयार पारेको यो प्रतिवेदनले

विकास निर्माण संरक्षणको क्षेत्रमा देखिएको द्वन्द्व समाधान गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वासका साथ सम्माननीय अध्यक्ष मार्फत सम्मानित सभा समक्ष पेस गर्दछु। सम्मानित सभामा यो प्रतिवेदन छलफलको व्यवस्था मिलाई दिनु हुन् सम्माननीय अध्यक्ष समक्ष अनुरोध गर्दछु। धन्यवाद।

(१५:११ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, अब माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई सामाजिक सञ्जाल विधेयक, २०८१ माथि विचार गरियोस् भने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:१२ बजे) माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पृथ्वी सुब्बा गरुङ :- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सामाजिक सञ्जाल विधेयक, २०८१ माथि विचार गरियोस् भने प्रस्ताव यस सम्मानित समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:१२ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू, माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गर्नु भएको सामाजिक सञ्जाल विधेयक, २०८१ माथि विचार गरियोस् भने प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा विधेयक र सो सँग सम्बन्धित विधेयकका दफाहरूमा सैद्धान्तिक पक्षमा मात्र छलफल गर्ने सक्ने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु। छलफलमा भाग लिन चाहनु हुने माननीय सदस्यहरूले आ-आफ्नो नाम २ मिनट भित्र अध्यक्षको डयससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्यहरूलाई ३ मिनटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य डा. अन्जना शाक्य।

(१५:१३ बजे) माननीय डा. अन्जान शाक्य (मनोनित):- सम्माननीय अध्यक्ष महोदय, आज हामी एउटा यस्तो विधेयक माथि छलफल गर्दैछौं। जुन समयको माग मात्र होइन हाम्रो सामाजिक स्वास्थ्य र राष्ट्रिय सुरक्षाको अनिवार्य आवश्यकता पनि हो। त्यो हो सामाजिक सञ्जाल विधेयक सामाजिक सञ्जाल सूचना विचार र सम्बन्धको यस्तो शक्तिशाली माध्यम बनेको छ। जसको सकारात्मक

प्रयोगले समाजलाई जोड्छ भने दुरुपयोगले विकृति, घृणा र अपराधलाई जन्म दिन्छ। यसलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन हाम्रो साझा दायित्व हो। लोकतान्त्रिक मुलुकहरूले पनि सामाजिक सञ्जाललाई जवाफदेही बनाउन विभिन्न कानुनी प्रयासहरू गरिरहेका छन्। जर्मनीको नेट्स डीजी कानुनले सामाजिक सञ्जालमा घृणायुक्त अभिव्यक्ति र गैरकानुनी सामग्री २४ घण्टाभित्र हटाउनु पर्ने बाध्यता तोकेको छ। अन्यथा ठुलो जरिबाना लाग्ने व्यवस्था छ। फ्रान्सले घृणा युक्त भाषण र साइबर बुलिंग विरुद्ध कडा कानुन बनाएको छ। सिंगापुरको पोपमा ऐनले सरकारलाई सामाजिक सञ्जालमा गलत सूचना फैलाउने सामग्री हटाउन वा सच्याउन आदेश दिने अधिकार दिएको छ। अस्ट्रेलियाले हिंसात्मक सामग्री र आतङ्कवादी गतिविधि रोक्न कडा नियम लागू गरेको छ। बेलायतको अनलाइन सेफ्टी बिलले सामाजिक सञ्जाल प्लेटफार्मलाई गैरकानुनी र हानिकारक सामग्रीको लागि जिम्मेवार बनाउँछ। भारतको आईटी रूल्सले सामाजिक सञ्जाल कम्पनीहरूलाई प्रयोगकर्ताहरूको गुनासो सुन्न र गैर कानुनी सामग्री हटाउने बाध्य पार्छ। तसर्थ, साथै यी कम्पनीहरूले भारतमा आफ्नो कार्यालय खोल्नु पर्ने र स्थानीय अधिकारीहरू नियुक्त गर्न पर्ने प्रवर्धन छ। चीनले सामाजिक सञ्जालमा कडा नियन्त्रण गरेको छ। युरोपेली संघको जीडीपीआरले डाटा सुरक्षालाई प्राथमिकता दिएको छ भने डीएसएले गैर कानुनी सामग्री हटाउन सुरक्षित वातावरण बनाउन प्लेटफार्महरूलाई  बाध्य पारेको छ। फेसबुक, ट्युटर जस्ता प्लेटफार्महरू आफैले पनि हिंसा, घृणा र गलत सूचना रोक्न आफ्नै  मापदण्ड बनाएका छन्। यसले के देखाउँछ भने नियमनको आवश्यकता एउटा विश्वव्यापी यर्थात् हो हाम्रै नेपाल प्रहरीको साइबर ब्यूरोको तथ्याङ्क हर्ने हो भने पनि सामाजिक सञ्जालको दुरुपयोग सिर्जित अपराधको ग्राफ डर लाग्दो गरि उकालो लागिरहेको छ। सामाजिक सद्भाव खलबल्याउने सांस्कृतिक सहिष्णुता माथि प्रहार गर्ने व्यक्तिगत चरित्र हत्या गर्ने प्रवृत्ति बढेको छ। यसलाई रोक्न यो विधेयक महत्त्वपूर्ण औजार बन्न सक्छ तर यहाँ निर म स्पष्ट पार्न चाहन्छु यो विधेयकको उद्देश्य अभिव्यक्ति स्वन्त्रतालाई खुम्च्याउनु होइन बरु यसलाई जिम्मेवार बनाउनु हो। संविधानले दिएको अधिकारको प्रयोग गर्दा राष्ट्रियता सामाजिक सद्भाव र सार्वजनिक नैतिकता माथि खल्ल पुऱ्याउन पाइँदैन।  त्यसैले नागरिक समाज सरोकारवालाहरूले उठाएका जायज चिन्ताहरूलाई सम्बोधन गर्दै यो विधेयक नियन्त्रण मुखी होइन नियमनमुखी हुनु पर्छ। सामाजिक सञ्जाल नागरिकको सशक्तिकरण, सिर्जणात्मक, अभिव्यक्तिको प्रवर्धन र राष्ट्रिय विकासमा योगदान पुऱ्याउने माध्यम बन्नु पर्छ। अन्त्यमा अध्यक्षज्यूमार्फत म के भन्न चाहन्छु भने यस विधेयकलाई थप परिपक्कको सन्तुलित र प्रभावकारी बनाउन विधायन समितिमा दफावार छलफलका लागि पठायोस् हाम्रो लक्ष्य एउटै हो सामाजिक सञ्जाल नागरिक सशक्तिकरण र राष्ट्रिय समृद्धिको औजार बनोस् सामाजिक विखण्डनको  होइन। धन्यवाद।

(१५:१६ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य घनश्याम रिजाल।

(१५:१६ बजे) माननीय श्री घनश्याम रिजाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):- सम्माननीय अध्यक्ष महोदय, हामी सामाजिक सञ्जालको सञ्चालन प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक माथि छलफल गरिरहेका छौं। यो विधेयक सामाजिक सञ्जालको सही व्यवस्थित प्रयोग गरी सामाजिक सञ्जालका सञ्चालक र प्रयोगकर्तालाई जिम्मेवार तथा जवाफदेही र सुरक्षित व्यवस्थित बनाउन यो विधेयक आवश्यक छ। पीडकका अधिकार रक्षाका लागि द्रुत प्रतिकार्य समूह गठनको व्यवस्था र सामाजिक सञ्जाल प्रयोगकर्ताको हित रक्षाको लागि सचेतनामूलक कार्यक्रम सञ्चालनको व्यवस्था यो विधेयकका राम्रा पक्षहरू हुन्। सम्माननीय अध्यक्ष महोदय, हाम्रो संविधानले विचार अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक हकको रूपमा व्याख्या गरेको छ। सामाजिक सञ्जाल नागरिकहरूले आफ्नो विचार, अभिव्यक्ति गर्ने आफ्ना असन्तुष्टिहरू राख्ने महत्त्वपूर्ण प्लेटफर्मको रूपमा प्रयोग गरिरहेका छन्। यो विधेयकको कतिपय प्रावधानहरू नियमन हैन नियन्त्रण मुखी छ सरकारले कतै आफ्नो यो दुई तिहाइको बलियो सरकारले आफ्नै निरङ्कुशता यो विधेयक माथि लाग्न खोजेको जस्तो यसका कतिपय प्रावधानहरूमा देख्न सकिन्छ। विचार र अभिव्यक्ति, स्वतन्त्रतालाई नियन्त्रण, लोकतान्त्रिक गणतन्त्रका लागि पेचिदो विषय बन्ने छ। अध्यक्ष महोदय, सामाजिक सञ्जालमा आएका विषयहरूलाई लाइक, कमेंट, शेयर गरेकै भरमा सजायको भागीदार हुनु पर्ने लाखको जरिबाना र वर्षेको जेल सजाय जस्ता प्रावधानहरू यो अव्यवहारिक मात्र हैन यो आपत्ति जनक विषयहरू पनि हुन भने म आफ्नो भनाइ राख्न चाहन्छु। विधायनको प्रस्तावना देखिने अस्पष्ट दोहोरो अर्थ दिने कतिपय व्यवस्थाहरू समेटिएको छ। प्रशासनिक अङ्गहरूलाई न्यायिक अधिकार दिइएको छ भने सफाईको मौका समेत नदिने कतिपय प्रावधानहरू यो विधेयकमा छ कतिपय अपराध सहिंता भएका विषय दोहरिएका छन्। यस्तो विषयमा यो गरिमा सदनले ध्यान दिनेछ ध्यान पुर्‍याउनेछ भने विश्वास व्यक्त गर्दछु र विधायन समितिमा विस्तृत रूपमा दफावार छलफल हुने अपेक्षा राख्दै म आफ्नो भनाइ अन्त्य गर्दछु। धन्यवाद।

(१५:१८ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य सुरेश कुमार आलेमगर।

(१५:१९ बजे) मानननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, यो सामाजिक सञ्जालको सम्बन्धमा एउटा विधेयक सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक यहाँ प्रस्तुत गरिएको छ र हामी यसबारे छलफल गरिरहेका छौं। यो विधेयक एकदम आवश्यक विधेयक थियो। यो आएको छ, यसलाई म स्वागत गर्न चाहन्छु। तर सरकारको यो झण्डै दुई तिहाइको बहुमतको सरकारले जुन प्रकारको गतिविधि गरिरहेको छ। त्यसलाई हेर्दाखेरि हामी धेरै सतर्क हुनुपर्ने आवश्यकता छ। अघि मैले शून्य समयमा भनेको थिए विभिन्न राज्यका संयन्त्रहरूलाई कब्जा जमाएर जुन प्रकारले एउटा राज्य आतङ्क खडा किसिमबाट यो सरकार अगाडि बढीरहेको छ, त्यसै सन्दर्भमा यो विधेयक पनि एउटा औजार बन्ने त होइन? एउटा शङ्का गर्नुपर्ने त्यहाँनिर ठाउँ छ। हुन त यसमा नियमन भनिएको छ, नियन्त्रण भनिएको छैन। कहीं यो नियमन हात्तीको देखाउने दाँत तर नियन्त्रण खाने दाँत त हुने होइन? यहाँनिर शङ्का छ। सम्माननीय अध्यक्ष महोदय, निश्चित रूपमा सबै ऐन कानुनहरू राम्रा नै हुन्छन्, राम्रो गर्ने भन्ने उद्देश्यले ल्याइएको हुन्छ यासचमै हामीले खोट देखाउन सक्दैनौं तर त्यसको सञ्चालनकर्ता, त्यसको एक्टर, त्यसको लागूकर्ता को हुन्छ भन्ने कुरा हुन्छ। त्यसैले हामीले यो बारेमा यो कुरा राख्न बाध्य भएका छौं। निश्चित रूपमा यो सामाजिक सञ्जाल, विभिन्न प्रकारका मिडियाहरू मानवजातीको विकासको परिसहायक हुन्। विज्ञान र सूचना प्रविधिको क्षेत्रमा मानवजातीले धेरै विकास गरेको छ। त्यसले मान्छेलाई धेरै सजिलो बनाएको छ। हामीलाई पहिले-पहिले पत्र आउनका लागि बेलायतबाट पत्र आउनका लागि ६ महिना लाग्थ्यो, भारतबाट १०/१५ दिन लाग्थ्यो। अहिले तुरुन्तका-तुरुन्तै हामी कुरा गर्न सक्छौं, यी धेरै सराहनीय उपलब्धिहरू हुन्। तर यी उपलब्धिहरूको दुरुपयोग पनि निश्चित रूपमा भएको छ। विभिन्न देशमा यसलाई नियमन गर्नका लागि कानुन बनाइएका छन् र सोही सन्दर्भमा नेपालमा पनि यो जरुरी छ। तर त्यसको के छ भन्दाखेरि धेरै त्यसलाई त्यतातिर प्रयोग गर्ने भन्दा पनि कही आफ्नो यो सरकारले आफ्नो तानाशाही हिस्सालाई आफ्नो विरोधीहरूलाई दमन गर्ने, आफ्नो विरुद्धमा हुने जुन टीकाटिप्पणी छ, आफ्नो जुन आलोचना छ, आलोचना सुन्न, सहन नसक्ने जुन प्रवृत्ति छ, त्यसलाई बल दिनका लागि यो विधेयकलाई प्रयोग गर्ने त होइन भन्ने कुरा मात्रै हो। होइन भनेदेखि यो विधेयक जुन आएको छ, यसमा जुन केही दण्ड सजायका प्रावधानहरू छन्। ती पनि कठोर प्रकारका छन्। त्यो सबैलाई मध्यनजर गरेर यी कुरा हामीले उठाएका हुन्। यसलाई जे होस्, यसलाई अझै परिमार्जन गर्नका लागि विधायन समितिमा पठाउनु पर्दछ भन्ने कुरा राख्न चाहन्छु। धन्यवाद।

(१५:२२ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य इन्दिरा देवी गौतम।

(१५:२२ बजे) <u>माननीय श्री इन्दिरा देवी गौतम (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:- सम्माननीय अध्यक्ष महोदय, आजको सूचना प्रविधि युगमा सामाजिक सञ्जाल जीवनको अभिन्न अङ्ग बनेको छ। यसले नागरिक बीच आपसी सम्पर्क, विचार आदान प्रदान र अभिव्यक्ति स्वतन्त्रताको अभ्यासलाई सहज बनाएको छ। तर यससँगै भ्रामक सूचना, घृणा फैलाउने सामाग्री, अश्लीलता, व्यक्तिगत गोपनीयताको उलङ्घन र विभिन्न खाले साइबर अपराधले गम्भीर चुनौती खडा गरेको यथार्थलाई मध्यनजरगरि यो विधेयक आएको छ। देशको सार्वजनिक बहसको महत्त्वपूर्ण विषय बनेको यो विधेयकले सामाजिक सञ्जाल प्रयोगकर्तालाई कानुनी रूपले व्यवस्था गर्नुपर्ने र नागरिकको अधिकार सुरक्षित गर्ने र दुरुपयोग नियन्त्रण गर्ने उद्देश्य यसले लिएको छ। सामाजिक सञ्जाल प्रयोगकर्तालाई कानुनी दायरामा ल्याइ जिम्मेवार कार्य गर्न जोड दिने व्यवस्था गरेको छ। विचार र अभिव्यक्तिको स्वतन्त्रता कायम राख्दै गोपनीयता र सुरक्षालाई विद्युतिय माध्यमबाट सुनिश्चित गर्ने र स्वतन्त्रता, उत्तरदायित्व, पारदर्शीका आधारमा अघि बढ्ने छ। सर्वोच्च अदालतको निर्देशन, २०७२ ले व्यक्तिगत विवरणको गोपनीयता सम्बन्धी आदेशले पनि स्पष्ट कानुनी व्यवस्थाको आवश्यकता महसुस गरेको थियो। सरकारी नीतिमा पनि यसको आवश्यकता रहेको थियो। सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, साइबर सुरक्षा नीति, २०८० मा यस सम्बन्धी व्यवस्था उल्लेख छ। सामाजिक सञ्जालमा आधारित सञ्चार माध्यमलाई औपचारिक दायरामा आउन प्रोत्साहन गर्नुका साथै नियमनका लागि कानुनी व्यवस्थामा सुधार गरिने भन्ने बजेटमा समेत उल्लेख गरेको छ। यसैगरी भारत, बङ्गालादेश, युरोपेली संघ लगायत विश्वका धेरै देशहरूले सामाजिक सञ्जाल नियमनका लागि छुट्टै ऐन बनाइरहेका छन्। हामीले पनि अन्तर्राष्ट्रिय अभ्याससँगै अघि बढ्दै आफ्ना नागरिकलाई सुरक्षित राख्न कानुनी संरचना तयार गर्न जरुरी छ। अध्यक्ष महोदय, केही सवालहरूमा हामीले ध्यान दिनुपर्ने हुन्छ। गलत सूचना, घृणा .४४;४६..... सामाग्री, साइबर अपराध सम्बन्धमा स्पष्ट रूपमा परिभाषित गरिनु पर्दछ। अभिव्यक्ति स्वन्त्रतामाथि अङ्कुश लगाउन सक्ने आशङ्का पनि यसमा रहेको छ। प्रविधि र दक्ष जनशक्तिको अभाव छ। बहुराष्ट्रिय कम्पनीलाई कानुनी दायरामा ल्याउन कठिनाइ हुन सक्दछ। अध्यक्ष महोदय, अन्त्यमा

यसले स्वतन्त्रता र जिम्मेवारीबीच सन्तुलन ल्याउन महत्त्वपूर्ण कार्य गर्नेछ भन्ने लागेको छ। यसको सफल कार्यान्वयनका लागि प्राविधिक पूर्वाधार, अन्तर्राष्ट्रिय सहकार्य र नागरिक सचेतना अपरिहार्य रहेको छ। तसर्थ, यसको स्वागत र समर्थन गर्दछु। हवस् त धन्यवाद।

(१५:२४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य किरण बाबु श्रेष्ठ।

(१५:२५ बजे) **माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्षज्यू, सम्माननीय सभापतिज्यू, आजको युग प्रविधिको युग हो। मोबाइल, कम्प्युटर, इन्टरनेटले संसारलाई एउटा सानो गाउँ "Global Village" बनाइ दिएको छ। यसै प्रविधिको अद्भुत सिर्जना हो सामाजिक सञ्जाल (Social Media)। Facebook, Twitter, Instagram, YouTube, Tiktok वा अन्य platform हरू आज हरेक व्यक्तिको जीवनसँग गाँसिएको छ। अहिले यो सामाजिक सञ्जालको प्रयोग नेपालमा पनि के बालबालिका, के युवायुवती, के वृद्धवृद्धा सबैले व्यापक रूपमा प्रयोग गर्दै चलाउँदै आएका छन्। एउटा तथ्याङ्क अनुसार नेपालमा पनि करिब १ लाख २० हजार अथार्त कुल जनसङ्ख्याको झण्डै ४० प्रतिशतले प्रयोग गर्ने गरेका छन्। सामाजिक सञ्जालले समाचार, विचार र जानकारी क्षणभरमै विश्वभरमा पुऱ्याउने, परिवार, साथीभाई तथा विदेशमा रहेका आफन्तसँग तत्काल सम्पर्क रहन सकिने, विद्यार्थी तथा अनुसन्धानकर्ताले अध्ययन सामग्री अनुसन्धानमा व्याख्यान सजिलै प्राप्त गर्न सक्ने। अनलाइन व्यापार, रोजगारी खोजीका लागि उपयोगी हुने तथा अन्याय, विभेद र सामाजिक समस्या विरुद्ध जनमत निर्माण गर्न र सचेतना फैलाउन प्रभावकारी साधन बनेको छ। यस्तो अत्यन्त उपयोगी साधनले समाज लाभान्वित भइरहेको सन्दर्भमा यसको गलत प्रयोग पनि त्यत्तिकै मात्रमा बढिरहेको पाइन्छ। गलत सूचना प्रवाह गर्ने, अफवाह र द्वेषपूर्ण प्रचार गर्ने, सामाजिक सद्भाव बिगार्ने, hate speech र trolling प्रसार गर्ने तथा व्यक्तिगत गोपनीयता भङ्ग गर्ने र चरित्र हत्या गर्ने जस्ता कार्यहरू गरेर सामाजिक सञ्जालको दुरुपयोगमा पनि त्यत्तिकै वृद्धि भइरहेको छ। यसरी नै ठगी, blackmailing, hacking, चोरी, डकैती जस्ता अश्लीलताको प्रसार जस्ता अपराधजन्य कार्यहरूलाई सघाउ पुऱ्याइरहेको छ। सामाजिक सञ्जालको गलत प्रयोग समाजको लागि गम्भीर चुनौती बनिरहेको वर्तमान परिप्रेक्षमा नियमनकारी कानुन ल्याउनु अपरिहार्य थियो। समाज र लोकतन्त्रका लागि समेत चुनौती बनिरहेको सामाजिक सञ्जालको

गलत प्रयोगलाई नियमन गर्ने, व्यवस्थित, मर्यादीत र सुरक्षित बनाउन सरकारले सामाजिक सञ्जाल विधेयक यस राष्ट्रिय सभामा पेस गरेकोमा आज हामी छलफल गर्दैछौं। विधेयकका केही प्रावधानहरूले सामाजिक सञ्जाललाई नियमन गर्न त सक्ने छ तर साथसाथै केही यस्ता प्रावधानहरू छन्, जसले व्यक्तिको अभिव्यक्ति स्वन्त्रताको हनन गर्ने सम्भावना रहेको विषयले आम नागरिक, सरोकारवालाहरूको चासो र चिन्ता देखिएको छ। संविधान प्रदत्त मौलिक हकको सीमाभन्दा बाहिरको बहुअर्थि शब्दहरू राखेर गलत व्याख्या गर्न सक्ने, प्रहरी राज बढाउने खालका प्रावधानहरू रहको, दण्ड सजायको निर्णय गर्ने अधिकार एउटा मन्त्रालयको विभागलाई दिएर अदालतसरहरको न्यायिक अधिकार प्रदान गर्नु, स्थापित न्यायिक मान्यता विपरीत रहेको विषय जस्ता कुराहरू जुन छन्, यो अत्यन्त आपत्तिजनक भन्ने कुरा बाहिर व्यापक रूपमा जनचासो छ। सत्तामा रहनेले अहिले त दमन गर्दाखेरि केही खुशी लाग्ला तर सत्तामा हामी सधैं रहन्छौ, सत्तामा रहिरहन्छ भन्ने कुरो छैन त्यही विधेयको यही धाराहरूलाई गलत रूपमा प्रयोग गरेर भोलि हामी प्रतिपक्षमा रहँदा वा अर्को सत्तापक्षमा रहँदा प्रयोग हुँदा के होला भन्ने कुरालाई हामीले हेक्का राख्नै पर्छ भन्ने मलाई लाग्छ। हिजोको दिनमा राजा ज्ञानेन्द्रले हामीले जुन संविधान बनायौ, राम्रो संविधान बनायौ त्यसको धारालाई गलत प्रयोग गरेर यो हाम्रो प्रजातन्त्र माथि लोकतन्त्र माथि नै जुन किसिमको आक्रमण गऱ्यो भोलिको दिनमा त्यस्तो नहोस् भनेर हामी सजग रहनुपर्छ भन्ने अनुरोध गर्दै धन्यवाद।

(१५:२८ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य डा. बेदुराम भुसाल।

(१५:२८ बजे) <u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्ष महोदय, सामाजिक सञ्जाल सम्बन्धी यो जुन विधेयकमाथि हामी छलफल गर्दैछौं, यो विधेयकका उद्देश्य राम्रै छन्। एउटा सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउने। दोस्रो सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्धन गर्ने, यो त राम्रो कुरा हो। तर यसका प्रावधानहरू जे छन् त्यहाँ जाँदाखेरि यो उद्देश्य अनुसारका प्रावधानहरू छैनन्। खास गरीकन यो नियमनकारी होइन पूरै नियन्त्रणकारी प्रकृतिको छ। यसले संविधाने नागरिकहरूलाई प्रदान गरेका मौलिक हकसँग बाझिने खालका यसका प्रावधानहरू छन्। त्यसैगरीकन अभिव्यक्ति स्वन्त्रताको हकलाई कुण्ठित गर्ने खालका प्रावधानहरू

छन्।  अझ हाम्रा जुन प्रचलित कानुनहरू छन्, विद्युतीय कारोबार ऐन, राष्ट्रिय प्रसारण ऐन, प्रेस तथा प्रकाशन ऐन, व्यक्ति गोपनीयताको सम्बन्धी ऐन, मुलुकी अपराध संहिता जस्ता जो प्रचलित कानुनहरू छन्, ऐनहरू छन्। तिनिहरूसँग बाझिने खालका प्रावधानहरू यो विधेयमा राखिएको छ। एउटा अत्यन्त गलत प्रस्तावना, गलत प्रावधान के छ भने गैरन्यायिक संस्थाबाट न्यायिक निरूपण हुनै सक्दैन, त्यसो गर्न मिल्दैन भन्ने जुन न्यायिक सिद्धान्त छ। त्यसका विपरीत यो सूचना प्रविधि विभाग जुन एउटा प्रशासनिक संस्था हो त्यसलाई न्यायिक निरूपण गर्ने अधिकार प्रदान गरेको छ यो विधेयकले जुन कुरा गर्ने मिल्दैन। यो कानुनको सिद्धान्त अनुसार नै नमिल्ने खालका प्रावधानहरू पनि यो विधेयकमा राखिएको छ। यसले जुन खालका दण्ड सजायको व्यवस्था गरेको छ त्यो एकदमै धेरै कठोर खालको दण्ड सजायको व्यवस्था यसले गरेको छ। त्यस्तै गरीकन यो विधेयकमा प्रत्यायोजित विधायनको व्यवस्था पनि धेरै छ। हामीले पारित गरेको जुन विधायन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन छ, त्यो ऐनसँग बाझिने गरी यहाँ प्रत्यायोजित विधायनको व्यवस्था गरिएको छ यसमा। धेरै हिसाबले त्यसो गरिएको छ। यस्ता धेरै समस्याहरू बोकेर यो विधेयका आएको छ। यो विधेयक आवश्यक हो तर यस खालको विधेयक आवश्यक होइन, सम्माननीय अध्यक्ष महोदय। सामाजिक सञ्जाललाई नियमन गर्नुपर्छ, त्यो आवश्यक हो तर यसरी नियन्त्रणकारी ढङ्गले गर्न मिल्दैन, हुँदैन, सकिँदैन। त्यसैले गर्दा यसलाई व्यापक रूपमा परिमार्जन गर्नुपर्ने आवश्यकता छ। त्यसको निम्ति विधायन व्यवस्थापनि समितिमा लगेर व्यापक रूपमा छलफल गरेर यसको व्यापक परिमार्जन गरी पारित गर्नुपर्दछ। यही अनुरोधका साथ बिदा हुन्छु। धन्यवाद।

(१५:३१ बजे) <u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्य श्री तारामान स्वाँर।

(१५:३१ बजे) <u>माननीय श्री तारामान स्वाँर (नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)</u>ः- सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय र अन्तरराष्ट्रिय रुपमा व्यापक विरोध गरिएको, सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्ने बनेको विधेयक सभामा दर्ता भएको करिब ७ महिना पछि आज हामी सैद्धान्तिक छलफलको क्रममा छौं। निश्चय नै विकृति र अराजकता रोक्न सामाजिक सञ्जालको नियमन आवश्यक छ, तर विधेयकले सञ्जाललाई सहजीकरण गर्ने र यसको सकारात्मक प्रयोगलाई प्रोत्साहित गर्ने भन्दा पनि स्वार्थपुर्ण रुपले नियन्त्रण गर्ने उद्देश्य राखेको छ। यसले नागरिकको विचार अभिव्यक्तिको स्वतन्त्रतामा रोक लगाउँछ र सामाजिक सञ्जालको प्रयोगलाई

सरकारले दमन गर्ने हतियारका रुपमा प्रयोग गर्न छुट दिन्छ, यो कदापि स्वीकार हुन सक्दैन। विधेयकमा उल्लेखित अस्पष्ट र व्यापक अर्थ बोक्ने जस्ता हानिकारक, घृणायुक्त सामग्री, राष्ट्रियहित विपरीत र गलत सूचना भन्ने जस्ता शब्दावली र प्रावधान रहेका छन्। यी शब्दहरूको सीमा र परिभाषा के हो? के सरकारले यस्ता अस्पष्ट र व्यापक अर्थ बोक्ने परिभाषाको आधारमा नागरिक अधिकार माथि हस्तक्षेप गरी नागरिकलाई अपराधी ठहर गर्न खोजेको हो? विधेयकले प्रशासनिक निकायलाई मनोमानी गर्ने व्यापक तजबिजी अधिकार दिएको छ। मन्त्रालय अन्तर्गतको विभागलाई अनुमति दिने, रद्द गर्ने, कसुर निर्धारण गर्ने र सजाय गर्ने सबै अधिकार दिएको छ। विभागका निर्णय उपर कानुनी उपचारको व्यवस्था समेत गरिएको छैन। के यो संविधानको धारा १२६ को अनुकूल छ? के यो शक्ति विभाजन न्याय र कानुनको सामान्य सिद्धान्त विपरीत भएन र? सामाजिक सञ्जालको प्रयोगकर्ताले गरेका सेयर, लाइक र पोस्ट समेतलाई फौजदारी अपराधमा मुद्दा लगाउने र जरिवाना एवम् सजाय गर्ने व्यवस्था गरिएको छ। के सरकारले आलोचना र विरोधबाट बच्नका लागि नागरिकलाई दमन गर्न खोजेको हो? यसबाट सरकारले लोकतान्त्रिक शासन प्रणाली होइन दमनकारी अधिनायकवादी शासन प्रणाली अपनाउन खोजेको पुष्टि हुँदैन र? विधेयकमा उल्लेखित प्रयोगकर्ताको व्यक्तिगत सन्देश वा डाटा निगरानी गर्ने कुराले गोपनीयताको अधिकार खतरामा पर्ने देखिन्छ। यो विधेयकले अन्य प्रचलित कानुनको अवहेलना गरी आफ्नो वर्चस्व कायम गर्न खोजेको छ। के यो सुपर कानुन हो? विषय निकै गम्भीर छ। यो विधेयक संविधानको धारा १७, धारा १९, धारा २८ ले प्रदान गरेको हक विपरीत रहेको छ। त्यसैे सरकारले यसलाई परिमार्जन गरेर ल्याउन आग्रह गर्दछु। धन्यवाद।

(१५:३४ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य श्री गोपाल भट्टराई।

(१५:३४ बजे) <u>माननीय श्री गोपाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी (एमाले)</u>:- सम्माननीय अध्यक्ष ज्यू, यो सामाजिक सञ्जालको सञ्चालन प्रयोग तथा नियमन गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक माथि हामी सैद्धान्तिक छलफलमा छौं। सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन स्पष्ट कानुन निर्माण गर्नुपर्ने आवश्यकता भएकोले यो कानुन विधेयक आएको छ। संसारका प्राय सबै देशले नियमन गर्नुपर्ने महसुस गरेका छन् र धेरैले कानुन बनाई सकेका छन्।

सूचना प्रविधिको प्रयोग व्यापक भइसकेको छ। अझै बढ्दो क्रममा छ। यो कानुनले सामाजिक सञ्जाल प्रयोगकर्तालाई व्यवस्थित, जिम्मेवार बनाउन तथा जबाफदेही बनाउन मद्दत गर्छ, भन्ने मलाई

लाग्छ। यो सामाजिक सञ्जाल विधेयकमा नियन्त्रण गर्ने कुरा भन्दा पनि यो नियमन गर्ने कुरा नै बढी मैले भेटेको छु। यो विधेयकले सामाजिक सञ्जालको सही प्रयोगको लागि नियमन गर्न काम गर्दछ। सामाजिक, सांस्कृतिक सद्भाव कायम राख्न यो आवश्यक छ। यसले सामाजिक सञ्जालमा आएका धेरै विकृति जन्य कुराहरूलाई नियन्त्रण गर्छ र यो सामाजिक सञ्जाल मार्फत आउने सूचनाहरूलाई व्यवस्थित गर्छ भन्ने मलाई लाग्छ। यसको निम्ति यसमा रहेका केही पक्षहरूलाई हामीले सच्याउनु पर्ने हुनसक्छ। त्यसको निम्ति हामी विधायन समितिमा गएर यसलाई छलफल गरेर सच्याउन सक्नेछौं र संशोधन मार्फत सच्चिन सक्छ। त्यसो भएको हुनाले यो विधेयक अति आवश्यक अहिलेको सन्दर्भमा सामाजिक सञ्जालको प्रयोग व्यापक रुपमा भैईरहेको सन्दर्भमा यो विधेयक आवश्यक छ र मान्छेलाई मान्छेको सामाजिक, सांस्कृतिक सद्भाव समेतलाई भड्काउने खालका सूचनाहरू त्यहाँ देखिए भने त्यसलाई कारवाही गर्न पनि पर्छ र खासगरी नियमन गर्ने काममा यो विधेयक सकारात्मक छ, भन्ने मलाई लाग्छ। यति भन्दै मेरा भनाइहरू अन्त्य गर्छु। धन्यवाद।

(१५:३७ बजे) **सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य श्री नारायण दत्त मिश्र।

(१५:३७ बजे) **माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)**ः- सम्माननीय अध्यक्ष महोदय, सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन सम्बन्धमा व्यवस्था गरेको विधेयक, यो विधेयक अति आवश्यक थियो। यो विधेयक आउन ढिलो भएको छ। त्यसकारणले यो ढिलो भएको विधेयकलाई यसै अधिवेशनबाट पास गर्ने गरी कार्यक्रम कार्य अगाडि बढाउन पर्छ भन्ने मेरो धारणा छ। सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्द्धन गर्ने उद्देश्यका साथ आएको यो विधेयक, नेपालको डिजिटल नियमनमा लोकतान्त्रिक सिद्धान्तमा विभिन्न देशका उदाहरणहरू पनि अध्ययन भएकै होला नभए अझै अध्ययन गरेर सम्पुष्ट गर्न सकिन्छ। प्रेस स्वतन्त्रता र निजी अधिकारहरूको उल्लङ्घन हुने जोखिम पनि कम गर्नुपर्ने देखिन्छ। विधेयकले आपत्तिजनक, अश्लील, हिंसात्मक घृणा फैलाउने वा धार्मिक, जातीय उन्माद सामग्री माथि नियन्त्रण गर्न खोजेको छ। यो असाध्यै राम्रो कुरा हो। यसको पक्षमा भन्नु पर्दा अश्लीलता, साइबर अपराध, अपराध चरित्र हत्या जस्ता कुराहरू नियन्त्रण हुने गरी देखिन्छ, भने विपक्षमा बोल्दा अहिले त्यो स्वतन्त्रता र नागरिक अधिकारमा कही असर पर्छ कि साथै सरकारबाट दुरुपयोग भइदियो भने भन्ने

पनि चिन्ता छ। सर्वोच्च अदालतले पनि नेपालमा सञ्चालन हुने सबै सामाजिक सञ्जाल र अनलाइन प्लेटफर्महरू दर्ता हुनै पर्छ भन्ने फैसला गरिसकेको छ। विधेयकले शासन र स्वतन्त्रतामा सन्तुलनमा गहिरो प्रभाव पर्छ कि भन्ने पनि चिन्ता लाग्दछ। अब फेक आईडीको सम्बन्धमा पनि यो विधेयक गम्भीर भएको देखिन्छ। अर्को एउटा कुरा के छ भने सजाय अलि ज्यादा भएको हो की? त्यसकारणले यस्तो कानुनलाई सम्माननीय अध्यक्ष महोदय मार्फत मन्त्रीज्यूसँग अनुरोध छ। यस्तो कानुनलाई हामीले तीन फेजमा यसलाई अगाडि बढाउनु पर्छ। पहिलो फेजमा न्यूनतममा मात्र सजाय गर्ने, दोस्रो फेजमा अलि बढाउने र तेस्रो फेजमा मात्र सजाय पूरा लगाउने व्यवस्था गर्दा सजिलो भन्ने मलाई लागेको छ। अब अर्को एउटा कुरा भन्नु पर्ने भयो अस्ट्रेलियाले १६ वर्ष मुनिका बालबालिकाहरूलाई सामाजिक सञ्जाल चलाउन नदिने कुरामा अगाडि बढेको छ। हामीले पनि कम से कम भन्दा कसैले पनि सामाजिक सञ्जाल चलाउँदाखेरि उसले आफ्नो आधिकारिक आईडी राखेर मात्र चलाउन पाओस् ताकि त्यो मान्छे १०५ वर्षको होस् कि १६ वर्षको हो भन्ने पनि प्रमाणित होस्, यसरी आईडी चलाउन दिनुपर्छ र फेक आईडीलाई पनि यसले नियन्त्रण गर्नेछ भने अर्को बालबालिकालाई पनि अगाडि बढ्न दिनेछैन भनेर भन्दै म आफ्नो भनाई यही अन्त्य गर्छु। हवस् धन्यवाद। जय नेपाल।

(१५:४० बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य श्री गंगा कुमारी बेलबासे।

(१५:४० बजे) **<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक हाम्रो हातमा छ। यो दफावार छलफलको लागि यहाँ आएको छ र विधेयक आएको पनि धेरै भइसकेको छ। ७/८ महिना भइसकेको छ र यसमा विभिन्न खालका सरोकारवालाहरूले छलफल पनि गरी राख्नु भएको थियो। यसको पक्ष र विपक्षमा दुवै खालका विचारहरू आएका छन्। यो आवश्यक छ, आउनु पर्छ भन्ने पनि एउटा पक्ष छ भने, अहिले यो जरुरी छैन यसलाई नियमन गर्नका लागि अरुपनि कानुनहरू छन्, ती कानुनहरूलाई लागू गरेर अगाडि जान सकिन्छ भन्ने खालका विचारहरू पनि आइराखेका छन्। हामी नेपालमा सामाजिक सञ्जाल चलाई राखेको धेरै भएको छैन। यति छिटो यसलाई नियमन गर्न त्यति जरुरी पनि हुँदैन थियो होला। यसलाई सचेतना गर्ने र यो प्रकारले जानुपर्छ भन्ने हिसाबले गाइड गर्ने सरकारको दायित्व पुरा नगरी यसलाई नियमनमा लैजान खोजेको जस्तो पनि देखिन्छ र यो अरू देशले कानुन बनाई सकेका छन्

भन्ने जुन कुरा छ, ती विभिन्न विकासशील, विकास उन्नत देशहरू जस्तै अस्ट्रेलिया, युरोपियन युनियनका देशहरू ती देशहरूले कानुन बनाएको धेरै भएको छैन। हाम्रो तुलनामा उनीहरूले २/४ वर्ष अगाडि मात्रै कानुन बनाएर सामाजिक सञ्जाल नियमन गरेका छन्, भने हामी अलि हतारमै यसलाई नियमन गर्न खोजिरहेका छौं भन्ने कुरा पनि म राख्न चाहन्छु। त्यसै गरेर यसलाई थुप्रै सजाय र कानुनका प्रावधानहरू राखिएको छ। केके गर्न हुने र केके गर्न नहुने, गर्न हुने भन्दा पनि गर्न नहुने कुराहरू यसमा धेरै ल्याउन खोजिएको छ। यसलाई दण्ड सजायको कोणबाट पनि निकै जटिल बनाएको छ र यसलाई प्रचार प्रसारका हिसाबले हामी कति सक्षम हुन्छौं, कति सिकाउन सक्छौं, कति शिक्षा दिन सक्छौं? त्यसलाई प्रभावकारी ढङ्गले हामीले लैजान पनि जरुरी छ र लागु गर्नका लागि हामीले अलि समय पनि लग्नु पर्छ जस्तो लाग्छ। हामीले पहिले शैक्षिक ज्ञानहरू दिनुपऱ्यो। के गर्न हुने, के गर्न नहुने, केके हो अपराधिक कुराहरू? त्यसको जानकारी गराउने र त्यसलाई लागु गर्नका लागि हामीले अलिकति समय लिनु पर्छ होला जस्तो लाग्छ। शिक्षा र चेतना दिँदै हामीले अब नियमन गर्नुपर्छ, किनभने यो आईसकेको छ तर यसलाई धेरै छलफल गर्नुपर्ने विषयहरू छन् र हामीले विधायन समितिमा यसलाई छलफल गरेर परिमार्जन गरेर र मन्त्रालयबाट पनि यसमा केके सुधार गर्न सकिन्छ त्यसमा उहाँहरूले भूमिका खेल्नुहुनेछ भन्ने कुराहरू राख्दै मेरो भनाई अन्त्य गर्छु। हस्त धन्यवाद।

(१५:४३ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य श्री मदन कुमारी शाह (गरिमा)।

(१५:४४ बजे) <u>माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)</u>:- सम्माननीय अध्यक्षज्यू, २०८१ असोजमा सम्मानित सर्वोच्च अदालतले डिजिटल मिडिया र सामाजिक सञ्जाललाई जिम्मेवार तथा जबाफदेही बनाउन, यसको दुरुपयोग गर्ने कार्यलाई निरुत्साहित गर्न, नियमनकारी निकायबाट भरपर्दो अनुगमन गर्न र त्यसका लागि आवश्यक कानुनी व्यवस्था गर्न नेपाल सरकारलाई निर्देशन दिएको थियो। त्यसपछि २०८१ माघ १५ गते सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक राष्ट्रिय सभामा दर्ता भएको थियो। लामो समयसम्म सभामा रोकिएको विधेयक अगाडि बढ्नु सकारात्मक छ। सूचना प्रविधि व्यवसायलाई व्यवस्थित गर्न र साइबर सुरक्षाका लागि कानुनी संरचना तयार गर्नु आजको आवश्यकता हो। आजसम्म सामाजिक सञ्जाललाई व्यवस्थित गर्ने काम निर्देशिकाबाट भइरहेको छ। यसलाई

ऐनबाट व्यवस्थित गर्नु, कसुर पीडितको हित रक्षाको व्यवस्था गर्नु, सचेतना मूलक कार्यक्रम चलाउनु, पीडकलाई पीडितबाट क्षतिपूर्ति भराउने जस्ता केही व्यवस्था यस विधेयकका सकारात्मक पक्ष छन्।

सम्माननीय अध्यक्षज्यू, सामाजिक सञ्जाल अभिव्यक्ति स्वतन्त्रताको एक माध्यम पनि हो। यसको नियमनको विषय नागरिकको मौलिक हकसँग प्रत्यक्ष जोडिएको हुन्छ। यस विधेयकले संवैधानिक व्यवस्था, कानुनका मान्य सिद्धान्त, मानव अधिकार र नेपाल पक्ष भएर गरिएका महासन्धिले प्रत्याभूत गरेका नागरिक अधिकारलाई प्रभावित गर्ने गरी व्यवस्था गरेको छ। यसमा भएका व्यवस्था नियमनकारी भन्दा पनि नियन्त्रण मुखी बढी छन्। दण्डको कठोर व्यवस्था गरिएको छ, अस्पष्ट र दोहोरो अर्थ दिने भाषाको प्रयोग र व्यवस्था गरिएको छ, गोपनीयताको अधिकार दिइएको छैन, प्रशासनिक अङ्गलाई न्यायिक अधिकार दिएको छ, प्रत्याशित विधायनको अत्याधिक व्यवस्था गरिएको छ, विशुद्ध साइबर क्राइमका व्यवस्था यसमा समेटिएका छन्। सम्पूर्ण मुद्दा सरकारी फौजदारी मुद्दा हुने भनिएको छ। अशिक्षा, प्रविधिको अल्पज्ञान आदिका कारणले धेरै सोझासाझा प्रयोगकर्ता पीडित हुने सम्भावना पनि छ। मिलापत्रको व्यवस्था गर्नुपर्नेमा त्यस्तो गरिएको छैन। तसर्थ यस विधेयकलाई व्यापक सुधार गर्नु आवश्यक देखिन्छ। यसलाई नियन्त्रणमुखी होइन नियमनकारी बनाउन आवश्यक छ। यसर्थ सम्माननीय अध्यक्षज्यू, विधेयकलाई विधायन समितिमा पठाइयोस् त्यहाँ घनीभूत छलफल गरेर यसलाई समृद्ध बनाउनु पर्छ, भन्ने आफ्नो मत राख्न चाहन्छु। धन्यवाद।

(१५:४६ बजे) <u>सम्माननीय अध्यक्षः</u>- माननीय सदस्य श्री तुलसा कुमारी दाहाल।

(१५:४६ बजे) <u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>ः- सम्माननीय अध्यक्ष महोदय, सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ को सैद्धान्तिक पक्षको छलफल छौं। नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउनको लागि सामाजिक सञ्जालको नियमन गर्ने, सुशासनको व्यवस्था गर्ने उद्देश्यका साथ यो विधेयक ल्याएको छ र म यसलाई स्वागत गर्न चाहन्छु। सामाजिक सञ्जालको प्लेटफर्म सञ्चालक र प्रयोगकर्तालाई जबाफदेही जिम्मेवार बनाउनका लागि विद्यमान अवस्थामा सामाजिक सञ्जालमा अभिव्यक्त विकृत विसङ्गतिगत विषयमा नियमन गर्ने गरी ल्याएको छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १९ र २० मा उल्लेखित विषयमा बन्देज नलगाउने गरी प्रस्ताव गरिएको छ। मिथ्या, भ्रामक

सूचनाहरू दिने तथ्यहरूलाई तोडमोड गर्ने, दुष्प्रचार गर्ने, हिंसा उक्साउने, जातीय तथा धार्मिक घृणा फैलाउने जस्ता कार्यलाई नियन्त्रण गर्न खोजेको छ। नागरिकको संवैधानिक हकलाई व्यवस्थित र व्यक्तिको स्वतन्त्रता, गोपनीयताको हकलाई संरक्षण गर्न खोजेको छ। यो विधेयक सामाजिक सञ्जालमा व्यक्त घृणाजन्य अभिव्यक्ति र अपराधलाई नियन्त्रण गर्न खोजेको देखिन्छ।

सम्माननीय अध्यक्ष महोदय, विद्युतीय प्लेटफर्मको दर्ता र नवीकरणको नियमनलाई प्रभावकारी बनाउने, स्वतन्त्र नियामक निकायहरू बनाउने गरी ल्याएको छ, भने सञ्चार क्षेत्र साइबरसँग सम्बन्धित विषय अर्को ऐनबाट नियमन गर्ने हुँदा यसमा राख्न, मिसाउन आवश्यक छैन। नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियतामा आँच आउने जातीय, धार्मिक, सांस्कृतिकमा असर पर्ने, व्यक्तिगत चरित्र हत्या गर्ने, मानसिक असर पर्ने गरी सामाजिक सञ्जालमा पोष्ट गर्नु हुँदैन र गरेमा दण्डनीय बनाउने भनिएको छ। गलत सामग्री उत्पादन गर्ने र भ्रमपूर्ण सूचना दिने, व्यक्तिगत कुण्ठा साद्ने, सामाजिक सञ्जालको दुरुपयोग गर्नेलाई रोक्न खोजेको देखिन्छ। वर्तमान अवस्थामा सामाजिक सञ्जालको प्रयोग बढेको छ। सर्वसाधारण जनताको भावनालाई ख्याल गर्न आवश्यक छ। जनमानसमा उठेको डर, त्रास र चासोलाई नियन्त्रणमुखी होइन नियमनमुखी बनाउन आवश्यक छ। विधेयकमा रहेको भाषा सरल बनाउनु पर्ने, विभागीय कामलाई कम गर्नुपर्ने, सामाजिक सञ्जालमा हुने अपराध जन्य कार्य दण्ड सजाय जरिवाना देवानी संहिता अनुरुप हुनुपर्ने रहेको छ। यो विधेयक आम जनमानसमा चर्चाको विषय बनेको छ। नियन्त्रण गर्ने खालको हुनु हुँदैन भन्ने कुरा आइरहेको छ। फेक आईडी बनाउन पाउनु पर्छ भन्ने कुरा आएको छ। विवाहको मनोपलीलाई घटाउनु पर्छ, भनेर भन्ने कुरा रहेको छ। व्यक्तिको संवैधानिक अधिकार खोस्नु हुँदैन भन्ने कुरा चर्चा, परिचर्चाको विषय बनेको छ। यसर्थ, यो विधेयकलाई आवश्यक परिमार्जन गर्न आवश्यक छ। विधेयक ल्याइन हुन्न भन्ने बाट विधेयक कम्तीमा आउनुपर्छ, छलफल गर्नुपर्छ भन्ने सम्मको विषयवस्तु उठेर आज सभासम्म आईसकेको छ र यसलाई परिमार्जन गरेर अगाडि बढ्न आवश्यक छ। धन्यवाद।

(१५:४९ बजे) <u>सम्माननीय अध्यक्ष</u>:- माननीय सदस्य श्री युवराज शर्मा।

(१५:४९ बजे) <u>माननीय श्री युवराज शर्मा (नेपाली काङ्ग्रेस)</u>:- सम्माननीय अध्यक्षज्यू , सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमनको गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको प्रस्तुतमा विधेयक सम्बन्धमा सैद्धान्तिक छलफल गरेर निश्चित पनि सामाजिक सञ्जाल सञ्चालनका क्रममा अहिले

देखिने गरेका विकृतिहरूलाई नियमन गर्न एउटा विधेयक आवश्यक थियो। तर हामीले त्यो पनि बिर्सनु हुन्न कि हामी लोकतन्त्रका लागि तत्कालीन व्यवस्था र कानुनलाई उल्लङ्घन गर्दै, तोड्दै आएका राजनीतिक प्रणाली पनि हौं। त्यसैले नियमनको नाममा कठोर नियन्त्रणमुखी प्रावधान कहिले पनि लोकतन्त्रवादीको लागि मान्य हुन सक्दैन। यस विधेयकको उद्देश्य र कारणमा सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्धन गर्न प्रयोगकर्तालाई जिम्मेवार र जबाफदेही बनाउन सामाजिक सञ्जालको प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्न भनि उल्लेख गरिएको छ। त्यसमा नियमनलाई प्रमुखता दिइएको छ। त्यस्तै संवैधानिक मौलिक हकको रुपमा संरक्षित, विचार अभिव्यक्तिको स्वतन्त्रता कायम गर्ने कुरा गरिएको छ। यो कुराको समर्थन गर्नु पर्दछ, यो सकारात्मक पनि छ, तर अन्तर्राष्ट्रिय दायित्वका कुरा र त्यस सम्बन्धमा संसारका सबै देशले कानुन निर्माण गर्नु पर्ने आवश्यकता महसुस गरेको वा गरेको कुरा लेखेका छन्। यस सम्बन्धमा प्रश्न उब्जन्छ कि, के अन्य लोकतान्त्रिक देशले पनि हामीले प्रस्तुत गरेको विधेयक जस्तै कठोर कानुन निर्माण गरेको छन् वा गर्न थालेका छन्? त्यस विषयमा माननीय सूचना तथा सञ्चार मन्त्रीज्यूले स्पष्ट पार्दिनु पऱ्यो। मेरो विचारमा कानुन धेरै कठोर हुन पुग्यो भने त्यसले नागरिक र राष्ट्रको आवश्यकतालाई सम्बोधन गर्दैन।

संविधान प्रदत्त अधिकारलाई कुनैपनि हालतमा तोडमरोड गरी सरकार मुखी वा नियन्त्रणमुखी बनाउनु हुँदैन। ऐन, कानुनले नागरिकमा उत्साह थपिनु पर्छ, हतोत्साहित गर्नु हुँदैन। नागरिकबाट गल्तीको सम्भावना पनि हुन्छन्, सरकारबाट र सरकारका प्रतिनिधिबाट पनि गल्ती हुन्छन् तर विधेयकलाई सरसरती हेर्दा सामाजिक सञ्जाललाई औपचारिक दायरामा ल्याउने कुरा ठिक छ। संविधानले निषेध गरेका राष्ट्र विपरीतका काम साम्प्रदायिक सद्भाव खलबलाउने काममा इत्यादि कुराको नियमन पनि ठिक छन्। त्यसलाई समर्थन गर्न पनि सकिँदैन तर प्रयोगकर्ताले अनुमति प्राप्त गर्न दिने निवेदन देखि यस विधेयकमा दण्ड सजायको स्वरुप देख्दा यो विधेयक नियमभन्दा नियन्त्रणमुखी अधिक रहेको देखिन्छ। अहिले मिडिया सम्बन्धमा, गोपनीयताको हक सम्बन्धमा, सरकारको हस्तक्षेपकारी नीतिका सम्बन्धमा कुरा उठ्दै छन्। त्यसैले पनि यस विधेयकमा परिमार्जन आवश्यक देखिन्छ। अहिले कै स्वरुपमा पारित गर्दा यसले राम्रो र सहज वातावरणको सिर्जना गर्दैन, नागरिकमा राम्रो सन्देश पनि जाने देखिँदैन। धन्यवाद।

(१५:५२ बजे) <u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१५:५२ बजे) माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित, मर्यादित, सुरक्षित बनाउन स्पष्ट कानुन निर्माण गर्नुपर्ने आवश्यकतामा यो विधेयक आउनु सिद्धान्ततः ठिक छ। नेपालमा सूचना प्रविधिको क्षेत्रमा भएको विकास सँगसँगै सामाजिक सञ्जालको प्रयोग बढ्ने विषय स्वाभाविक कुरा हो। सामाजिक सञ्जालको सही र व्यवस्थित प्रयोग गरी सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्धन गर्न सञ्जालको प्लेटफर्म र सञ्चालक प्रयोगकर्तालाई जिम्मेवारी तथा जबाफदेही बनाउन नयाँ ऐनको सैद्धान्तिक कारण र आवश्यकतामा सिद्धान्त अभिव्यक्ति स्वतन्त्रताको अधिकार प्रयोगको सीमा परिभाषित गर्ने सन्दर्भमा यो विधेयक आएको छ। तर यस सन्दर्भमा कुनै एउटा हानिकारक विषयवस्तुलाई आधार बनाएर शेअर, कमेन्ट, रिपोष्ट, ट्रेक, हैशट्रक प्रयोग गर्ने वा मेन्सन गर्ने कार्य हानिकारक सूचना फैलाउने प्रत्यक्ष नियतले सक्रिय रुपमा जानाजान विषयवस्तुमा प्रकाशित गर्ने कार्य सरह नै दण्डित गर्ने जुन प्रावधान छ विधेयकमा यस्तो आउन अलि गम्भीर छ। विधेयकले प्रयोगकर्ताको अधिकार सुरक्षित गर्ने भन्दा पनि राज्यलाई नियन्त्रण गर्ने व्यापक अधिकार दिएको छ। सामाजिक सञ्जालको दायरा हानिकारक सामग्री राष्ट्रिय हित विरुद्ध जस्ता शब्दहरूलाई थप व्याख्या गर्न आवश्यक छ। जो, जसमाथि, जसरी पनि व्याख्या गर्न मिल्ने, दोषारोपण गर्न मिल्ने, दण्ड जरिवानाको भागीदार बनाउन मिल्ने गरी यो द्वत भाषा लाग्ने गरी, मनपरी व्याख्या गर्न मिल्ने गरी विधेयक प्रस्तुत भएको छ। नेपालको संविधानले अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, सूचनाको अधिकारलाई मौलिक अधिकार मानेको छ। विधेयकमा केही प्रावधानले यी अधिकारहरूलाई कुण्ठित गरेको छ। कार्यकारिणी सरकार प्रशासनले मात्र सामग्री हटाउने कारवाही गर्ने अधिकार राखेको छ। अदालतको आदेश वा स्वतन्त्र निकायको समीक्षाको व्यवस्था  छैन। सजाय, जरिवाना, खाता बन्द गर्ने जस्ता कठोर प्रावधान छन् तर सच्याउने सचेत गराउने वा सुधारात्मक दृष्टिकोण भन्दा बढी दण्डात्मक र नियन्त्रणमुखी छ। दण्डको भागीदार बनाउने प्रश्नमा आलोचना, व्यङ्ग्य सार्वजनिक नीति वा सरकार माथि प्रश्न उठाउने सामग्रीलाई दण्ड होइन, यसलाई संरक्षण गर्नु पर्दछ। हिंसा भड्काउने, घृणा फैलाउने वा अपराधिक गतिविधिमा प्रोत्साहन गर्ने सामग्री माथि परीक्षण पुरा गरेर यसलाई नियन्त्रण गर्नु पर्ने देखिन्छ। सामग्री हटाउने, जरिवाना गर्ने, खाता बन्द गर्ने अधिकार कार्यकारी निकाय सरकारको मात्र एकल अधिकार रहने गरी नभएर स्वतन्त्र बहुपक्ष नियामक मिडिया प्राधिकरण जसमा नागरिक समाज, कानुन व्यवसाय, प्राविधिक विज्ञ, पत्रकार (...... समय सकिएको।)

(१५:५५ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य श्री सुमित्रा वि.सी.।

(१५:५५ बजे) माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले):- सम्माननीय अध्यक्ष महोदय, सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा आज सैद्धान्तिक आफ्नो धारणा राख्न चाहन्छु र यो विधेयक समय अनुसार विकसित प्रविधिलाई मर्यादित र व्यवस्थित रुपमा प्रयोग गर्न ल्याएको विधेयकको म स्वागत गर्न चाहन्छु, समर्थन गर्न चाहन्छु। ढिलो भएपनि आएको छ र यो हामीले विधायन समितिमा पठाएर व्यापक छलफल गरेर यसमा भएका राम्रा कुराहरूलाई राख्दै सुधार्नु पर्ने कुराहरूलाई व्यापक छलफलका साथ सुधार्न विधायन समितिमा पठाइयोस् भन्न चाहन्छु। यो नियातिवश, जानी जानी गल्ती र अन्जानमा गरेको गल्तीको सजायका बारेमा हामीले सोच्नु पर्ने हुन्छ। यो नियमन गर्ने भनेर आएको छ। म भरोसा गर्न चाहन्छु, नियमन नै गर्ने हो, नियन्त्रण गर्ने बेला छैन। हाम्रो कानुनी राज्यमा कानुनको पालना समस्याहरू आजको युगमा विभिन्न प्रविधिहरू चाहिन्छ, त्यसलाई अधिकारका नाममा गलत ढङ्गले प्रयोग गरेर गल्ती गर्नेहरूका लागि हामी यो कानुन बनाउँदै छौं।

माननीय सूचना तथा सञ्चार प्रविधि मन्त्री माननीय पृथ्वी सुब्बा गुरुङले जुन आज यो विषय प्रस्तुत गर्नु भएको छ। यसको लागि व्यापक छलफल गर्नका निम्ति हामी समितिमा जान पर्छ र यसको शिक्षाका बारेमा पनि मान्छेहरू फेरी अन्जानमा चलाउन नजानेर अन्जानमा अप्ठ्यारामा पर्ने कुराको बारेमा पनि हामी सचेत हुनुपर्ने हुन्छ र यो समय अनुसारको आवश्यकतालाई हामीले प्रयोग गर्नुपर्ने हुन्छ। आज सात समुन्द्र पारीबाट यही प्रविधिका कारणले एउटै घर परिवारमा बसेर गफ गरे जसरी गफ गर्न पाएका छौं र त्यसलाई कतिपय दुरुपयोगहरू पनि भएका छन् र जे मन लाग्यो त्यहीं गर्ने एउटा प्रवृतिहरू बढेको छ। यो प्रवृतिलाई नियमन गर्नका लागि हामी यो कानुन बनाउँदै छौं। यसमा व्यापक छलफल गरेर यसलाई एकदम समृद्ध बनाउने छौं भन्ने भनाई राख्दै भनाई टुङ्गयाउँछु। धन्यवाद।

(१५:५८ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्य श्री विष्णु बहादुर विश्वकर्मा।

(१५:५८ बजे) माननीय श्री विष्णु बहादुर विश्वकर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):- सम्माननीय अध्यक्ष महोदय, सामाजिक सञ्जालको सञ्चालन प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ माथिको सैद्धान्तिक छलफल आज सुरु भएको छ। यस विधेयकमा ४१ वटा दफा रहेका छन्, भने ११ वटा वाक्यलाई परिभाषित गरिएको देखिन्छ। ९ वटा दफा तथा उपदफामा प्रत्यायोजित विधायन सम्बन्धित टिप्पणी गरिएको छ। यस विधेयकमा ६ वटा परिच्छेदको व्यवस्था गरिएको छ भने ४१ वटा दफा अन्तर्गतका उपदफा शीर्षकहरूमा व्याख्यात्मक टिप्पणी गरेको पाइन्छ। धेरै ठाउँमा प्रत्यायोजन व्यवस्था र मनासिब भन्ने व्यवस्था रहेको देखिन्छ। यसले यो नियन्त्रणमुखी बन्ने त होइन भन्ने शङ्का उब्जाउँछ। यो नयाँ ऐन बनाउने नयाँ विधेयक भएर होला सायद कुनै ऐन नियम खारेजीमा परेको देखिँदैन।

विशेषगरी औद्योगिक क्रान्तिले विश्वलाई नयाँ ज्ञानको प्रयोग, अनुसन्धान र विकासले पछिल्लो समयमा विज्ञान र प्रविधिको क्षेत्रमा गुणात्मक, चमत्कारी फड्कोले विश्वलाई एउटा कोठामा सीमित बनाइदिएको छ। त्यहीं प्रयोगलाई मर्यादित, व्यवस्थित र सुरक्षित बनाउन सामाजिक सद्भाव, सांस्कृतिक सहिष्णुता र सुशासन प्रवर्धन गर्न प्रयोगकर्तालाई जिम्मेवार र जबाफदेही बनाउन तथा नियमन गर्न समयानुकूल ऐन, कानुनको आवश्यकता भएकोले यो विधेयक आएको देखिन्छ।

नागरिकको सरल पहुँच सुनिश्चित गर्न सूचना र प्रविधि व्यवस्थित गर्न गोपनीयता विवरण सूचना संरक्षण सम्बन्धी सर्वोच्चको निर्देशनात्मक आदेशलाई कार्यान्वयन गर्न, साइबर सुरक्षा सम्बन्धी राष्ट्रिय नीति, २०८० तथा सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ लाई कार्यान्वयन गर्न यो विधेयक आएको देखिन्छ। तर नियन्त्रणकारी देखिन्छ यसलाई परिष्कृत गर्न व्यापक छलफलको आवश्यकता भएकोले विधायन व्यवस्थापन समितिमा पठाइयोस् र त्यहाँ हामी सबैले सशक्त ढङ्गबाट छलफल गरेर यसलाई सुसमृद्ध गर्ने नै छौं भन्ने मैले आफ्नो कुरा राख्दै म अन्त्य गर्दछु। धन्यवाद। लाल सलाम।

(१६:०१ बजे) सम्माननीय अध्यक्षः- माननीय सदस्यहरू सामाजिक सञ्जाल विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङलाई छलफलमा उठेका प्रश्नहरूको जबाफ दिन समय उपलब्ध गराउँछु।

(१६:०१ बजे) <u>माननीय श्री पृथ्वी सुब्बा गुरुङ (सञ्चार तथा सूचना प्रविधि मन्त्री )</u>:- सम्माननीय अध्यक्ष महोदय, हामी आज माघ महिनामा दर्ता भएको हो। यो विधेयक सामाजिक सञ्जालको सञ्चालन, प्रयोग र नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्ने विधेयक, २०८१ माथि आज हामी बल्ल सैद्धान्तिक छलफलमा छौं। छलफलमा भाग लिनु भएको १६ जना माननीय सदस्यज्यूहरू सबैलाई म धन्यवाद दिन चाहन्छु। र अलिअलि हाम्रो भ्रम पनि छ, अलिअलि हाम्रो आग्रह पनि छ। तर हाम्रो सबैको उद्देश्य के छ भने नेपाली समाजलाई कसरी सभ्य बनाउने, कसरी व्यवस्थित बनाउने, कसरी एउटा डेमोक्रेटिक नर्म्स र भ्यालुमा चलेको समाज बनाउने। समाजमा रहेको अशान्ति या हत्या, हिंसा या चोरी, डकैती या अरू व्यभिचार, भ्रष्टाचार यसलाई कसरी नियन्त्रण गर्ने? यो क्षेत्रमा आईटीको प्रयोगबाट जेजे कुरा डिजिटल प्लेटफर्मको प्रयोगबाट जे कुराहरू भइरहेका छन्, त्यसलाई कसरी नियमन गर्ने भन्ने मात्रै उद्देश्य हो भन्ने कुरा म यहाँहरूलाई बुझ्न म अनुरोध गर्न चाहन्छु। म एउटा कुरामा तपाईंहरूसँग के सहमत छु भनेदेखि, हाम्रो नेपाल सरकारले तयार गरेको विभिन्न विधेयकहरू म कही २ वटा कुरामा कन्फ्युजन छु, भने त्यहाँ चाँही बसेर छलफल गर्ने।

हाम्रो विधायनको व्यवस्थामा विधायनको विधेयकमा प्रस्ताव गरेका शब्दहरू त्यो एम्बिग्युअस खालको छ भने या त्यो जता अर्थ लगाए पनि मिल्ने खालको छ भने या वाक्यहरू त्यस्ता छन् भने या दफा, उपदफाहरू त्यस्ता छन् भने त्यसमा बसेर मज्जाले छलफल चलाउन सकिन्छ। किनभने विधेयक बनाउँदा खेरी हामीले कहिले पनि यो लोकतान्त्रिक व्यवस्थामा द्वत अर्थ लाग्ने खालका शब्दहरू, वाक्यहरू, दफा, उपदफा राख्न हुन्न। त्यसमा म आफ्नो कमिटमेन्ट जाहेरी गर्न चाहन्छु। तपाईंहरूसँग छलफल गरेर हाम्रो केही त्यस्तो वाक्यहरू, शब्दहरू छ भने करेक्सन गर्नुपर्छ।

दोस्रो विषय पहिले निरंकुश व्यवस्थामा, तानाशाही व्यवस्थामा त्यो हुने गर्छ। व्यक्तिलाई, पदाधिकारीलाई, कुनै संस्थालाई स्वविवेकीय अधिकार दिन्छ र त्यो स्वविवेकीय अधिकार प्रयोग गरेर त्यहाँ लोकतन्त्रको हनन हुन्छ। नागरिकको अधिकारको हनन हुन्छ। त्यसकारणले हाम्रो विधेयकमा कही तपाईंको कुनै संस्था, कुनै व्यक्ति या कुनै पदाधिकारीहरूलाई स्वविवेकीय अधिकार हाम्रो प्रस्तावित विधेयकको कुनै शब्दले कुनै वाक्यले जस्तो उत्पन्न भएको छ भने त्यसमा छलफल गरेर त्यसलाई हटाउन म तयार छु। हाम्रो सरकार तयार छ। यो २ वटा कुरामा हाम्रो आफ्नो सैद्धान्तिक प्रतिबद्धता जाहेर गर्न चाहन्छु।

दोस्रो कुरा सबैजना माननीय ज्यूहरूले भन्नु भयो एक दुईले बाहेक धेरै माननीयहरूले भन्नुभयो यो एकदमै आवश्यक विधेयक थियो। केही माननीय ज्यूहरूले भन्नु भयो विधेयक त कानुनमा छदै थियो नि, किन ल्याउनु भएको भन्नु पनि भयो। त्यो कानुनमा थिएन, छैन कानुन। यो नयाँ समस्या हो। यो टेक्नोलोजी नयाँ रुपमा पछिल्लो समयमा विकास भएको समस्या हो। यो हाम्रो समस्या भनेको अरूले हामीलाई थुपर्दिको समस्या हो। हामीलाई एडिक्शनमा पारेर त्यो कुराको अभ्यास गर्ने ठाउँमा पुऱ्याइदिएको समस्या हो र त्यसलाई कसरी व्यवस्थापन गर्ने भन्ने एउटा कुरा हो। यसलाई व्यवस्थापन गर्दा खेरी हामीले यो एकदम आवश्यकता किन जरुरी छ, भन्दाखेरी केही चीजहरू नियमन गरिएन भने हाम्रो समाज यसरी चल्न सक्दैन अब। त्यसकारण यही विषयसँग जोडिएका ३ वटा कानुनहरू, एउटा कानुन प्रदेश सभामा पेश गरेका छौं। जहाँ यो आईटीका माध्यमबाट जेजे साइबर क्राइमहरू भइरहेको छ अहिले यत्ति धेरै साइबर क्राइम संसार भरि म तपाईंको यहाँहरूलाई निवेदन गर्न चाहन्छु। जापानको "Asia Pacific Telecommunication Level Meeting" मिनिस्टर लेभलको मिटिङमा पनि गए। ३७ वटा देशका मिनिस्टरहरू पनि थिए र त्यहाँका पदाधिकारीहरू पनि आएका थिए। त्यहाँ पनि सबैको एउटा समस्या के थियो साइबर क्राइम यति ठुलो थ्रेट भयो हाम्रो यो चुनौतीको सामना कसरी गर्ने? रिजनली पनि गर्नु पऱ्यो, ग्योबलली गर्न पऱ्यो, आफ्नो, आफ्नो देशले पनि गर्नु पऱ्यो। त्यसले हाम्रो आईटीको प्रयोगले यो चुनौती खडा गऱ्यो। यसले समाजमा त्यति धेरै ठग, हत्या, हिंसा, बलात्कारका घटनाहरू घटाएको छ। त्यसकारणले साइबर सेक्युरिटी एकट सबैले सबै ठाउँमा चाहियो भन्ने छ। त्यसकारणले हामीले प्रतिनिधि सभामा पेश गरेका छौं। सैद्धान्तिक छलफल गरेर त्यो समितिमा गएको म जानकारी गराउन चाहन्छु।

दोस्रो कुरा यो डिजिटल प्लेटफर्म, तपाईहरू अलिअलि भ्रममा पनि परेको जस्तो लाग्यो मलाई यहाँ छलफलको क्रममा उठेको विषयमा राख्ने क्रममा मैले या त मैले गलत बुझेको हुन पनि सक्छु। यो डिजिटल प्लेटफर्म भनेको सेतो पार्टी डट कम होइन। डिजिटल प्लेटफर्म भनेको रातो पार्टी डट कम पनि होइन। यिनिहरू अनलाइन मिडियाहरू हुन्। त्यसकारणले गर्दाखेरी यो प्रिन्ट मिडिया थियो हामीसँग, ब्राँडकास्टिङ मिडिया थियो हामीसँग तर थप पछिल्लो कालमा आएर इन्टरनेट मिडिया, अनलाइन मिडियाको विकास भयो र त्यो सबैभन्दा धेरै चलिरहेको छ अहिले। प्रिन्ट मिडिया विस्तारै, विस्तारै हराउँदै गयो। ब्राँडकास्टिङ मिडिया विस्तारै विस्तारै समस्यामा पर्दै गयो। अहिले एकदम अनलाइन मिडिया यति धेरै चलेको छ कि त्यसको नियमन एकदमैं जरुरी भयो। त्यसकारणले हामीलाई प्रेस काउन्सिल विधेयकले थोरै थोरै गऱ्यो। तर प्रेस काउन्सिल विधेयकले प्रिन्ट मिडिया, ब्राँडकास्टिङ

मिडियालाई मात्र नियमन गर्ने भएको हुनाले यो अनलाइन मिडियाको तेस्रो आयामको मिडियाको नियमन नगर्ने भएकाले हामीले मिडिया काउन्सिल ल्याउनु परेको हो। त्यसकारणले मिडिया काउन्सिल विधेयकले हाम्रो यो सबै अनलाइन मिडियाहरूलाई त्यसले नियमन गर्ने हो। त्यो स्वनियमन हो। त्यो हामीले, सरकारले, विभागले, मन्त्रालयले कसैले गर्ने होइन। मिडिया काउन्सिल हामीले बनाइदिएका छौं। त्यो मिडिया काउन्सिलले आचार संहिता हुन्छ, त्यो आचार संहिता उल्लङ्घन गर्ने सबै अनलाइन मिडियाहरू, प्रिन्ट मिडियाहरू, सबै मिडियाहरूलाई उसले नियमन गर्छ र मूलतः अनलाइन मिडियाले गरिरहेको छ। त्यहाँ अर्को कानुन छ हाम्रो। त्यसको कारण हामीलाई social media platform, digital platform हरू जुन मेटा भन्छन्, मेटा तपाई हाम्रो संस्था हो र? तर त्यसले फेसबुक चलाइरहेको छ, मेसेन्जर चलाइरहेको छ, Instagram चलाइराखेको छ, WhatsApp चलाइराखेको छ, थुप्रै चलाइराखेको छ। टुइटरले एक्सलाई चलाइराखेको छ। अर्को गुगलले युटुब चलाइराखेको छ। अब माइक्रोसोफटले लिङ्गडीन चलाइराखेको छ। यहाँ चाइनिजहरूले टिकटक चलाइराखेको छ। थुप्रै छ कसैले रशियनको छ, चाइनिजको छ, जापानिजको छ, युरोपियनको छ, धेरै जस्तो अमेरिकनको छ। यस्तो डिजिटल प्लेटफर्मको प्रभाव हाम्रो मुलुकमा धेरै छ। म निवेदन गर्न चाहन्छु तिनिहरूलाई हामीले ३ पटक भन्यौं। तिमीहरू दर्ता हुन आउ, कम से कम दर्ता हुन आउ, रजिष्टर गरिदेउ तिमीहरूको प्लेटफर्म हामीहरूलाई Point of contact तोक कम से कम तिमीहरूको कन्टेन्ट जेजे आएको छ त्यो कन्टेन्ट हाम्रो प्रयोगकर्ताले जसरी नि प्रयोग गरी राखेको छ। मिसयुज भइराखेको छ। त्यसको मोडेरेसन गर्न सकौं मन्त्रालयले, सरकारले र त्यसको फिल्ट्रेसन गर्न सकौं र त्यसलाई करेक्शन गर्न सकौं। हाम्रो देशको हित विरुद्धमा छ भने, शान्तिको विरुद्धमा छ भने, लोकतन्त्रको विरुद्धमा छ भने, हामीलाई भन्दै आएको अभिव्यक्तिको विरुद्धमा छ भने या अरू विरुद्धमा छ भने त्यसलाई करेक्शन अहा अहिलेसम्म आएको छैन। हिजो मात्र सर्वोच्च अदालतले भन्यो, तिनिहरूलाई तुरुन्त नियमन गर, त्यसरी चल्नेलाई बन्द गर भन्यो। त्यसकारणले त्यो बन्द गर्नु भन्दा पनि त्यस्तो संस्थाहरूलाई स्थापना कसरी गर्ने, सञ्चालन कसरी गर्ने, प्रयोग कसरी गर्ने र नियमन कसरी गर्ने? त्यो चीजलाई कंट्रोल होइन के, सबैले तपाईहरूले के देखु हुन्छ भने प्रतिपक्षको आँखाले हेरेको छ भने यो सरकारले ल्याएको यिनीहरूले नियन्त्रण गर्न। हामीले आलोचना गर्ने भयौं। आलोचकको मुख थुन्नलाई तपाईहरूले यो नियमनको बाटो बाट छिरेर हामीलाई नियन्त्रण गर्छ भन्ने तपाईहरूलाई डर छ। एक प्रतिशत पनि डर नमान्नु होला। यो आलोचकहरूलाई, सरकारको विरोधीहरूलाई या व्यवस्थागत विरोधीहरूलाई या सबैलाई यसले मुख थुन्न ल्याएको होइन यो।

आज मेटा जुन डिजिटल प्लेटफर्म छ, त्यसको फेसबुक माध्यमबाट त्यसका Messenger, Instagram, WhatsApp को माध्यमबाट या YouTube अरू कुनै माध्यमबाट केके कुरा भइराखेको छ त थाछैन? नेपालमा दर्ता हुन आउ भन्दा के भन्छ हामीहरूले उनीहरूसँग कुराकानी गर्‍यौं नि तेरो संविधायन पनि मान्दैनौं, तेरो कानुन पनि मान्दैनौं, तिमिहरूलाई पनि मान्दैनौं, तिनिहरूलाई त्यो भन्ने अधिकार किन दियौं किनभने उनीहरूलाई नियमन गर्नलाई। यो सानो एउटा ऐन ल्याउँदाखेरी यो ऐन अहिले सम्म यति लामो बसेर हाम्रो खुच्चिङ गर्ने देखिएका छौं। यिनीहरूले केही गर्न सक्दैनन्, यिनीहरूको कुरा किन पत्याउने भनेका छन्, आज त्यसकारणले यो Social Media Platform Regulation एकदमै जरुरी छ। किन जरुरी छ, मैले यहाँहरूलाई भन्न चाहन्छु अब। हामीले यो अदालतको प्रत्येक निर्णयलाई पालना गर्नुपर्ने कुरा अझ हिजो थप निर्णय भयो अझ चाँडो भन्दा चाँडो यो पास गर्नुपर्ने दिन आइसक्यो हामीले। अन्तर्राष्ट्रिय दायित्व पनि हुन्छ नि। आइटियुको को सम्मेलनमा जान्छौं, एपिटीको को सम्मेलनमा जान्छौं, संयुक्त राष्ट्रसंघको सम्मेलनमा जान्छौं हामी। इन्टरनेट एक्सेस नागरिकको अधिकार भइसक्यो। बैंकिङ अधिकार त होइन तर २०१६ को General Assembly ले भन्यो Internet Access अब नागरिकको अधिकार हो। त्यो इन्टरनेट एक्सेस पुर्‍याउन पर्ने हाम्रो जिम्मा छ। त्यसकारणले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले के भनेको छ भने एक जना पनि नेपालीलाई यो सुविधाबाट छुटाउनु हुँदैन। एउटा घर पनि छुट्नु हुँदैन यो सुविधाबाट, इक्युटिको कुरा छ। जस्टिस्सको कुरा छ, Inclusiveness Sustainable development को कुरा छ। यो अभियानसँग चेज गर्न, हामी सबै राजमार्ग सहायक राजमार्गमा ब्रोडबैंक, फाइबरको राजमार्ग बिछ्याउँदै छौं, हामी। के का लागि? जनताको Internet Access को लागि। सबै ६७४३ वटा वडामा पुर्‍याउन पर्नेछ। किनभने E-governance को स्थापनाको लागि ७५३ वटा पालिकाको केन्द्रमा पुर्‍याउन पर्‍यो ब्रोडबैंक हामीले त्यो अभियानमा छ हामीले। त्यो अभियानमै छौं हामी। त्यो किन जरुरी छ, भने नागरिकको सूचनाको हकलाई अझ व्यवस्थित गर्नको लागि भइरहेको रेडियो नेपाल, भइरहेको नेपाल टेलिभिजन किन परिवर्तन गरिएको। सार्वजनिक सेवा प्रसारण अन्तर्गत किन ल्याउनु परेको। जनताको सूचनाको हकलाई ग्यारेन्टी गर्नको लागि, प्रत्याभूत गर्नको लागि र त्यो सूचनाको हक भनेको बासी सूचना होइन, झुठो सूचना होइन, कसैलाई डिफेन्द गर्ने सूचना होइन, कसैलाई डिमोट्स गर्ने सूचना होइन, राष्ट्रको घातमा बोलेको सूचना होइन, सामाजिक हार्मोनललाई डिस्टर्ब गर्ने खालको सूचना होइन।

जनतालाई सही सूचना चाहियो, तथ्यगत सूचना चाहियो, साँचो सूचना चाहियो, फ्रेस सूचना चाहियो। त्यो अधिकारबाट जनतालाई वञ्चित गर्न कसैले गराउन पाउँदैन। सरकार जनताको सूचनाको

हक प्रत्याभूत गर्ने कुरामा १०० प्रतिशत होइन, ५०० प्रतिशत होइन, १००० प्रतिशत प्रतिबद्ध छ, अहिलेको सरकार। यो लोकतन्त्रवादीहरूको हुने सरकार हो। यो लोकतन्त्र स्थापना हुनको लागि निर्वाचन, जेलनेल, रगत, पसिना सबै भोगेर सम्वतः सम्मानित सदनमा बस्नुहुने सबै पार्टीहरूको योगदानमा यो व्यवस्थाको स्थापना गरेको हो। त्यो नागरिकको हक, सूचनाको हक, कतै बाट कुण्ठित नहोस् , कतै बाट तपाईंको दिग्भ्रम नहोस् , कतै बाट त्यसमा खलल नपुगोस भनेर यो सामाजिक सञ्जाललाई नियमन गर्न परेको हो। यो सूचनाको हक कुण्ठित गर्नलाई होइन, यो नियन्त्रण गर्नलाई होइन। दोस्रो कुरा नागरिकको गोपनीयताको हक पनि छ नि। गोपनीयताको हक नागरिकहरूको पहिलो पुस्ताको हक हो। तर आज Social Media Platform हरूले जसरी नागरिकहरूको गोप्य कुराहरू सबै उधिनेको छ उसले। त्यसैले यो गोप्य कुराहरू हाम्रो नागरिकहरूको  हक तिमिले किन उल्लङ्घन गऱ्यौं भनेर हामीले त्यसलाई नियमन गर्ने ठाउँ छैन, दण्ड गर्ने कानुन छैन हामीसँग, त्यसलाई सजाय गर्ने कानुन छैन, गर्नु पर्छ त्यो। नागरिकको हक स्थापित गर्ने हो भने त्यो गर्नु पर्छ। त्यसको साथसाथमा हामीले अहिले प्रेस स्वतन्त्रता, वाक स्वतन्त्रता अहिलेको सन्दर्भमा जेजे भन्छौं हामी त्यसलाई कुण्ठित गर्ने हाम्रो मनसाय १ प्रतिशत पनि छैन। कही त्यस्तो हाम्रो शब्द, वाक्य त्यस्तो भएको छ भने त्यसलाई हामीले करेक्सन गरौंला। तपाईहरूलाई केही संख्या छ भने धेरै माननीयहरूले त हामीलाई आशीर्वाद नै दिएको छ भन्ने लाग्यो मलाई। तिमीहरूको दुई तिहाइ बहुमतको सरकार छ। तिमीहरूको सरकार भइरहन्छ कि क्याहो? तिमीहरूले हामीलाई नियन्त्रण गर्न ल्याएको हो, यो नियमनको नभएर सुलुत्त पसेर नियन्त्रण गर्न ल्याएको हो, यसो गर्न पाइँदैन। माफ गर्नुहोला हामी सबैलाई थाहा छ, यो ठाउँमा सधैं यो प्रतिनिधि सभाको रूपमा रहँदैन। अहिलेको सरकारको मन्त्री रहँदैन। फेरि अर्को पार्टीको मन्त्री आउन सक्छ। आजको प्रतिपक्ष भोलीको सत्तापक्ष, आजको सत्तापक्ष भोलीको प्रतिपक्ष हुन सक्छ। यो त कुन कसको विरुद्धमा लक्षित छ भन्ने होइन। यो बेथिति, यो अराजकता जे खालको कुराहरू हाम्रो हकहरूलाई कुण्ठित गर्ने, जे खालको काम भइरहेको छ, सभ्य समाजमा जसले, जुन कुराले, गतिविधिले दखल पुऱ्याइरहेको छ। न्यायपूर्ण समाजलाई जसले दखल पुऱ्याइरहेको छ समावेशी विकासलाई जसले दखल पुऱ्याइरहेको छ, त्यस माथिको नियमनको कुरा गरेको हामीले।

मलाई पत्रकार साथीहरूले सोध्नुभयो, एकदिन यही केहि अगाडि मन्त्रीज्यू तपाईंहरूले हामीहरूलाई बन्द गर्न खोज्नु भएको हो। बन्द गर्न खोजेको होइन, नियन्त्रण मात्र गर्न खोजेको होइन, नियमन गर्न खोजेको हो। फेरी तपाईहरूले चलाएको पत्रिकाको कुरा गरेको होइन। यो Social Media

Platform को कुरा हो। यो डिजिटल प्लेटफर्मको कुरा हो। जो विभिन्न देशबाट यहाँ आएर हामीलाई सताइरहेको छ। हाम्रो त Social Media Platform मा हाम्रो पात्रो कुन छ, त्यहीं मात्र होला सायद नेपालीले चलाएको। यति बुझेनौ हामीले। मलाई पनि धेरै बेरसम्म भ्रममा थिए यो सबै हो क्या हो भन्ने थियो। हाम्रो सम्पुर्ण मिडियाहरू मिडिया त मिडिया हो। उनीहरूको नियमन गर्ने संघ संस्था अर्कै बनाएको छ। त्यसकारणले यो फेरि यो त धनी देशले मात्र गर्ने कुरा यो त साह्रै बचकाना कुरा हो। बङ्गलादेशले गरी सक्यो, बङ्गलादेश धेरै धनी देश हो र? इन्डियाको जीडिपिको हिसाबले चौथो देश हो तर त्यो पनि धनी देश होइन अहिले पनि। Per Capita Income हाम्रो देशको हाराहारीमा होला, अलि अलि बढी होला त्यसको। त्यसको ३००० होला, हाम्रो १५०० होला। साउथ एसियामा धेरै देशहरूले गर्न लागि सक्यो। अफ्रिकाको देश हाम्रो देशको भन्दा कङ्गाल देशहरू हो। सबै देशहरू LDC (एलडिसी) मा छन्। ती देशहरू धेरै ठाउँहरूमा यो कुरा ल्याइसकेको छ। यो त आजको चुनौती होनि, Digital Platform चलाउने आजको तपाईंको सबै ठाउँमा रोक्न सकिंदैन। यो प्रयोग गर्नै पऱ्यो, नयाँ प्रविधि, नयाँ विकास हो। तर यो प्रयोग गर्दाखेरि सभ्य ढङ्गले गरौंन, अनुशासित ढङ्गले गरौंन, लोकतान्त्रिक ढङ्गले गरौंन, व्यवस्थित ढङ्गले गरौंन, समाजलाई कुनै नोक्सान नपार्ने गरि गरौंन।

एउटा संस्था वा व्यवसायको नाममा दुनियाँ समाजलाई भ्रष्ट बनाउन पाइँदैन सकिदैंन, तर छोड्न त सकिंदैन भन्न मात्र खोजेको हामीले। त्यसकारणले माननीयज्यूहरूले जेजे चिन्ता राख्नु भएको छ, अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुन्छ कि? यो सबै कुराहरू बिलकुल होइन, बिलकुल त्यस्तो हाम्रो मनसाय छदै छैन। हामीले अहिलेको समस्याहरू समाधानको लागि यो नियमन गर्ने कुरा हो, नियन्त्रण गर्ने पनि भनेको छैन। अनि हामीले गर्न नपाइने कुरा के-के भनेका छौं, हाम्रो समस्या के-के भनेको छौ भने देखि पहिलो कुरा नेपालको जुन सामाजिक सद्भाव छ, सामाजिक सद्भाव खलबलाउने काम कसैले गऱ्यो भने त्यो दण्ड सजायको भागी हुन्छ, भनेको हामीले, यो कुरा ठिक छैन भने हटाइ दिऊ। यो मुलुकमा जातीय द्वन्द्व ठिक छ, भन्न खोजेको हो भने जातीय द्वन्द्वतिर लागौं र जातीय द्वन्द्व फैलाउने कुरा अभिव्यक्ति स्वतन्त्रता हो भनेर मान्नु हुन्छ भने अभिव्यक्ति स्वतन्त्रतासँग त्यसलाई जोड्नु हुन्छ भने त्यो हामी स्वीकार गर्न सक्छौं? स्विकार्न सक्दैनौं। हाम्रो जुन खालको सांस्कृतिक सहअस्तित्व छ, हाम्रो सांस्कृतिक सहअस्तित्व भड्कियो भने, हाम्रो जातीय सद्भाव भड्कियो भने, हाम्रो क्षेत्रीय अखण्डता छ, जुन खालको एकता (Soladity) छ त्यो भत्कियो भने, के हुन्छ, मुलुक विखण्डित हुन्छ। मुलुक रहेन भने के हुन्छ, नियन्त्रण, नियमनको कुरा के रहन्छ? त्यसकारणले मुलुकको स्वाधीनता, मुलुकको स्वतन्त्रता, मुलुकको भौगोलिक अखण्डता र मुलुकको सांस्कृतिक, जातीय या राष्ट्रिय एकता कायम

गर्ने कुरामा Social Media Platform का माध्यमबाट कसैले त्यसलाई भत्काउने दुस्साहस गर्छ भने त्यो हाम्रो लागि सह्य हुँदैन। त्यो नियमन हुन्छ भनेको त्यो भन्दाखेरि हाम्रो अगाडि स्वतन्त्रताले त्यो भन्छ त? हाम्रो वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रता भनेर जे पनि लेख्न पाइन्छ र? पाइँदैन होला त? त्यसको पनि एउटा Norms, Value, Standard छ नि। मैले त्यहीँ निवेदन गर्न खोजेको तपाईहरूलाई। त्यसकारणले पहिलो नियमन गर्न खोजेको, नियन्त्रण गर्न खोजेको कुरा के छ, भन्दा यो सामाजिक सद्भावको भत्काउने खालको, जातीय द्वन्द्व फैलाउने खालको, सांस्कृतिक सहिष्णुता फैलाउने खालको, अझ सबैभन्दा महत्त्वपूर्ण कुरा धार्मिक सहिष्णुता यति सुन्दर देश हो हाम्रो। १० वटा भन्दा बढी धर्मावलम्बीहरू बसोबास गर्ने यो सानो मुलुक, त्यति धेरै मिलेर बसेको छ। आजसम्म धार्मिक द्वन्द्वको गन्ध छैन, जातीय द्वन्द्वको गन्ध छैन हाम्रो। फेरी अहिले संघीय लोकतान्त्रिक गणतन्त्रको कुरा धेरै अहिले म्यानेज गरिरहेका छौं हामीले। हामी सबैले मिलेर गरेको हो नि त्यो। त्यसकारणले यो चीजलाई भत्काउने कुरा सामाजिक सञ्जालको नाममा अभिव्यक्ति अभिव्यक्ति स्वतन्त्रता हो भन्न सकिन्छ? यो अभिव्यक्ति स्वतन्त्रताको कुरामा होइन। त्यसकारण यसलाई नियमन गर्नुपर्छ भनेको हो, पहिलो कुरा।

दोस्रो कुरा हामीले के भनेका छौ भने अहिले धेरै कुराहरू कस्तो छ भने अघि भन्नु भयो अर्काको आईडी चोरेर अनि फेक आईडी युज गरेको, कसले गरेको हो भन्दा खोज्ने हो भने पाउँदैन। अपराधपूर्ण कामहरू गरिराखेको छ, त्यसलाई रोक्ने कि नरोक्ने? त्यसको अभिव्यक्ति स्वतन्त्रता भनेर त्यसलाई छोडिराख्न मिल्छ? हाम्रो अभिव्यक्ति स्वतन्त्रता त्यो होइन। झुट कुरा गर्ने, ढाँट कुरा गर्ने, छलछामका कुरा गर्ने, चोरीका कामहरू गर्ने, हाम्रो लेखाइका माध्यमबाट, बोलाइका माध्यमबाट या अनलाइनका माध्यमबाट त्यो गर्न पाइन्छ? त्यो अभिव्यक्ति स्वतन्त्रता छ, पर्छ? पर्दैन होला। त्यो त अभिव्यक्ति स्वतन्त्रताको विपरीत पर्यायवाची शब्द होइन। त्यो अर्को शब्द हो। त्यसकारणले त्यसलाई हामीले अभिव्यक्ति स्वतन्त्रतासँग जोड्न मिल्दैन। त्यसैले अर्को कुरा ह्याक गरिदिन्छ, ह्याकिङ पनि गर्न नपाउने, ट्र्याकिङ पनि गर्न नपाउने भनेको हो। त्यो अभिव्यक्ति स्वतन्त्रतालाई अर्काको सही अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने कुरा हो। सही प्रेस स्वतन्त्रता, वाक स्वतन्त्रता कुण्ठित गर्ने कुरा हो। यो सबै कुरा अहिले हाम्रो जे अधिकार प्राप्त गरिरहेका छौं यो अधिकारलाई कुण्ठित गर्ने कुरा हो। Misinformation हुन्छ, Disinformation हुन्छ त्यो हाम्रो सूचनाको हकलाई कुण्ठित गर्ने कुरा होइन। हाम्रो प्रेस स्वतन्त्रता, वाक स्वतन्त्रता कुण्ठित गर्ने कुरा होइन। Misinformation दिन पाउँछ? पृथ्वी सुब्बा गुरुङले आज संसदमा देश बेच्ने कुराकानी गर्‍यो भनेर लेखिदिन्ध। त्यसलाई अब

हजारौं, लाखौं, करोडौंको फेसबुक वालमा त्यो पुगिसकेको हुन्छ। त्यो गर्न दिने कि नदिने? हैन त्यसको अभिव्यक्ति स्वतन्त्रता भन्न मिल्ने कि नमिल्ने? मिल्दैन भनेको सरकारले, त्यो अभिव्यक्ति स्वतन्त्रता भित्र पर्दैन। Misinformation पर्दैन, Disinformation पर्देन, Hacking पर्दैन, Tracking पर्दैन, अर्काको आईडी चोर्ने कुरा चोर हो। चोरी भर्सेस डेमोक्रेसी हो। डेमोक्रेसीको पर्याय चोरी होइन। त्यसकारणले त्यो पनि रोक्ने भनेको, हामीले नियमन गर्ने भनेको हो। सेकसटर्शन कुरा थाहा छ कि छैन, एक्सटर्शन कुरा तपाईहरूलाई थाहा छ, कि छैन? कसैले फोटो खिचिदियो या कुनै समयमा चोरेर खिचिदियो या कहिले कहिले मन मिलेको वेला खिचिदियो, अब त्यसलाई यति धेरै ब्लैकमेलिङ्ग गर्छ त्यसले, उसका सबै गोपनीय कुराहरू खोल्दिन्छ। कहाँ, के गऱ्यो भनेर सबै कुरा खोल्दिन्छ। त्यसले गर्दा के हुन्छ भने सेकसटर्शन हुन्छ। त्यो फोटोहरू, उसले भनेको भिडियो, अडियो देखाएर जहिले पनि उसलाई यौन शोषण गरिराखेको हुन्छ। नत्र भने बाहिर फैलाइदिन्छु भन्छ। आर्थिक शोषण गरिराखेको हुन्छ। यस्तो यस्तो दिक्क हुन्छ कि त्यो मान्छे डिप्रेशन, आत्महत्या तिर जान्छ। यो हाम्रो अभिव्यक्ति स्वतन्त्रता कुरा हो त? यो हाम्रो लोकतन्त्रको कुरा हो? सूचनाको हक या गोपनीयताको हकको कुरा हो? त्यसकारणले गर्दाखेरि सेकसटर्शनको विरुद्ध या एकसटर्शनको विरुद्धमा पनि हामीले नियमन गर्नुपर्छ। त्यो हाम्रो लोकतन्त्रको पक्ष भित्र पर्दैन, त्यो हाम्रो अभिव्यक्ति स्वतन्त्रताको पक्ष भित्र पर्दैन। त्यो हाम्रो सूचनाको हक भित्र पर्दैन। त्यो वाक स्वतन्त्रता, प्रेस स्वतन्त्रताको मापदण्ड भित्र पर्दैन भन्ने कुरा हामी सबैले बुझ्नुपर्छ। त्यति धेरै ठाउँहरू छन् हैन। त्यसकारणले यो सबै चीजलाई नियमन गर्न ल्याएको यो विधेयक।

होला अब दोस्रो उसमा जान्छु, यो नियमन कसले गर्ने भन्ने कुरा पश्न उठ्न सक्छ, हामीले अहिले प्रस्ताव गरौं हाम्रो विभागले केहि गर्दाखेरि हुन्छ कि? विभाग पछि उसमा पुगेन भने त अदालतमा जान पाइहालिन्छ, हामी जनताको अधिकार छदै छ। फेरी त्यो काम गर्दाखेरि उसलाई पहिला सफाइ दिने अधिकार उसलाई हामीले दिएका छौं। हरेक ठाउँमा, बुँदामा हुन्छ। कहीँ त्यो मिस्टेकली गएको छ, भने हामीले त्यो राख्न सकिहाल्छौं त्यो कुरा। त्यसकारणले अब नियमन गर्ने भएपछि जसले यी अपराधहरू गरिरहेका हुन्छन्, गल्तीहरू हुन्छन्, त्यो नियमनको सीमा भित्र पर्छ। छलफल चलाउन सकिन्छ बरू दण्ड धेरै भयो भन्न सकिएला, सजाय धेरै भयो भन्न सकिएला तर सजाय गर्न हुन्न भन्ने कुरा गलत कुरा हो। लोकतन्त्र बचाउने हो। हाम्रो गुड गोभर्नेस ल्याउने हो, विकास गर्ने हो। मुलुकलाई समृद्धिमा पुऱ्याउने हो भने यो हाम्रो समाजमा धमिराको रुपमा भएको सामाजिक प्लेटफर्मलाई नियमन गर्नै पर्छ। तिनिहरूले हाम्रो देशमा आएर रजिस्टर हुनैपर्छ। रजिस्टर भएपछि Point of Contact

तोक्नैपर्छ। Point of Contact तोक्दाखेरि हामीलाई के फाइदा हुन्छ भने Point of Contact तोकेपछि उनीहरूको कन्टेन्टमा जे, जे चीजहरू हामीले यो भनेको कुराहरू देश विरुद्ध कुराहरू, लोकतन्त्र विरुद्ध कुराहरू, व्यक्तिको हक अधिकार विरुद्धका कुराहरू जब त्यसले सम्प्रेषण गर्न थाल्छ, त्यो कन्टेन्ट हटाउ भन्न पाउँछौं हामीले उनीहरू हामीसँग दर्ता भयो भने, Point of Contact तोक्यो भने। मोडरेशनको अधिकार या फिल्ट्रेशनको अधिकार कन्टेन्टको हामीले यहाँ नै राखेका हुन्छौं र उनीहरूले यत्रो धेरै अरबौं सम्पत्ति कमाएपछि हाम्रो देशलाई केही न केही दिनु परेन उनीहरूले। त्यसकारणले हामीले टिकटक खोल्ने बेलामा मैले भनेको थिए रजिस्टर गर, रजिस्टर भए उनीहरू। Point of Contact तोक Point of Contact तोके उनीहरू। उनीहरूको वालमा केही न केही तल माथि हुने बित्तिकै हामीले Point of Contact लाई भन्छौं। त्यो फलाना शब्द हटाउ, फलाना वाक्य हटाइदेउ। तिमीले त्यो चाहिँ आपत्तिजनक छ, हाम्रो मापदण्ड विपरीतको कुरा छ भनेपछि उनीहरू हटाई राखेका हुन्छन्। त्यसको कन्ट्रोल या नियमन त्यो कन्टेन्टको त्यस्तो गर्दाखेरि अझै पनि घटी राखेको हुन्छ। यो एकदमै निर्वाद रूपले भयङ्कर रुपमा चलाउन पाउनेहरूले के गरेको होला, समाजमा कति धेरै असर पारेको होला भन्नुस् त? त्यो साइबर क्राइम कति ठुलो छ।

म एउटा मात्र उदाहरण भन्छु। त्यो तपाईंको ई.स. २०२३/२४ सालको देउ त भनेर पुलिसको साइबर ब्यूरोसँग मागेको थिए। त्यो वर्ष १९७३० वटा उजुरीहरू परेका छन्। उजुरी नपरेर पीडित भएका त कति छन् कति छन्। त्यो भन्दा धेरै गुना बढी। तर असह्य भएर धेरैले उजुरी दिएका छन् पुलिसमा कारबाही हुन्छ भनेर र पुलिसमा स्पष्ट कानुन छैन पुलिस प्रशासनमा त्यसै भएर हाम्रो साइबर क्राइमको यो भित्र प्रहरीलाई या अर्को गृहलाई, सबैलाई हामीले कम्बाइण्ड गरेर राखेका हुन्छौं। विद्युतीय कारोबार ऐन, २०६३ को त्यसले कुनै कुरा कभर नै गर्दैन। धेरै अपराधीहरू उसले थाहा पाएको हुन्छ तर समात्ने ठाउँ नै छैन। अपराधीलाई नियन्त्रण गर्नु त हाम्रो लोकतन्त्रको कुरा होला नि? जनताको हितको कुरा होला नि? समाजको हितको कुरा होला नि? राज्यको दायित्व होला नि त्यो? यो सबै कुराहरू हामीले यो कुरा गर्ने भनेको। त्यसकारणले गर्दाखेरि पो विभिन्न तस्विर, अडियो, भिडियो मार्फत शेअर गर्न नहुने सबै यस्तै यस्तै भनिएको। यस्तो गरियो भने फिसिङ गर्ने, अगि एक जना माननीयले भन्नु भयो सुरुमा बोल्ने माननीयले भन्नु भयो केही कुराहरू अष्ट्रेलियाले १६ वर्षभन्दा तलको बाबु नानीले फेसबुक चलाउन नपाउने भनि किन प्रतिबन्ध लगायो। कानुन बनायो किन? न्युजिल्यान्डले किन बनाउनु पऱ्यो कानुन? म्यानमारमा के समस्या भयो थाँहा छ? यो फिसिङबाट या डिफेमबाट बदनाम गर्ने हुन्छ नि अथवा अर्कालाई दुर्नाम गर्ने। त्यहाँको बर्मनहरूले रोङ्गीहरूको

अल्पमत मुस्लिमहरूको विरुद्धमा यति धेरै डिफेमिङ गरे , यति धेरै फिसिङ गरे , साह्रै ठुलो अपराधका घटनाहरू घट्न थाल्यो। रोङ्गीहरूको थुप्रै मान्छेहरू मर्न थाले त्यहाँ यस्तो कानुन ल्याउन परेको हो। युकेको कुरा सुन्नु भएको होला तपाईहरूले  बुलिङबाट के समस्या भयो, फिसिङबाट के समस्या भयो, स्कूलका बच्चाहरू स्कूलबाट फर्किन पाको छैन आत्महत्या गर्न थाल्यो। दिनभरि क्लासमा बस्दैन त्यो बुलिङ हेरेर बस्छ , त्यो फिसिङ हेरेर बस्छ। यो सबै कुराहरू गर्न दिने भनेको हो त हामीले? नियन्त्रण हुन्छ यो अरूले बोलेको कुरा नियन्त्रण हुन्छ। यो सबै कुरा छाडा छोड्न मिल्छ? मिल्दैन। के कुरा नियन्त्रणको कुरा हो, के कुरा नियमनको कुरा हो, के कुरा स्वतन्त्रताको कुरा हो? भन्नेकुरा हामीले छुट्याउनु पर्‍यो। त्यहीँ ठाउँमा छौं। त्यसकारण यो संसदले पानीको पानी, दूधको दूध छुट्याउन पर्छ। त्यो छुट्याएर तपाईंको यो राम्रो, बलियो ऐन बनाउने कुरामा चाहिँ सम्मानित सदनको माननीय सदस्यहरूको ध्यान जान्छ भन्ने कुरा मैले आशा लिएको छु। त्यसकारणले अब धेरै कुराहरू हामी करेक्सन गर्न सकौँला त। किनभने यो सम्मानित सदनमा आएको छ। मैले नै जारी गरेर हुने भए त उहिले नै जारी गरिसकेको हुन्थे। त्यसकारण यो यस सम्मानित सदनमा आएको छ , त्यसकारण हामी छलफल गरौंला नि। कुन कुन साह्रै धेरै तपाईंको हाम्रो सबैलाई धेरैलाई यो साह्रै नियन्त्रणमुखी भयो। यो साह्रै सजाय धेरै भयो, दण्ड धेरै भयो, जरिबाना धेरै भयो भन्ने लाग्यो भन्ने हामी छलफल गरेर एउटा निष्कर्षमा पुग्न सक्छौं नि। यो यतिको लाई यति धेरै नबनाउँ। यसमा थप फेरि सञ्चालकहरू एउटा कुरा हो, मेटा एउटा कुरा हो। मेटाको फेसबुक या Messenger या WhatsApp या Instagram हरू प्रयोगकर्ता पनि छन् नि त। अनि सञ्चालककर्ता र प्रयोगकर्तालाई उस्ताउस्तै गर्ने कि अलि अलि फरक पार्ने त्यसमा छलफल गर्न सक्छु म। त्यसमा म बस्न तयार छु तपाईंहरूसँग। सञ्चालक र प्रयोगकर्तालाई केही दण्ड सजाय अलि अलि तल माथि हामीले अहिले एउटै लेवलमा लिएका छौं। किनभने त्यसको पनि मिस्टेक हुन्छ। कतिपय साथीहरू भुलेर लाईक गर्दिन्छ कि या भुलेर डिसलाईक गरिदिन्छ कि भन्ने पनि छ हैन। त्यसको लागि हामीले क्यापियन पनि चलाउनु पर्छ। Awareness Program पनि चलाउनु पर्छ। त्यसो गर्‍यो भने त्यो पनि हुँदैन। त्यसकारण जसले गरेको हुन्छ जानीजानी कुनियतवश, नियतवश गरेकै हुन्छ। हो त्यस्तो कुनियतवालाहरूलाई नियन्त्रण र नियमन गर्न खोजेका हो हामीले। त्यो सारा चीजहरू त्यसकारणले धेरै ठाउँमा युरोपमा, फ्रान्समा अस्ति भर्खरै बन्द गरिराखेका छन्। जरिवाना गरिराखेका छन् उनीहरूलाई। यो दुनियाँ भरको कुरा छ नि यो। अर्को कुरा छ तपाईंको आईटीको कुरा गर्दाखेरि २/३ वटा प्रोब्लम संसारभरि फैलिएको छ। एउटा साइबर क्राइमको, एउटा डिजिटल प्लेटफर्महरूलाई नियमन गर्ने कुराको, अर्को डिजिटल डिभाइस एकदमै धेरै बढ्दै गयो, डरलाग्दो सँग बढ्दै गयो। धनी र गरिबको बीचमा या LDC र अरू

developed country हरूको बीचमा या LLDC भन्छौं नि हामीले landlocked country र developed country को बीचमा उनीहरूलाई पनि हामीले Infrastructure भएन भने त्यो साइबरहरू भएन भने, हामीले त साइबर सुरक्षितको लागि, Connectivity सुरक्षितको लागि Fiber Connection को लागि समुद्रको पिदबाट नेपालमा ल्याउनु पऱ्यो रक्सौलमा। या समुद्रको किनारबाट तातो पानी या किमाथाङ्गा ल्याउनु पऱ्यो भने चीनले या भारतले हामीलाई बाटो दिनुपर्छ कि पर्दैन? त्यसकारणले साइबर खाली ट्रेड या ट्रान्जिटमा मात्रै होइन। साइबर यो Fiber Connectivity मा पनि Landlocked Country ले आफ्नो अधिकार पाउँनु पऱ्यो र दिनु पऱ्यो हाम्रो छिमेकीहरूले भनेका छौं हामीहरूले।

अस्ति हामीहरूले त्यो कुरा राखेका छौं। त्यो कुरा हाम्रो आईटीको Organizer समितिले समग्र गरेर Group of 77 मा जहाँ १३४ वटा Developing Country हरू छ, जसको अब हामी member पनि हो अब २०२६ देखि त्यहाँ हाम्रो कुराले ठाउँ पाएर त्यसको लागि जानुपर्छ। यो पनि प्रोब्लम छ, यो क्षेत्रको त्यसकारणले गर्दाखेरि हाम्रो आफ्नै सैटेलाइट हुनुपर्छ। आ-आफ्नै सैटेलाइट हुनुपऱ्थो भन्ने छ। किनभने त्यो सबै घरघरमा पुऱ्याउने भन्ने कुरा त हाम्रो फाइबर बिछ्याएर गयो पहिरो गइदिन्छ अब भत्किन्छ फेरि पनि समस्या हुन्छ। फाइबर बिछ्याएर गयो खोलाले बगाइदिन्छ, किनारमा लग्यो खोलाले बगाइदिन्छ। फाइबर बिछ्यायो अनि के हुन्छ, सडक बनाउने भन्यो डोजरले स्वात्त भत्काइदिन्छ। त्यसकारणले त्यसको अतिरिक्त त्यो भन्दा अझ फाइबर पनि पुऱ्याउने तर माथि आफ्नै सैटेलाइट भयो भने उसले सबै ठाउँमा उसले कभरेज गर्छ। त्यसकारणले Fiber Connectivity को ठाउँमा Satellite Connectivity ले हाम्रो त्यो कुरालाई अझ सुनिश्चित गर्छ भन्ने पनि छ नि त। त्यसकारणले हामीले भनिराखेको छ International Forum हरूले आफ्नै Satellite बनाउनु पर्छ। धेरै जस्तोले आफ्नो Satellite बनाइराखेको छ। आफ्नो AI को Policy बनाइराखेको छ। आफ्नो IT, Digital Platform को नियमनको Policy बनाइराखेको छ। ऐन, कानुन बनाइराखेको छ। हामीले त्यसैको कार्यक्रम अहिले तीन वटा अनलाइन मिडियाहरूको नियमनको लागि Media Council , Digital Platform को नियमनको लागि हामीले Social Media विधेयक र साइबर क्राइम जुन छ साइबर क्राइमका साथसाथमा त्यो Opposite Parallelly मा गइराखेको हुन्छ त्यसकारण Cyber Security पनि। त्यसकारण Cyber Security and IT विधेयक हामीले प्रतिनिधि सभामा पेश गरेर त्यहाँ छलफल भयो। अब समितिमा गइसक्यो। किनभने आईटीको बारेमा अहिलेसम्म ऐन छैन, सूचना प्रविधिका बारेमा अहिलेसम्म ऐन छैन। सूचना प्रविधिको बारेमा कारखाना खोल्न पर्ने होला। त्यसको सामानहरू उत्पादन गर्ने या उद्योगहरू चलाउनु पर्ने होला या कम्पनीहरू चलाउनु पर्ने होला या व्यवसायहरू

गर्नुपर्ने होला, कुनै रिसर्चहरू गर्नुपर्ने होला त्यसको हाम्रो कानुन नै छैन अहिलेसम्म। त्यसकारणले त्यो सँग जोडेर साइबर सेक्युरिटी क्राइम, साइबर क्राइमलाई नियन्त्रण गर्ने। त्यो त नियन्त्रण हो। नियमन होइन साइबर क्राइम, त्यो क्राइम हो। त्यसकारणले गर्दाखेरि साइबर क्राइमको नियन्त्रणका लागि साइबर सेक्युरिटी विधेयक हामीले ल्याएका छौं। यो डिजिटल प्लेटफर्महरूको नियमनको लागि Social Media Regulation विधेयक ल्याएका छौं। AI को प्रयोग कसरी गर्ने AI Policy पास गरिसकेको छौं। Satellite को Policy हामीले ल्याउँदै छौं। अब अरू Drone Policy पनि ल्याउनु पर्नेछ। ड्रोनहरू यति धेरै नेपालमै बनाउन सक्नुपर्छ। १७/१८ करोड भयो भने सानो सानो ड्रोन उत्पादन गरी कारखानाहरू चीनबाट त्यो प्रविधि आइहाल्छ। त्यसले हाम्रो कृषिमा, शिक्षामा, स्वास्थ्यमा धेरै सामान ओसारपसार गर्ने कुरा गुड गभर्नेसमा धेरै योगदान, (Contribution) गर्ने। साना-साना उद्योगहरूमा धेरै काम लाग्ने। हाम्रो त्यो हुलाक सेवामा काम लाग्ने, Fast Track मा जाने कुराहरू सस्तोमा। त्यसकारणले सबै यो सेक्टरको यति धेरै व्यवस्थापन गर्न जरुरी छ।

यसलाई कसरी व्यवस्थापन गर्ने होला, यसमा मन्त्रालयलाई कसरी सहयोग गर्न सक्छौं। मन्त्रालयबाट तल माथि ल्याएर त्यसलाई करेक्सन गर्नुहोला, आलोचना गर्नुहोला, टिप्पणी गर्नुहोला त्यसमा आजसम्म केही न केही राख्नु भएको छ त्यो कुराहरू मेले तपाईंहरूको आलोचना सहर्ष स्विकार्छु। त्यसलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरामा छलफल गरेर एउटा निष्कर्षमा पुर्‍याउँछौं। त्यसकारणले त्यसको नियमन गर्ने निकाय के हुनसक्छ भन्ने कुराको छलफल हुनसक्छ हाम्रो। छलफल गरौंला। अब दफावार छलफलमा जाँदाखेरि धेरै दफा, दफामा छलफल होला नि त हाम्रो हैन? हाम्रो नियत यो छैन कि हामीले जे ल्यायो त्यहीँ पास गरौं भन्ने नि छैन। कसरी यो नयाँ खालको विधेयक हो। नयाँ खालको विधेयक भएपनि कसरी सुदृढ बनाउन सकिन्छ? कसरी यसलाई व्यवस्थित बनाउन सकिन्छ? कसरी धेरैभन्दा धेरै व्यवहारिक बनाउन सकिन्छ? कसरी यो कार्यान्वयनमुखी बनाउन सकिन्छ? कसरी यो हाम्रो तपाईंको अभिव्यक्ति स्वतन्त्रता Right to Expression, Right to Speech, Right to Right to Writing भन्ने पनि होला। त्यसलाई कसरी कन्ट्रोल गर्न सकिन्छ। गोपनीयताको हकलाई कसरी सुदृढ गर्न सकिन्छ र सूचनाको हकलाई कसरी सुदृढ गर्न सकिन्छ। यही विषयसँग जोडिएका छन् यी कुराहरू, यो समाजमा असरहरू फैलिएका छन्। यसकै कारणले फैलिएको, अशान्ति, हत्या, हिंसा, लूटपाट, ढाँट, छल यो सबैलाई कसरी नियमन गर्न सकिन्छ? भन्ने सम्बन्धमा हामीले एउटा प्रस्ताव यो विधेयक यहाँ ल्याएका छौं। माननीयज्युहरूले अझ यसमा धेरै महत्त्वपूर्ण विचारहरू राख्नु भएको छ। त्यसैले म यसको केही थिमेटिक विषयहरूमा, केहि महत्त्वपूर्ण विषयमा थोरै मैले

आफ्नो भनाइहरू राखें। तपाईंहरूको सबै कुरा हेरेर टिपोट गरेको छु, त्यसको सारांश मैले केहि केहि आफ्नो भनाइहरू राखें। अब यो समितिमा पठाएर हामी दफावार छलफलमा पनि लामो छलफल हुनेछ भन्ने आशा लिन्छु। र सामाजिक सञ्जालको सञ्चालन, प्रयोग र नियमन गर्ने विधेयक एकदमै चाँडै चाहिएको छ। यति धेरै समस्यामा पारिसकेको छ यसले। अरबौं रुपैयाँ नोक्सान भएको छ। यति बुझ्नुस् कि तपाईहरूले अहिले IT platform हरू या IT industryहरू चलाएर यो वर्ष मात्रै झण्डै ८०० मिलियन पैसा IT Industry बाट Entrepreneur हरूले पेसेको उसको knowledge, उसको Innovation झण्डौझण्डै ८० करोड अमेरिकी डलर भनेको हिसाब गरौ न नेपाली कति हुन्छ। १ खरब त नाघ्यो हैन? अनि अब १६०० पुऱ्याउनु पर्छ भनेका छौं हामीले यो वर्ष। 1.5 percent Digital Economy Contribution आजसम्म भन्ने छु हाम्रो यो वर्ष मात्रै 5.5 percent बढाउने भनियो। 2 percent भनेको ६५ खर्बको 2 percent हिसाब गर्नुहोस् त कति हुन्छ? त्यति त पुऱ्याउनु पर्छ हामीले। त्यो सबै पुऱ्याउनका लागि यसको व्यवस्थापन, नियमन जरुरी छ, यो क्षेत्रको। त्यसकारणले यो कानुन ल्याएको। त्यसकारणले माननीयज्यूहरू यति कुरा राखेर सम्माननीय सभामुख महोदय, मलाई बोल्न समय दिनुभयो यो सामाजिक सञ्जालको प्रयोग र नियमन गर्ने विधेयक बल्ल आज सैद्धान्तिक छलफलमा ल्याउने काममा सचिवालयबाट महत्त्वपूर्ण भूमिका निर्वाह गरि दिनुभयो। यसका लागि यहाँहरूप्रति आभार व्यक्त गरेर सम्पूर्ण माननीय सदस्यहरूलाई भाव, धारणा राख्नु भएको छ। उहाँहरूलाई म धेरै धेरै सम्मान व्यक्त गर्न चाहन्छु। आभार व्यक्त गर्न चाहन्छु, उहाँहरूको गहनीय विचारका लागि र यो विधेयकलाई चाँडो भन्दा चाँडो एउटा समृद्ध खालको विधेयक बनाऔं।

र यो क्षेत्रको जे खालको बेथिती छ, यसलाई नियमन गरौं। किनभने थप एक वाक्यमा अस्ति यहाँ भदौं १५ हो कि कहिले को हो तिनकुनेको घटना हुने बेलामा डिजिटल प्लेटफर्मले ठुलो भूमिका निर्वाह गरेको छ। त्यसमा फेसबुकको साह्रै ठुलो भूमिका छ। हाम्रो सेटोपाटी अनलाइन डट कमको होइन रातोपाटी अनलाइन डट कमको होइन। फेसबुक यति धेरै दुरुपयोग गरे तिनीहरूले त्यसका माध्यमबाट हाम्रो व्यवस्थाको विरुद्धमा लागे, फेरि पनि हामीले अधिकार छोडी दियौं। अभिव्यक्ति स्वतन्त्रताको अधिकार, यो भेला हुने अधिकार, जुलुस निकाल्ने अधिकार, हामीले छोडेकै छौं। तरपनि चुनौती त खडा गऱ्यो नि त्यसले पनि भ्रम त सिर्जना गऱ्यो यो सरकारले यस्तो गरेको छ, पुराना पार्टीले यस्तो गरेको छ। हाम्रो बारेमा काफी भ्रम फैलाएर Misinformation, Disinformation, Defect, Hacking, आदि सबै भयो नि। त्यसले गर्दा जुन खालको समस्या सिर्जना गऱ्यो। यस्तो चीजहरूले समाजको अग्रगतिमा हामीलाई सघाएको छैन। त्यसलाई नियमन नगरीकन नहुने भएको हुनाले हामीले

यो विधेयक ल्याएका छौं। त्यसैले सम्माननीय सभा अध्यक्ष मार्फत् सबै माननीय सदस्यहरूलाई धन्यवाद दिएर, अध्यक्षज्यूलाई धन्यवाद सहित आफ्नो मन्तव्य टुङ्ग्याउन चाहन्छु। धन्यवाद।

(१६:३९ बजे) <u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्यहरू सामाजिक सञ्जाल विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव माथिको छलफल यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब सामाजिक सञ्जाल विधेयक, २०८१ माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरू "हुन्न" भन्नु होला।हुन्न" भन्ने आवाज सुनिएन तसर्थ सामाजिक सञ्जाल विधेयक २०८१ माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्व सम्मतले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू सामाजिक सञ्जाल विधेयक २०८१ माथि संशोधन प्रस्ताव राख्न चाहनु हुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने बेहोरा जानकारी गराउँदछु। माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल भदौं ६ गते शुक्रबार अपरान्ह १२:१५ मिनेटमा बस्नेगरी यो बैठक यहीं स्थगित हुन्छ।

(तदनन्तर अर्को बैठक २०८२ साल भदौं ६ गते शुक्रबार अपरान्ह १२ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित भयो।)

**स्थगितः१६:४१ बजे।**